# गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र: २०७९–२०८७

# SDG Localization Roadmap of Gandaki Province: 2022-2030




प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

असार, २०७९

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल



## शुभकामना मन्तव्य

नेपालको संविधान र दिगो विकास लक्ष्य दुवैले 'विकास' लाई 'मानव केन्द्रित' अवधारणाबाट हेरेका छन् । पृथ्वीको धान्न सक्ने क्षमताको सीमाभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका हो दिगो विकास लक्ष्य । पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी दिगो विकास लक्ष्यका पाँचवटा स्तम्भहरु हुन । दिगो विकास लक्ष्य हासिल गर्न तीन तहका सरकारको सहकार्य अपरिहार्य छ । स्थानीय तहले सञ्चालन गर्ने क्रियाकलापहरु दिगो विकास लक्ष्य हासिल गर्ने दिशातर्फ लक्षित हुनु आवश्यक भएता पनि यसको लागि अनुकुल वातावरण बनाउन सकिएको छैन । दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले खेल्नु पर्ने भूमिकालाई आत्मसात् गरी गण्डकी प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०२२-२०३० (२०७९-२०८७) तयार भएकामा मलाई ज्यादै खुसी लागेको छ ।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले तय गरेको दीर्घकालीन सोच '*समृद्ध प्रदेश र सुखी नागरिक*' हासिल गर्न र '*कसैलाई पनि पछाडि नछोडौं*' भन्ने दिगो विकास लक्ष्यको विश्वव्यापी संकल्प पूरा गर्न यस मार्गचित्रले सहयोग गर्ने अपेक्षा लिएको छु । दिगो विकास लक्ष्य हासिल गर्न नेपाल सरकारले लिएको राष्ट्रिय संकल्पलाई सहयोग गर्न गण्डकी प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटको आवश्यक व्यवस्थापन गरी सबै सरोकारवालाहरुसँग समन्वय, सहकार्य र साझेदारी गर्दै यसका परिमाणात्मक लक्ष्यहरु हासिल गर्नेतर्फ पहिलो प्राथमिकता रहने प्रतिवद्धता व्यक्त गर्दछु । दिगो विकास लक्ष्यको स्थानीयकरण बिना राष्ट्रिय लक्ष्य हासिल गर्न कठिन हुने हुँदा गण्डकी प्रदेश अन्तर्गतका ८५ वटै पालिकाहरुमा यस सम्वन्धी अभिमुखीकरण र जागरण अभियानको थालनी गरिनेछ । दिगो विकास लक्ष्यका सूचक तथा प्राथमिकता निर्धारण गरी त्यसलाई हासिल गर्न स्थानीय तहका नीति, कार्यक्रम र बजेट केन्द्रित गर्ने तर्फ सहजिकरण गरिनेछ । स्थानीय तहहरुलाई दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोगहरु उपलब्ध गराई कार्यान्वयनमा जोड दिइनेछ, साथै अनुगमनका लागि संस्थागत संरचनालाई थप प्रभावकारी बनाइनेछ ।

अन्त्यमा, दिगो विकास लक्ष्य मार्ग चित्र २०२२-२०३० (२०७९-२०८७) तयार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, सदस्यद्वय डा. सुवास अधिकारी र श्री माया तिम्सिना, आयोगका सम्पूर्ण कर्मचारीहरु, विशेष सहयोग गर्ने मन्त्रालयका सचिव, मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने विषय विज्ञ र अन्य सरोकारवालाहरु, प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) तथा युरोपियन युनियनको सहयोगमा राष्ट्रिय योजना आयोगद्वारा सञ्चालित दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजना लगायत सबै सरोकारवाला निकायहरुलाई धन्यवाद् व्यक्त गर्दछु ।

२०७९ कात्तिक

कृष्णचन्द्र नेपाली पोखरेल

## प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
## गण्डकी प्रदेश, पोखरा

प.सं. २०७९/८०

च.नं.

## भूमिका



विश्वव्यापी र रुपान्तरणकारी प्रतिवद्धता स्वरुप कसैलाई पनि पछाडि नछोडौं भन्ने नै दिगो विकास लक्ष्यको मूल एजेन्डा हो । विकास र यसका प्रतिफलको यथोचित वितरण तथा विकासमा दिगोपना हासिल गर्नुलाई दिगो विकास लक्ष्यको उद्देश्य मानिएको छ । समृद्धि प्राप्त गर्ने, पृथ्वीमा रहेका प्राकृतिक स्रोतसाधन र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने, सबै प्रकारको गरिबी र भोकमरीको अन्त्य गर्ने, शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण गर्ने, सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्नु दिगो विकासका पाँचवटा स्तम्भहरू हुन ।

प्रदेश सरकारले लिएका दीर्घकालीन लक्ष्य 'समृद्ध प्रदेश र सुखी नागरिक' सँगै प्रदेश सरकारका योजना, नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यहरूलाई एकीकृत गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्यका राष्ट्रिय आवश्यकता तथा भावी कार्ययोजना (सन् २०१६-२०३०) ले तय गरेका ४७९ वटा दिगो विकास लक्ष्यका सूचकहरूमध्ये गण्डकी प्रदेशका लागि २६४ वटा सूचकहरू सान्दर्भिक छन् । यी सूचकलाई कार्यान्वयनमा लैजानका लागि सबै तहका सरकारमा नतिजामूलक सहकार्य अत्यावश्यक देखिन्छ। त्यसमा पनि दिगो विकास लक्ष्य हासिल गर्नका लागि स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। तर स्थानीय तहलाई दिगो विकास लक्ष्यको कार्यान्वयनमा योजनावद्ध ढंगबाट क्रियाशिल बनाउन सकिएको छैन । यसतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार र स्थानीय तहले आफ्ना योजना, नीति, कार्यक्रम र बजेटलाई दिगो विकासमैत्री बनाउदै लैजानु पर्दछ । यसै अनुरुप गण्डकी प्रदेशले सबै स्थानीय तहलाई दिगो विकासमा आधारित कार्य अघि बढाउन अभिप्रेरित र सशक्तिकरण गर्नुका साथै प्रदेश सरकारका आफ्ना क्रियाकलापलाई त्यसैतर्फ लक्षित गर्नुपर्ने छ। यसका लागि नीति तथा योजना आयोगले स्थानीयकरणको मार्गचित्र तयार पारेको छ ।

यस मार्गचित्र तयार गर्नका लागि माननीय मुख्यमन्त्रीज्यूले प्रदान गर्नु भएको उत्प्रेरणाका लागि उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यहरू डा. सुवास अधिकारी र माया तिम्सिनाप्रति आभार व्यक्त गर्दछु । नीति तथा योजना आयोगका सचिव लगायत अन्य कर्मचारीहरू, प्रमुख सचिव, प्रदेशस्तरीय विषयगत मन्त्रालयका सचिवहरू तथा अन्य कर्मचारीहरू, यस कार्यमा सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र युरोपियन युनियनको सहयोगमा राष्ट्रिय योजना आयोगअन्तर्गत सञ्चालित दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनाका राष्ट्रिय कार्यक्रमका प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी यो दस्तावेज तयार पार्ने कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने डा. हेमराज लामिछाने र श्री प्रेम दवाडीलाई विशेष धन्यवाद् दिन चाहन्छु ।

अन्त्यमा, गण्डकी प्रदेश सरकारको २०७९, असोज २६ को निर्णयसँगै लागू भएको गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, २०२२-२०३० (२०७९-२०८७) को सफल कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै सहकारी तथा निजी क्षेत्रको समेत सहयोगको लागि अनुरोध गर्दछु। सम्बद्ध सबैको सहयोग प्राप्त भई यस मार्गचित्रबमोजिमका लक्ष्यहरू हासिल गर्न गण्डकी प्रदेश सक्षम हुनेमा पूर्ण विश्वास व्यक्त गर्दछु ।

**डा. रघुराज काफ्ले**
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोनः- ०६१-४६४८४१, ईमेलः- pppcgandaki@gmail.com, Website:- ppc.gandaki.gov.np

# भूमिका

विश्वव्यापी र रुपान्तरणकारी प्रतिवद्धता स्वरुप कसैलाई पनि पछाडि नछोडौं भन्ने नै दिगो विकास लक्ष्यको मूल एजेन्डा हो । विकास र यसका प्रतिफलको यथोचित वितरण तथा विकासमा दिगोपना हासिल गर्नुलाई दिगो विकास लक्ष्यको उद्देश्य मानिएको छ । समृद्धि प्राप्त गर्ने, पृथ्वीमा रहेका प्राकृतिक स्रोतसाधन र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने, सबै प्रकारको गरिबी र भोकमरीको अन्त्य गर्ने, शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण गर्ने, सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्नु दिगो विकासका पाँचवटा स्तम्भहरू हुन ।

प्रदेश सरकारले लिएका दीर्घकालीन लक्ष्य **"समृद्ध प्रदेश र सुखी नागरिक"** सँगै प्रदेश सरकारका योजना, नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यहरूलाई एकीकृत गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्यका राष्ट्रिय आवश्यकता तथा भावी कार्ययोजना (सन् २०१६-२०३०) ले तय गरेका ४७९ वटा दिगो विकास लक्ष्यका सूचकहरुमध्ये गण्डकी प्रदेशका लागि २६४ वटा सूचकहरू सान्दर्भिक छन् । यी सूचकलाई कार्यान्वयनमा लैजानका लागि सबै तहका सरकारमा नतिजामूलक सहकार्य अत्यावश्यक देखिन्छ । त्यसमा पनि दिगो विकास लक्ष्य हासिल गर्नका लागि स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । तर स्थानीय तहलाई दिगो विकास लक्ष्यको कार्यान्वयनमा योजनावद्ध ढंगबाट क्रियाशिल बनाउन सकिएको छैन । यसतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार र स्थानीय तहले आफ्ना योजना, नीति, कार्यक्रम र बजेटलाई दिगो विकासमैत्री बनाउदै लैजानु पर्दछ । यसै अनुरुप गण्डकी प्रदेशले सबै स्थानीय तहलाई दिगो विकासमा आधारित कार्य अघि बढाउन अभिप्रेरित र सशक्तिकरण गर्नुका साथै प्रदेश सरकारका आफ्ना क्रियाकलापलाई त्यसैतर्फ लक्षित गर्नुपर्ने छ। यसका लागि नीति तथा योजना आयोगले स्थानीयकरणको मार्गचित्र तयार पारेको छ ।

यस मार्गचित्र तयार गर्नका लागि माननीय मुख्यमन्त्रीज्यूले प्रदान गर्नु भएको उत्प्रेरणाका लागि उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यहरू डा. सुवास अधिकारी र माया तिम्सिनाप्रति आभार व्यक्त गर्दछु । नीति तथा योजना आयोगका सचिव लगायत

अन्य कर्मचारीहरू, प्रमुख सचिव, प्रदेशस्तरीय विषयगत मन्त्रालयका सचिवहरू तथा अन्य कर्मचारीहरू, यस कार्यमा सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र युरोपियन युनियनको सहयोगमा राष्ट्रिय योजना आयोगअन्तर्गत सञ्चालित दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनाका राष्ट्रिय कार्यक्रमका प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी यो दस्तावेज तयार पार्ने कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने डा. हेमराज लामिछाने र श्री प्रेम दवाडीलाई विशेष धन्यवाद् दिन चाहन्छु ।

अन्त्यमा, गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, २०२२-२०३० (२०७९-२०८७) को सफल कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै सहकारी तथा निजी क्षेत्रको समेत सहयोगको लागि अनुरोध गर्दछु । सम्बद्ध सबैको सहयोग प्राप्त भई यस मार्गचित्र बमोजिमका लक्ष्यहरू हासिल गर्न गण्डकी प्रदेश सक्षम हुनेमा पूर्ण विश्वास व्यक्त गर्दछु ।

विसं २०७९ कात्तिक

**डा. रघुराज काफ्ले**
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

# विषय-सूची


**सारसङ्क्षेप** १

**परिच्छेद १: परिचय** ५

१.१ पृष्ठभूमि ५

१.२ दिगो विकास लक्ष्य स्थानीयकरणको औचित्य ७

१.३ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको उद्देश्य ७

१.४ दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्रको कार्यक्षेत्र ८

१.५ अवधारणा तथा अध्ययन विधि ९

१.६ प्रतिवेदनको ढाँचा १३

**परिच्छेद २: विकासको वर्तमान स्थिति र दिगो विकास लक्ष्यको आधार अवस्था** १४

२.१ प्रदेशको संक्षिप्त परिचय १४

२.२ प्रदेशको विकासको वर्तमान अवस्था १४

२.३ प्रदेशको प्रथम आवधिक योजनाको मार्गचित्र १६

२.३.१ दीर्घकालीन सोंच १६

२.३.२ लक्ष्य १६

२.३.३ उद्देश्य १७

२.३.४ प्रदेश समृद्धिका सात मुख्य संवाहकहरू १७

२.३.५ समृद्धिका लागि पाँच मुख्य सहयोगी क्षेत्रहरू १७

२.३.६ परिमाणात्मक लक्ष्य १७

२.३.७ प्रथम पञ्चवर्षीय योजनाको कुल लगानी प्रक्षेपण १९

२.३.८ यथार्थ आय तथा प्रक्षेपण २१

२.३.९ स्थानीय तहहरूको स्रोत परिचालनको स्थिति २२

२.३.१० सहकारी क्षेत्रको स्रोत परिचालनको वर्तमान अवस्था २३

२.३.११ निजी क्षेत्रको भूमिका २४

२.३.१२ गण्डकी प्रदेशको राजस्व क्षमता र दिविल लगानीको आवश्यकता वीच खाडल २४

२.४ गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था २६

२.४.१ गरिबीको अवस्था (लक्ष्य १) २६

२.४.२ कृषिको अवस्था (लक्ष्य २) २६

२.४.३ स्वाथ्य र आरोग्यताको अवस्था (लक्ष्य ३) २६

२.४.४ शिक्षाको अवस्था (लक्ष्य ४) २७

२.४.५ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण अवस्था (लक्ष्य ५) २७
२.४.६ खानेपानी तथा सरसफाईको अवस्था (लक्ष्य ६) २८
२.४.७ विद्युत तथा स्वच्छ ऊर्जाको अवस्था (लक्ष्य ७) २८
२.४.८ उद्योग तथा सम्मानजनक रोजगारी (लक्ष्य ८) २९
२.४.९ सडक तथा अन्य पूर्वाधारको अवस्था (लक्ष्य ९) ३०
२.४.१० असमानता न्यूनीकरण (लक्ष्य १०) ३०
२.४.११ शहरीकरण तथा आवासको अवस्था ढलक्ष्य (लक्ष्य ११) ३०
२.४.१२ जिम्मेवार उपभोग तथा उत्पादन (लक्ष्य १२) ३०
२.४.१३ जलवायु कार्य (लक्ष्य १३) ३१
२.४.१४ वन तथा वातावरण (लक्ष्य १४) ३१
२.४.१५ शान्ति, न्याय र सबल संस्था (लक्ष्य १५) ३२
२.४.१६ दिगो विकास लक्ष्यका लागि साझेदारी (लक्ष्य १६) ३२
२.५ दिगो विकास लक्ष्य कार्यान्वयनको नीतिगत तथा संस्थागत व्यवस्था ३२
२.५.१ प्रमुख नीतिगत व्यवस्थाहरू ३२
२.५.२ संस्थागत व्यवस्था ३५
२.६ दिगो विकास लक्ष्यको आन्तरिकीकरण ३७
२.७ गण्डकी प्रदेशको दिगो विकास लक्ष्यमा प्राप्त उपलब्धीहरू ३७
२.८ दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश सरकारको प्राथमिकता ३९
२.९ बार्षिक योजना, विषयगत नीति तथा रणनीतिसँग दिगो विकास लक्ष्यको तादात्म्यता ३९
२.९.१ बार्षिक योजना ३९
२.९.२ नीति तथा रणनीति ४१
२.९.३ मध्यमकालीन खर्च संरचना र बार्षिक बजेटबीचको तालमेल ४२
२.९.४ पञ्चवर्षिय योजना, शिक्षा क्षेत्र विकास योजना र शिक्षा नीतिबीच सामान्जस्यता ४३
२.९.५ पञ्चवर्षिय योजना र स्थास्थ्य नीतिबीच सामान्जस्यता ४४
२.१० सफल अभ्यासहरू ४५
२.१०.१ अन्तर्राष्ट्रिय अभ्यास ४६
२.१०.२ राष्ट्रिय अभ्यासहरू ४७

**परिच्छेद ३: दिगो विकास लक्ष्य स्थानीयकर(ा मार्गचित्र** **५०**
३.१ पृष्ठभूमी ५०
३.२ दिगो विकास लक्ष्यको प्रादेशिक सान्दर्भिक सूचकहरू ५०
३.३ दिगो विकास लक्ष्य कार्यान्वयन ५३
३.३.१ नागरिक र समाज (दिगो विकास लक्ष्य १, २, ३, ४ र ५) ५३

३.३.२ समृद्धि र ग्रह (दिगो विकास लक्ष्य ६, ७, ८, १०, ११, १२, १३, १५) ५५
३.३.३ शान्ति, न्याय र सुशासन (दिविल १६) ५८
३.३.४ बहुसरोकार साझेदारी (दिगो विकास लक्ष्य १७) ५९
३.४ गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको गन्तब्य तथा कोशेढुंगा ६१

**परिच्छेद ४: दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत दिशा** ७२
४.१ पृष्ठभूमि ७२
४.२ दिगो विकास लक्ष्य कार्यान्वयका चरणहरू ७३
४.२.१ प्राथमिकता पहिचान (Priority Identification) ७३
४.२.२ नीति/कार्यक्रम सम्बन्धी साधनहरू (Instruments) ७७
४.२.३ लगानी (Investment) ८१
४.२.४ संस्थाहरू/निकायहरू (Institutions) ८६
४.३ दिगो विकास लक्ष्य स्थानीयकरण रणनीति ८९
४.३.१ जागरण सिर्जना गर्ने (Awareness Raising) ८९
४.३.२ वकालत गर्ने (Advocacy) ९२
४.३.३ कार्यान्वयन गर्ने (Implementation) ९४
४.३.४ अनुगमन गर्ने (Monitoring) ९५
४.३.५ समन्वय, सहकार्य र साझेदारी ९७

**परिच्छेद ५: दिगो विकास लक्ष्यको प्रगति अनुगमन खाका** ९९
५.१ दिगो विकास लक्ष्य प्रगति अनुगमनको आवश्यकता ९९
५.२ गण्डकी प्रदेशमा अनुगमन तथा मूल्यांकनको संस्थागत व्यवस्था १००
५.३ दिगो विकास लक्ष्य प्रगति अनुगमनको विधि तथा प्रक्रिया १०३
५.४ प्रगति अनुगमनको साधन, जिम्मेवारी तथा समयावधि १०५

**तालिकाहरू** १८
तालिका १ : राष्ट्रिय र गण्डकी प्रदेशको परिमाणात्मक लक्ष्यहरू १८
तालिका २ : प्रथम पञ्चबर्षीय योजनाको कुल लगानी अनुमान (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) २०
तालिका ३ : त्रिवर्षिय स्रोत विनियोजन तथा स्रोत प्रक्षेपण (प्रचलित मूल्यमा) २१
तालिका ४ : आवधिक योजनामा क्षेत्रगत लगानी र लगानीको स्रोतको विवरण २२
तालिका ५ : प्रदेश अन्तरगतका स्थानीय तहहरूको बाषिक बजेट र खर्च विवरण २३

तालिका ६ : दिविलको लागि अनुमानित लगानी र प्रदेशको राजस्व क्षमता वीचको खाडल (रकम रु. हजारमा) २५
तालिका ७ : गण्डकी प्रदेशको आ.व. २०७८/७९ को क्षेत्रगत ब्यय अनुमान (रु. हजारमा) ४२
तालिका ८ : गण्डकी प्रदेशको पञ्चबर्षीय योजना, शिक्षा विकास योजना र शिक्षा नीतिको तुलना ४३
तालिका ९ : गण्डकी प्रदेशको पञ्चबर्षीय योजना र स्वास्थ्य नीतिको तुलना ४५
तालिका १०: आ.व. २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रममा दिविल सांकतीकरण र बजेट बाँडफाँड ४८
तालिका ११: आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको दिविल अनुसार सांकेतीकरण र बजेट बाँडफाँड ४९
तालिका १२: गण्डकी प्रदेशमा दिविल सूचकहरूका लागि तथ्याङ्क उपलब्धता र अभाव ५१
तालिका १३: कुल लगाानीमा विभिन्न क्षेत्रको योगदानको अनुमान (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) ८३
तालिका १४ : प्रस्तावित दिगो विकास लक्ष्यका अनुगमनका साधनहरू १०७

**चार्टहरूः**

चार्ट १ : प्रदेशगत मानव विकास सूचकाङ्क १५
चार्ट २ : बहुआयामिक गरिबी सूचकाङ्क (प्रतिशत) १६

**अनुसूचीहरूः** १११

अनुसूची १ : गण्डकी प्रदेश दिगो विकास लक्ष्यको गन्तव्य तथा कोशेढंगा १११
अनुसूची २ : दिगो विकासका लक्ष्य स्थानीयकरण मार्गचित्र सम्वन्धी केही क्रियाकलापहरू १४७
अनुसूची ३ : दिविल अनुसार अवसर र चुनौतीहरू १५०
अनुसूची ४ : दिगो विकास लक्ष्य अनुसारका कार्यक्रम क्षेत्र ११५४
अनुसूची ५ : विभिन्न सरोकारवालाहरूका लागि तयार गरिएको प्रश्नावली नमूना १५८

# संक्षेपीकरणको सूची

**(क) नेपालीमा**

दिविल : दिगो विकास लक्ष्य

गापा : गाउँपालिका

नपा : नगरपालिका

मनपा : महानगरपालिका

उपमनपा : उपमहानगरपालिका

रायोआ : राष्ट्रिय योजना आयोग

मे.ट. : मेट्रिक टन

मेवा : मेगावाट

कि.मि. : किलो मिटर

कि.वा. : किलोवाट

आ.ब. : आर्थिक बर्ष

के.त.वि. : केन्द्रिय तथ्याङ्क विभाग

प्र.प्र.अ. : प्रमुख प्रशासकीय अधिकृत

**(ख) अंग्रेजीमा**

SDGs : Sustainable Development Goals

CBS : Center Bureau of Statistics

EMIS : Education Management Information Center

Pop : Population

Agri : Agriculture

Admin : Administration

# सारसङ्क्षेप

नेपाल सरकारले दिगो विकास लक्ष्य स्थानीयकरणलाई प्राथमिकतामा राखेको छ । तसर्थ दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने उद्देश्यका साथ गण्डकी प्रदेशले दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको छ। दिगो विकास लक्ष्य प्राप्तिमा राष्ट्रिय र विश्व समुदायको प्रतिवद्धताको विषयसमेत रहेकाले ती लक्ष्यको प्राप्तिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र सहकार्य अपरिहार्य हुन्छ । यसका अतिरिक्त तीनै तहका सरकार बीचमा र बृहद् रुपमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी, गैरसकारी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य र समन्वय गर्नु आवश्यक हुन्छ। यसै यथार्थलाई मध्यनजर राखी गण्डकी प्रदेशले दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरेको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मुख्य उद्देश्य भनेको दिगो विकास लक्ष्य कार्यान्वयनको वर्तमान अवस्थाको समिक्षा गर्नु, दिगो विकास लक्ष्यको हरेक सूचकको कोशेढुङ्गा तयार गर्नु, दिगो विकास लक्ष्यको कार्यान्वयन र प्रगति अनुगमन मापदण्ड तथा खाका तयार गर्नु तथा दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय लगानी सुनिश्चित गर्नु तथा नवीनतम खोजको अभिबृद्धि गर्नु रहेको छ ।

यस मार्गचित्र तयार गर्दा एकीकृत तथा सहभागितामूलक अवधारणा, सिकाइ तथा अनुभवमा आधारित अवधारणा, ज्ञान तथा सीप हस्तान्तरण अवधारणा, प्रयोगकर्तामैत्री अवधारणा, लैङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशील अवधारणालाई आत्मसात् गरिएको छ । खासगरी यस मार्गचित्र तयार गर्दा **'कसैलाई पनि पछि नछोडौं'** भन्ने अवधारणामा आधारित भै महिला, बालबालिका, पिछडिएको वर्ग तथा समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालसँग सम्बन्धित विषय, नीति, रणनीति तथा सूचकलाई विषेश ध्यान दिइएको छ । यस मार्गचित्रमा प्रयोग भएका तथ्याङ्कका मुख्य स्रोतहरूमा गण्डकी प्रदेश सरकारद्धारा प्रकाशित स्थितिपत्र, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, राष्ट्रिय जनगणना, जीवनस्तर सर्वेक्षण, जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, बहुसूचक क्लस्टर सर्वेक्षण आदि रहेका छन् ।

सातवटा प्रदेशमध्ये गण्डकी प्रदेशमा कम गरिबी रहेको छ । गण्डकी प्रदेशमा राष्ट्रिय गरिबी रेखाको कुल गणना दर (Headcount Rate) १४.९१ रहेको छ । पाँच वर्षमुनिको बालबालिकामा उचाई अनुसारको तौल नभएको अवस्था राष्ट्रिय स्तरको ५.८ प्रतिशत भन्दा कम ३.९ प्रतिशत मात्र रहेको छ । त्यसैगरी ६ वर्ष मुनिका बालबालिकामा पुड्कोपना २८.९ प्रतिशत र प्रजनन् उमेरका महिलामा रक्तअल्पता २४.२ प्रतिशत रहेको छ। यस प्रदेशमा झण्डै

३७१,००० ब्यक्ति गरिबीको रेखामुनी रहेका छन् । गण्डकी प्रदेशका वहुसंख्यक जनताले आफ्नो आम्दानीको धेरै अंश खाद्यान्नको उपभोगमा खर्च गर्छन । युवा अल्प वेरोजगारी दर राष्ट्रिय स्तरभन्दा माथि रहेको कारण रोजगारी र उद्यमशीलतामा युवा मानव संशाधनको परिचालन कमी भएको देखिन्छ ।

दिगो विकासका आकाङ्क्षा पूरा गर्न गण्डकी प्रदेशले विकास एजेण्डाको नेतृत्व अर्थतन्त्र, समाज र वातावरण गरी ती वटा आयामहरू अघि सारेको छ। यस क्रममा हरेक दिगो विकास लक्ष्यको एक आपसमा तालमेल (Synergy) बढाउन आवश्यक छ। त्यसैगरी प्राथमिकता प्राप्त विभिन्न क्षेत्रहरूको कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरूका बीचमा सहकार्य र समन्वय गर्ने कुरालाई प्रदेश सरकारले ध्यान दिनु पर्दछ । प्रदेशले आफ्नो जनसाङ्खिक लाभको फाइदा कृषिको आधुनिकीकरण र औद्योगिक क्रियाकलापबाट लिन सक्दछ ।

मार्गचित्र तयार गर्दा नेपाल सरकार राष्ट्रिय योजना आयोगले तयार गरेको नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, प्रदेश एक र बागमती प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रहरूलाई आधार मानी तयार गरिएको छ । दिगो विकास लक्ष्यको प्रगति तथा र भावी रणनीति सम्वन्धमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री, नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष, विभिन्न मन्त्रालय, निर्देशनालय र कार्यालयका वरिष्ठ राष्ट्र सेवक कर्मचारीहरू, स्थानीयतहका पदाधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, नागरिक समाज, यूएनडिपि/राष्ट्रिय योजना आयोग (दिगो विकास लक्ष्य कार्यान्वयन सहजिकरण परियोजना) आदिसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । साथै, सम्वन्धित सरोकारवाला निकाय तथा पदाधिकारीहरूबाट मस्यौदा प्रतिवेदनमाथि लिखितरुपमा सुझावहरू समेत प्राप्त गरिएको थियो ।

यस दिगो विकास लक्ष्य मार्ग चित्रले गण्डकी प्रदेशलाई दिगो विकास लक्ष्य हासिल गर्न सही मार्ग निर्देश गर्नेछ । साथै, गण्डकी प्रदेश सरकारले दिगो विकास लक्ष्य हासिल गर्न विभिन्न सरोकारवाला निकायहरूबीच उपयुक्त समन्वय गर्नका लागि अनुगमन संयन्त्रलाई सुदृढ र प्रभावकारी बनाउने छ । किनकी विकासका उद्देश्य तथा लक्ष्यहरू हासिल गर्न विकासमा सम्लग्न सबै सरोकारवालाहरूको संलग्नता उत्तिनै महत्वपूर्ण हुन्छ । ती संयन्त्रहरूले दिगो विकास लक्ष्यहरूको नियमित रुपमा अनुगमन गर्ने छन् र प्रदेश सरकारको सुशासनका लागि चाहिने सही, सान्दर्भिक र आवश्यक तथ्याङ्कहरूको नियमित आपूर्ति सुनिश्चित गर्नेछ । गण्डकी प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा राष्ट्रिय योजना आयोगको दिगो विकास

लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनाको प्राविधिक सहयोगमा गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरिएको हो ।

यस मार्गचित्रलाई पाँचवटा परिच्छेदमा विभक्त गरिएको छ । पहिलो परिच्छेदमा परिचय, दोश्रोमा गण्डकी प्रदेशको विकासको वर्तमान अवस्था र दिगो विकास लक्ष्यको आधार अवस्था, तेश्रोमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, चौथो परिच्छेदमा दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत दिशा र अन्तिम परिच्छेदमा दिगो विकास लक्ष्यको प्रगति अनुगमन खाका प्रस्तुत गरिएको छ । मार्गचित्रमा मुख्यतः कार्यान्वयनका चारवटा चरणहरू जस्तै प्राथमिकताको पहिचान, दिगो विकास लक्ष्य प्राप्तिका साधनहरू, दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने लगानी र संस्थागत संरचनाको बारेमा उल्लेख गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्य कार्यान्वयनमा लागि मुख्य रणनीतिहरू जस्तै जागरण सिर्जना गर्ने, वकालत गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र सबै सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीका बिषयहरूलाई समेटिएको छ ।

अन्त्यमा, गण्डकी प्रदेश दिगो विकास लक्ष्यको गन्तब्य तथा कोशेढुङ्गाको विस्तृत खाका अनुसूची १ मा प्रस्तुत गरिएको छ । जसमा हरेक लक्ष्यको परिमाणात्मक लक्ष्य र सूचकहरूको आवधिक राष्ट्रिय लक्ष्य र गण्डकी प्रदेशको लक्ष्य (सन् २०१५, २०२२, २०२५ र २०३०) समावेश गरिएको छ । यसैगरी अनुसूची २ मा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्वन्धी जागरण, वकालत, कार्यान्वयन र अनुगमनका केही उदाहरणहरू पनि प्रस्तुत गरिएको छ । दिगो विकास लक्ष्यअनुसार गण्डकी प्रदेशका अवसरहरू र चुनौतीहरूको सामान्य विश्लेषण गरिएको खाका अनुसूची ३ मा राखिएको छ । यसैगरी दिगो विकास लक्ष्य अनुसारका केही महत्वपूर्ण कार्यक्रमहरू अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले मुलुकबाट एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेको छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तीको प्रयोग गर्ने व्यवस्था गरेको छ । संविधानले राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा गरेको छ । साथै, तहगत सरकारका अधिकारक्षेत्रको व्यवस्था तथा आवधिक निर्वाचनमार्फत तहगत सरकार गठनको प्रत्याभूति गरिएको छ । तीनै तहका सरकारहरूले संविधान र कानूनको सीमाभित्र रही त्यस्तो अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी स्पष्ट रुपमा जिम्मेवारीसमेत निर्धारण गरिएको छ । संविधानले तहगत सरकारहरू आफ्ना अधिकार क्षेत्रका बिषयमा कानून बनाउने, योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन तथा नतिजा मापनमा स्वायत्त हुने व्यवस्था गरेको छ ।

राज्यको अग्रगामी संघीय पुनर्संरचना गर्ने संवैधानिक प्रतिवद्धता अनुसार हाल नेपालको संघीय संरचना अन्तरगत नेपाल सरकार (संघीय सरकार), सात वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) तथा ७७ वटा जिल्ला समन्वय समितिहरू रहेका छन । संवैधानिक व्यवस्था र राजनीतिक प्रतिवद्धता अनुसार स्थानीय, प्रदेश र संघीय तहको विभिन्न चरणमा सफलतापूर्वक चुनाव सम्पन्न भई स्थानीय तहको सरकारहरूमा निर्वाचित पदाधिकारीहरूको पहिलो कार्यकाल सम्पन्नभै दोश्रो कार्यकालको लागि पनि निर्वाचन भै नयाँ नेतृत्व आईसकेको अवस्था छ । दिगो विकास लक्ष्य कार्यान्वयन गर्न पक्ष राष्ट्रको रुपमा नेपाल सरकारले हस्ताक्षर गरी प्रतिवद्धता जनाएको छ । सो बमोजिम नीति, योजना तथा कार्यक्रममा दिगो विकास लक्ष्यलाई एकीकृत गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ । दिगो विकास लक्ष्य कार्यान्वयन र समन्वयको लागि संघीय तहमा राष्ट्रिय योजना आयोग मुख्य निकायको रुपमा रहेको छ । आयोगले दिगो विकास लक्ष्यसँग सम्वन्धित विभिन्न अध्ययनहरू गरेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० र दिगो विकास लक्ष्य सम्बन्धी अन्य अध्ययनले मुलकमा दिगो विकासको नतिजाको वहुप्रभाव हासिल गर्न दिगो विकास लक्ष्यको स्थानीयकरणको रणनीति, विविध लगानीको संभावना र शासन प्रणालीमा सुधार तथा प्रभावकारी साझेदारी संयन्त्रको संभावनाको पहिचान गरेको छ ।

नेपालमा संघीय शासन प्रणालीको मूल संरचनाको रुपमा प्रदेश सरकार रहेको र प्रदेश सरकारको नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने मुल निकायको रुपमा गण्डकी प्रदेशमा सन् २०१८ मा प्रदेश नीति तथा योजना आयोग स्थापना भई प्रादेशिक नीति तथा योजना निर्माण, अध्ययन तथा अनुसन्धान र विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा विगत चार वर्षदेखि क्रियाशिल रहँदै आएको छ। प्रदेश नीति तथा योजना आयोग प्रादेशिक विकास सम्बन्धी सोच, क्षेत्रगत नीति, योजना तर्जुमाका साथै प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयनको जिम्मेवार निकायको रुपमा रहेको छ।

नेपालको संविधानले प्रदेश तथा स्थानीय तहलाई शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यहरूको प्रमुख जिम्मेवारीसहित तीनै तहका सरकारहरूलाई कार्य जिम्मेवारीसँगै खर्चको जिम्मेवारी पनि प्रदान गरेको छ। तसर्थ दिगो विकास लक्ष्य कार्यान्वयन समेत तीनै तहका सरकारको जिम्मेवारी अन्तर्गत पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुशासन, वातावरण, जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई, शिक्षा तथा लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सेवा प्रवाहका साथै स्थानीय स्तरको आयोजना तथा कार्यक्रम कार्यान्वयन स्थानीय सरकार मार्फत गर्ने व्यवस्था गरेको छ।

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) र गण्डकी प्रदेशको मध्यमकालीन खर्च संरचना प्रमुख मार्गदर्शक विकास खाकाको रुपमा रहेका छन्। यी योजनाहरूले दिगो विकास लक्ष्यलाई प्रदेशको लक्ष्यको रुपमा आन्तरिकीकरण गरी सोको प्राप्तिको लागि रणनीति, कार्यनीति तथा कार्यक्रम र सोको लक्ष्यलाई मार्गदर्शन गरेको छ। यसका साथै गण्डकी प्रदेश सरकारले सन् २०१९ मा गण्डकी प्रदेशको दिगो विकास लक्ष्य सम्बन्धी आधाररेखा प्रतिवेदन तयार गरी प्रदेशको तत्कालीन अवस्था र सन् २०३० को लक्ष्य समेत निर्धारण गरेको छ। यसका साथै राष्ट्रिय लक्ष्य र प्रतिवद्धतामा आधारित रहेर प्रदेश तहमा दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी दिगो विकास लक्ष्यको स्थानीयकरणको आरम्भ समेत गरेको छ। प्रदेश नीति तथा योजना आयोगले प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम, बार्षिक बजेट तथा कार्यक्रम, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, अध्ययन तथा प्रगति प्रतिवेदनहरू मार्फत समेत गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको स्थानीयकरणलाई मार्गदर्शन गरेको छ। यसै पृष्ठभूमिमा नेपालमा दिगो विकासको वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६ - २०३०, राष्ट्रिय दीर्घकालीन योजना (दीर्घकालीन सोच २१००) र पन्ध्रौ योजना समेतलाई आधार मानी प्रदेश स्तरमा दिगो विकास लक्ष्यलाई

नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने उद्देश्यले गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ ।

## १.२ दिगो विकास लक्ष्य स्थानीयकरणको औचित्य

वि.सं. २१०० सम्ममा नेपालाई उच्च मध्यम आय भएको मुलुकमा पुर्याई 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकांक्षा पूरा गर्ने दीर्घकालीन सोच सहित नेपाल सरकारले पन्धौं योजना (२०७६/७७ - २०८०/८१) कार्यान्वयनमा ल्याएको छ । यस योजनाले सर्वसुलभ आधुनिक पूर्वाधार निर्माण एवम् सघन अन्तरआवद्धता, मानव पूँजी निर्माण र यसको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व बृद्धि र उच्च तथा समतामूलक राष्ट्रिय आय बृद्धिका लक्ष्य मार्फत आर्थिक समृद्धिको जग निर्माण गर्ने अपेक्षा गरिएको छ । यसैगरी गण्डकी प्रदेश सरकारले पनि **"समृद्ध प्रदेश र सुखी नागरिक"** को दीर्घकालीन सोचका साथ प्रथम पञ्चवर्षिय योजना कार्यान्वयनमा ल्याएको छ ।

दिगो विकास लक्ष्य समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्ने लक्ष्यसँग जोडिएको विश्वव्यापी कार्यसूची हो । नेपालले चौधौं योजनाको शुरुवात देखिनै मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेश अनुसार दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी कार्यान्वयन शुरु गरेको छ । संविधान अनुसार दिगो विकास लक्ष्य हासिल गर्न तीनै तहको सरकारको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ प्रदेश सरकारले नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनको चरणमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दिनु अपरिहार्य छ । गण्डकी प्रदेशले तयार गरेको यस दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सरकार, नागरिक समाज, सहकारी, निजी क्षेत्र र समुदाय बीच समन्वय स्थापित गर्न सहयोगी समेत हुनेछ । दिगो विकास लक्ष्य स्थानीयकरणका लागि सबै पक्ष र सरोकारवाला निकायहरूको सक्रिय सहभागिता उत्तिकै महत्वपूर्ण हुन्छ ।

## १.३ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको उदेश्य

गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको स्थानीयकरणको विस्तृत मार्गचित्र तयार गर्नु यस मार्गचित्रको उद्देश्य हो । यसका अन्य उद्धेश्यहरू देहायअनुसार रहेका छन्:

(१) गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको विद्यमान अवस्था र भावी मार्गचित्र प्रस्तुत गर्नु,

(२) वि.स. २०७९ देखी २०८७ सम्मको लागि दिगो विकास लक्ष्यको हरेक सूचकको कोशेढुङ्गा

तयार गर्नु,

(३) एकीकृत र समावेशी नतिजामा आधारित विकास योजना, बजेट र साझेदारीलाई बलियो र प्रभावकारी बनाउन उत्प्रेरित गर्नु,

(४) गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको कार्यान्वयन र प्रगति अनुगमन मापदण्ड तथा खाका प्रस्तुत गर्नु,

(५) गण्डकी प्रदेश सरकारको आवधिक योजना, विषयगत क्षेत्र योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य एकीकरणको मार्गचित्र, तह र सीमाको आँकलन गर्नु,

(६) दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय लगानी र नवीनतम खोजको अभिबृद्धि गर्नु ।

## १.४ दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्रको कार्यक्षेत्र

यस मार्गचित्रले नेपालसँग सम्वन्धित दिगो विकास लक्ष्यका १६ वटा लक्ष्यका सूचक तथा गन्तव्यहरू प्रदेशको अधिकार क्षेत्र र जिम्मेवारीसँग जोड्ने विषयलाई समेटेको छ । मार्गचित्रले सन् २०३० को एजेण्डासँग प्रदेश तहको अधिकार र जिम्मेवारीहरूलाई समेत ध्यानमा राखेको छ । दिगो विकास लक्ष्य मार्ग चित्रको कार्यक्षेत्र देहायअनुसार रहेका छन्:

१. दिगो विकास लक्ष्य प्राप्त गर्न र प्रदेश र स्थानीय तहले भोगेका समस्याहरूको पहिचान गर्ने,

२. प्रदेश र स्थानीय तहमा सन् २०३० को एजेण्डा अपनत्व सुनिश्चित गर्न बहुसरोकारवालाहरूको भूमिकाको विश्लेषण गर्ने,

३. प्रदेश सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बार्षिक नीति तथा कार्यक्रम र बजेटमा दिगो विकास लक्ष्यको तादत्म्यताको समीक्षा गर्ने ।

४. गण्डकी प्रदेश सरकार र मातहतका निकाय मार्फत दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्थाको समिक्षा गर्ने र सोको सान्दर्भिकता र उपयुक्तताको पहिचान गर्ने तथा सुधारको उपायहरूको सिफारिस गर्ने,

५. प्रदेश तहमा दिगो विकास लक्ष्यको स्थानीयकरण सम्वन्धी प्रगतिको प्रभावकारी अनुगमन र मूल्याङ्कनको संयन्त्र तथा खाका प्रस्तुत गर्ने,

६. दिगो विकास लक्ष्यलाई विकास कार्यक्रमसँग तालमेल हुने गरी समश्रेणीगत र उर्ध्वगामी अनुकूलनीय, पुनःपुनरावृत्ति र समावेशी प्रक्रियाको सुझाव पेश गर्ने,

७. नेपालको दिगो विकास लक्ष्य प्राप्त गर्न प्रदेश तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण प्रदेश सरकार  र सरोकारवालको भूमिका वृद्धि रणनीति तय गर्ने,
८. विश्व र राष्ट्रिय तहमा भएका दिगो विकास लक्ष्यको स्थानीयकरणको अभ्यासहरूका आधारमा दिगो विकास लक्ष्य स्थानीयकरण गर्न प्रदेश तहमा आवश्यक बलियो गठबन्धन सम्वन्धी सुझाव प्रदान गर्ने,
९. नेपाल सरकारको दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र २०१६-२०३० र अन्य प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, रणनीति र उत्तम अभ्यास र सिकाईहरू अबलम्बन गर्ने,
१०. दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि योजना तर्जुमा, वकालत तथा पैरवी, परियोजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकलन सम्वन्धी औजारहरूको सुझाव दिने ।

## १.५ अवधारणा तथा अध्ययन विधि

### १.५.१ अवधारणा

राष्ट्रिय योजना आयोगबाट तयार गरिएको नेपालमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावि मार्गचित्रको २०१६ २०३० र यस सम्बन्धित अन्य अध्ययन अनुसन्धान प्रतिवेदन र अन्य प्रदेश सरकारको मार्गचित्र आधारमा गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ । मार्गचित्र तयार गर्न देहायअनुसारको अवधारणा अबलम्बन गरिएको छ ।

- **एकीकृत अवधारणाः** मार्गचित्र तयार गर्न प्रदेश सरकारको अधिकार क्षेत्रका दिगो विकास लक्ष्यका सान्दर्भिक सूचकहरूको एकीकृत विवरण तयार गरिएको छ ।
- **सहभागितामूलक अवधारणाः** गण्डकी प्रदेश सरकारको विषयगत नीति, प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्यको आधाररेखा प्रतिवेदन लगायतका दस्तावेजहरू अध्ययन तथा पुनरावलोकन, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, कार्यालयका अधिकारी, स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारी र सरोकारवाला निकायसँग सहभागितामूलक छलफल गरी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ ।
- **सिकाइ तथा अनुभवमा आधारित अवधारणाः** संघ, प्रदेश तथा स्थानीय तहका दीर्घकालीन योजना, आवधिक योजना, रणनीतिक योजना, विषयगत नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट तथा कार्यक्रमको समेत समिक्षा गरी विगतका ती

सिकाई र अनुभवलाई उपयोग गरिएको छ । साथै संघ, अन्य प्रदेश र स्थानीय तहको सफल अभ्यासलाई समेत मध्यनजर गरिएको छ ।

- **ज्ञान तथा सीप हस्तान्तरण अवधारणाः** गण्डकी प्रदेश सरकार अन्तर्गत मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय तथा सम्बन्धित निकायहरूसँग छलफल, परामर्श तथा कार्यशालाको आयोजना गरी प्रस्तावित मार्गचित्र तयार गरिएको छ । प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग निकट रहेर यस सम्बन्धी कार्य सम्पादन सीप तथा अनुभवको समेत हस्तान्तरण गर्ने प्रयास गरिएको छ ।
- **प्रयोगकर्तामैत्री अवधारणाः** अध्ययन, परामर्श, कार्यशाला मार्फत प्रस्तावित मार्गचित्र तयार गर्दा सामान्य तथा प्रयोगकर्तामैत्री विधि, औजार तथा उपकरणको प्रयोग गरिएको छ ।
- **लैंङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशील अवधारणाः** यस मार्गचित्र तयार गर्दा कसैलाई पनि पछाडि नछोडौं भन्ने अवधारणामा आधारित भई महिला, बालबालिका, पिछडिएको वर्ग तथा समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सबालसँग सम्बन्धित विषय, नीति, रणनीति तथा सूचकलाई विशेष ध्यान दिइएको छ ।

### १.५.२ मार्गचित्र तयारी विधि तथा प्रक्रिया

नेपालको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावि मार्गचित्र (२०१६-२०३०) सान्दर्भिक विषयगत नीति तथा योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना, गण्डकी प्रदेशको दिगो विकास लक्ष्य आधाररेखा प्रतिवेदनको आधारमा विषयगत नीति तथा योजना, बार्षिक नीति तथा कार्यक्रमको आधारमा गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ । गण्डकी प्रदेश, नीति तथा योजना आयोगको नेतृत्वमा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र सरोकारवाल पक्षको सहभागितामा मार्गचित्र तयार गरिएको हो ।

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गर्दा निम्नानुसारका विधी तथा प्रकृयाहरूको अवलम्बन गरिएको छ ।

**क. मार्गचित्र तयारी बैठक**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गर्न प्रदेश नीति तथा योजना आयोगको आयोजनामा सरोकारवाल सबैको संलग्नतामा विधि, प्रक्रिया, समयावधी र विषयवस्तुको बारेमा प्रारम्भिक बैठक तथा छलफलको आयोजना गरिएको थियो । वैठकमा मार्गचित्रको आवश्यकता, विषयवस्तु, तयारी विधि तथा प्रक्रिया र

समयसीमा बारे प्रस्तुति तथा छलफलबाट यस सम्बन्धमा साझा बुझाई कायम गरी मार्गचित्रको प्रारम्भिक खाका तयार गरिएको थियो ।

**ख. सान्दर्भिक नीतिगत, कानूनी, योजना दस्तावेज तथा अध्ययन सामग्रीको समीक्षा**

गण्डकी प्रदेश, प्रदेश नीति तथा योजना आयोगको नेतृत्व तथा प्रदेश सरकारका मन्त्रालय र सम्बन्धित निकायहरूको सहयोग र सहभागितामा सान्दर्भिक नीति, कानून, योजना दस्तावेज र अध्ययन दस्तावेज अध्ययन तथा पुनरावलोकन गरिएको थियो । दस्तावेजहरूको अध्ययनबाट गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा देहायबमोजिमका अध्ययन एवं प्रमुख सन्दर्भ सामग्रीहरूको समेत समीक्षा गरिएको छ ।

(क) नेपालको संविधान

(ख) दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१)

(ग) नेपालको दिगो विकास लक्ष्यः विद्यमान अवस्था र भावि मार्गचित्र (२०१६-२०३०)

(घ) गण्डकी प्रदेशको विषयगत नीति तथा कानून

(ङ) गण्डकी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)

(च) गण्डकी प्रदेशको दिगो विकास लक्ष्य आधाररेखा दस्तावेज

(छ) प्रदेश तथा स्थानीय सरकारका आवधिक योजना, मध्यमकालीन खर्च संरचनाको वार्षिक नीति तथा कार्यक्रम र बजेट ।

**ग. प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको विषयवस्तु र औजारहरूको विकास**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारी सम्बन्धी विधि, औजार एवं मार्गचित्रको प्रारम्भिक ढाँचा तयार गरी दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीको औजार र विषयवस्तु प्रारम्भिक खाका उपर विषयगत मन्त्रालय लगायतका सरोकारवालहरूसँग छलफल गरिएको थियो ।

**घ. प्रारम्भिक प्रतिवेदन तथा कार्ययोजना पेश**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रसँग सान्दर्भिक दस्तावेजहरूको अध्ययन तथा पुनरावलोकनबाट प्राप्त सान्दर्भिक सूचना तथा विवरण, मार्गचित्र तयारी विधि, औजार तथा मार्गचित्रको विषयवस्तुको प्रारम्भिक खाका समेत समावेश गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । प्रारम्भिक प्रतिवेदनमा प्रदेश सरकारका सम्बन्धित निकायको सल्लाह तथा सुझाव समेत समावेश गरिएको थियो ।

**ङ. प्रदेश मन्त्रालय, निर्देशनालय तथा निकायसँग परामर्श**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको ढाँचा, वर्तमान अवस्था, २०२५ कोशेढुङ्गा तथा २०३० को लक्ष्य र सो सम्बन्धी तथ्याङ्क तथा सूचना, प्राथमिकता, नीतिगत हस्तक्षेप र कार्यक्रम, लगानी र संस्थागत व्यवस्था सम्बन्धमा प्रदेश मन्त्रालयहरू, निर्देशनालय र कार्यालय तथा प्रतिनिधिमूलक रुपमा स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसँग रायपरामर्श तथा छलफल गरिएको थियो । यस परामर्श तथा छलफलबाट गण्डकी प्रदेशको दिगो विकास लक्ष्य कार्यान्वयनको विद्यमान स्थिति, प्रदेशको कोशेढुंगा, प्राथमिकता, नीतिगत व्यवस्था, लगानी र संस्थागत व्यवस्था सम्बन्धी विवरण तयार गरिएको छ। छलफलका लागि प्रयोग गरिएको प्रश्नावली अनुसूची ५ र छलफल गरिएका पदाधिकारी तथा कर्मचारीहरू सम्वन्धी विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

**च. प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्तावेजको मस्यौदा तयारी**

डेक्स अध्ययन, कार्यशाला तथा परामर्शबाट उपलब्ध सूचना तथा विवरणको आधारमा प्रस्तावित ढाँचामा प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्तावेजको मस्यौदा तयार गरिएको थियो ।

**छ. प्रस्तुति तथा मस्यौदा दस्तावेजमा सुझाब संकलन**

प्रदेश नीति तथा योजना आयोगको आयोजनामा प्रदेश मन्त्रालयहरू, निर्देशनालय र कार्यालय तथा प्रतिनिधिमूलक रुपमा स्थानीय तहका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मस्यौदा दस्तावेज प्रस्तुत गरी तथ्याङ्कमा रहेका खाडलहरू समेतका बारेमा छलफल गरी प्रतिवेदनलाई अन्तिम रुप दिन सहभागीहरूबाट आवश्यक सुझावहरू प्राप्त गरिएको थियो ।

**ज. सुझाब तथा पृष्ठपोषण संकलन**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मस्यौदा दस्तावेजलाई २०७९ साल असार १३ गते प्रदेश नीति तथा योजना आयोगले आयोजना गरेको छलफल कार्यक्रममा प्रस्तुतीकरण गरी विषयगत मन्त्रालय, सहयोगी निकाय र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधीहरूबाट आवश्यक सुझाब तथा पृष्ठपोषणहरू लिइएको थियो। मस्यौदा मार्गचित्रमा प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यूबाट लिखित सुझाव उपलब्ध भएको थियो भने अन्य माननीय सदस्यहरू र विषयगत मन्त्रालयका प्रतिनिधीहरूबाट मौखिक सुझाव प्राप्त भएको थियो । ।

**झ. मार्गचित्रको अन्तिम प्रतिवेदन तयारी तथा पेश**

प्रदेश नीति तथा योजना आयोगले प्रदेश अन्तरगतका विषयगत मन्त्रालयहरू, राष्ट्रसंघीय

विकास कार्यक्रम (यूएनडिपि) तथा यूरोपियन यूनियन, अन्य सहयोगी निकाय तथा सम्बन्धित सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समेत समावेश गरी गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रलाई अन्तिम रुप प्रदान गरिएको छ ।

### १.६ प्रतिवेदनको ढाँचा

गण्डकी प्रदेशको दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा परिचय, दोश्रो परिच्छेदमा विकासको वर्तमान अवस्था र दिगो विकास लक्ष्यको आधार अवस्था, तेश्रो परिच्छेदमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, चौथो परिच्छेदमा दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत दिशा र पाँचौ परिच्छेदमा दिगो विकास लक्ष्यको प्रगति अनुगमन खाका प्रस्तत गरिएको छ ।

# परिच्छेद २:
# विकासको वर्तमान स्थिति र दिगो विकास लक्ष्यको आधार अवस्था

## २.१ प्रदेशको संक्षिप्त परिचय

नेपालको संविधान अनुसार राज्य पुनसंरचना प्रक्रियामा साविकका गण्डकी, धवलागिरी र लुम्बिनी अञ्चलका ११ वटा जिल्लाहरू समावेश भई गण्डकी प्रदेश बनेको हो । यो प्रदेश नेपालको मध्य भागमा अवस्थित रहेको र हिमालदेखि तराईसम्म फैलिएको छ । यस प्रदेशले मुलुकको कुल भू-भागको १४.५५ प्रतिशत क्षेत्रफल ओगटेको छ । तराइको समथर भूभाग देखि ८,१६७ मिटरको उचाईमा रहेको धवलागिरी हिमालसम्म फैलिएको नेपालमा पाईने सबै प्रकारको हावापानी र पारस्थिकीय प्रणाली यस प्रदेशमा पाइन्छ । हावापानी र पारस्थिकीय प्रणाली अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्य पहाडी क्षेत्रमाा फलफुल र तरकारी खेती र नवलपुरको टार मध्यभागको वेशी तथा टारहरू खाद्यान्न बाली र औद्योगिक विकासको उपयुक्त क्षेत्रको रुपमा रहेका छन् ।

प्रशासनिक हिसाबले यस प्रदेशलाई ११ जिल्ला, १ महानगरपालिका, २६ वटा नगरपालिका र ५८ वटा गाउँपालिका गरी ८५ वटा गाउँ/नगरपालिका र ७५९ वडामा विभाजन गरिएको छ। त्यसैगरी यस प्रदेशमा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र १८ वटा र प्रदेश सभा निर्वाचन क्षेत्र ३६ वटा रहेका छन् । प्रदेश सभामा कुल ६० सदस्य रहने संवैधानिक प्रावधान रहेको छ । झण्डै वर्गाकार रुपमा रहेको यस प्रदेश २१९७४ वर्ग कि.मि. रहेको छ । देशको कुल जनसंख्याको ९.१ प्रतिशत यस प्रदेशले ओगटेको छ । यो प्रदेश क्षेत्रफलको हिसावले देशको तेश्रो ठूलो र जनसंख्याको हिसावले छैटौं ठूलो प्रदेश हो ।

वि.स. २०६८ को जनगणना अनुसार यस प्रदेशमा कुल २४,०३,७५७ जनसंख्या रहेकोमा वि.स. २०७८ को जनगणनाको प्रारम्भिक प्रतिवेदनअनुसार वार्षिक ०.०३ प्रतिशतले बृद्धि भै २४,७९,७५५ पुगेको छ । यस प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या) कुल जनसंख्याको झण्डै ५७ प्रतिशत रहेको छ। यस उमेर समूहका जनसंख्यालाई उत्पादन र रोजगारमूलक क्षेत्रमा आकर्षित गरी परिचालन गर्न सके आर्थिक तथा सामाजिक विकासमा फड्को मार्न सक्ने अवसर रहेको छ।

## २.२ प्रदेशको विकासको वर्तमान अवस्था

नेपालको सातवटै प्रदेशहरू मध्ये गण्डकी प्रदेश बहुआयमिक गरिबीको सूचक (०.०३५) को आधारमा दोश्रो कम स्थानमा रहेको छ । गण्डकी प्रदेशको बहुआयमिक गरिबीको सूचक राष्ट्रिय बहुआयमिक गरिबीको सूचक (०.०७४) भन्दा पनि कम रहेको छ । बहुआयमिक

गरिबीको राष्ट्रिय हेडकाउण्ट अनुपात १७.४ प्रतिशत रहेको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०१९ अनुसार यस प्रदेशमा कुल १८ लाख ६८ हजार काम गर्ने उमेरका जनसंख्या रहेको छ। जसमध्ये पुरुष ७ लाख ७० हजार र महिला १० लाख ९८ हजार छन्। समग्रमा यस प्रदेशमा ९ प्रतिशतको हाराहारीमा बेरोजगारी रहेको छ।

मानव विकास सूचकाङ्क, २०१९; असमानता समायोजित मानव विकास सूचकाङ्क, २०१९; लैङ्गिक विकास सूचकाङ्क, २०१९ र लैङ्गिक असमानताका सूचकाङ्क, २०१९ का आधारमा सातवटै प्रदेशहरूमा बागमती प्रदेश पहिलो र गण्डकी प्रदेश दोस्रो श्रेणीमा रहेको छ। त्यसैगरी ५ वर्ष वा सोभन्दा वढी उमेरका पुरुष तथा महिला साक्षरता दर सातवटै प्रदेशमध्ये गण्डकी प्रदेमा सबैभन्दा वढी रहेको छ। जसअनुसार पुरुष साक्षरता दर ८३.५४ प्रतिशत र महिला साक्षरता दर ६७.७२ प्रतिशत रहेको छ। नेपालभर औषत पुरुष साक्षरता दर ७५.१५ प्रतिशत र महिलाको ५७.३९ प्रतिशत रहेको छ। नेपालभर २०११ मा ३९.१ प्रतिशत जनसंख्या वहुआयमिक गरिबीमा थिए भने सो घटेर सन् २०१४ मा २८.६ प्रतिशतमा कायम भएको छ। जवकी गण्डकी प्रदेशको हकमा सन् २०११ मा २३.८ प्रतिशत रहेकोमा सन् २०१४ मा उल्लेख्यरुपमा कमिभै १४.२ प्रतिशत रहन पुगेको छ।

लैङ्गिक असमानता सूचकाङ्कका आधारमा गण्डकी प्रदेश तेश्रो स्थानमा रहेको छ। त्यसैगरी लैङ्गिक विकास सूचकाङ्कका आधारमा गण्डकी प्रदेश छैटौं स्थानमा रहेको छ र मानव विकास सूचकाङ्कका आधारमा यो प्रदेश दोश्रो स्थानमा रहेको छ (चार्ट १)।

चार्ट १: प्रदेशगत मानव विकास सूचकाङ्क




स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०२०, तालिका २.५

असमानता समायोजन मानव विकास सूचकाङ्क (२८.६%) का आधारमा यो प्रदेश छैटौ स्थानमा रहेको छ भने बहुआयामिक गरिबी सूचकाङ्क (१४.२%) का आधारमा दोश्रो स्थानमा छ (चार्ट २) ।

चार्ट २: बहुआयामिक गरिबी सूचकाङ्क (प्रतिशत)




स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०२०, तालिका २.५

## २.३ प्रदेशको प्रथम आवधिक योजनाको मार्गचित्र

गण्डकी प्रदेशको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच, उद्धेश्य तथा रणनीतिहरू देहायबमोजिम तय गरिएका छन ।

### २.३.१ दीर्घकालीन सोंच

"समृद्ध प्रदेश र सुखी नागरिक"

### २.३.२ लक्ष्य

उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश" बनाउने ।

## २.३.३ उद्देश्य

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।
२. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हाँसिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु ।
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

## २.३.४ प्रदेश समृद्धिका सात मुख्य संवाहकहरू

प्रथम आवधिक योजनाले तय गरेका गण्डकी प्रदेशको समृद्धिका सात मुख्य संवाहकहरू देहायअनुसार रहेका छन्:

१. पर्यटन
२. ऊर्जा
३. कृषि
४. उद्योग
५. पूर्वाधार
६. मानव संसाधन र पर्यटन र
७. सुशासन

## २.३.५ समृद्धिका लागि पाँच मुख्य सहयोगी क्षेत्रहरू

गण्डकी प्रदेशको प्रथम पञ्चबर्षिय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले तय गरेका समृद्धिका सहयोगी क्षेत्रहरू देहायअनुसार रहेका छन् ।

क. सामाजिक विविधता वीच एकता
ख. सांस्कृतिक सम्पन्नता, सहअस्तित्व र पहिचान
ग. जनसाँख्यिक लाभ
घ. प्राकृतिक सौन्दर्य
ङ. जैविक विविधता

## २.३.६ परिमाणात्मक लक्ष्य

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनुसार योजना अवधि (आ.व. २०७६/७७-

२०८०/८१) लाई अल्पकालीन), दिगो विकास लक्ष्य अवधि (आ.व. २०७६/७७-२०८७/२०८८) लाई मध्यमकालीन र वि.सं. २१०० (आ.व. २०७६/७७ देखि २०९९/२१००) लाई दीर्घकालीन अवधीको रुपमा परिभाषित गरी निर्धारित गरिएका समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू देहायअनुसार तालिका १ मा दिइएको छ ।

**तालिका १: राष्ट्रिय र गण्डकी प्रदेशको परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | समृद्धि र सुखका सूचक | एकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०८०/८१ | २१०० | २०७५/७६ | २०८०/८१ | २०८७/८८ |
| क. | **समृद्धिका सूचक** | | | | | | | |
| १ | औषत आर्थिक बृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ७.१ | १०.२ | १०.५ |
| २ | प्रति व्यक्ति आय | युएस.डि. | १०४७ | १५९५ | १२१०० | १०४३ | १९५६ | ३७२१ |
| ३ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | १९.४ | ९ | २८.२ | २३.७ | १७ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १२.५ | १६.७ | ३० | १४.२ | २२.४ | ३० |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१ | ५७.६ | ५३.९ | ५३ |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशतको अनुपात | प्रतिशत | १.३ | १ | १ | १.४ | १ | १ |
| ७ | अपेक्षित औषत आयु | वर्ष | ६९.७ | ७२ | ८० | ७१.७ | ७७ | ८० |
| ८ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ | २० | २३९ | ९९ | ७० |
| ९ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ३९ | २४ | ८ | २७ | २२ | १५ |
| १० | साक्षरता दर | प्रतिशत | ५८ | ९० | ९८ | ५५.६ | ९५ | ९८ |
| ११ | युवा साक्षरता दर | प्रतिशत | ८५ | ९९ | १०० | ८६ | ९९ | ९९ |
| १२ | आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९४.८ | ९९.५ | ९९.८ |
| १३ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | ३५.७ | ५० | ६० |
| १४ | वेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ | ९ | ४ | २ |
| १५ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | ३९.९ | ५५ | ६५ |
| १६ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (पक्की) | कि.मि. | ६९७९ | १५००० | ३३००० | ९३७ | ३४५० | ६९५० |
| १७ | ३० मिनेटको दूरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | ८० | ९६ | ९८ |
| १८ | विद्युतमा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९०.७ | ९९ | १०० | ८२.५ | १०० | १०० |

| क्र.सं. | समृद्धि र सुखका सूचक | एकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०८०/८१ | २१०० | २०७५/७६ | २०८०/८१ | २०८७/८८ |
| १९ | आधारभूत खानेपानी सुविधामा पहुँच उपलब्ध घरपरिवार | प्रतिशत | ९५ | ९९ | १०० | ९१ | १०० | १०० |
| २० | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | ७५ | १०० | ४८ | ८० | ९० |
| २१ | जलविद्युत उत्पादन जडित क्षमता | मेगावाट | १०७४ | ५००० | ४०००० | ४४९ | १५०० | ६००० |
| २२ | प्रति व्यक्ति प्रति वर्ष विद्युत उपयोग (किलोवाट घण्टा) | किलोवाट | १९८ | ७०० | ३५०० | १९० | ७५० | १७०० |
| २३ | कृषि उत्पादकत्व (धान, मकै र गहुँ) | मे.ट.प्रति हेक्टर | २.९७ | ४ | ६ | २.८ | ४ | ५ |
| **ख.** | **सुखका सूचक** | | | | | | | |
| १ | मानव विकास सूचकांक | मानक | ०.५७९ | ०.६२० | ०.७६० | ०.५९० | ०.६५० | ०.७०० |
| २ | गरिबीको रेखामुनी रहेका जनसंख्या | प्रतिशत | १८.७ | ११ | १ | १४.९ | ७.४ | २ |
| ३ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | १४.२ | ७.२ | २ |
| ४ | ५ वर्ष मुनीका तौल कम भएका बालबालिका | प्रतिशत | २७ | १५ | २ | २९ | १७ | १ |
| ५ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ८५.३ | ८९ | | ८१.७ | ८३ | ९५ |
| ६ | जीवनमा शारिरीक, मानसिक र यौन हिंसा पिडित महिला | प्रतिशत | २६.३ | १३ | | १६.९ | १० | १ |
| ७ | दर्ता भएका लैंङ्गिक हिंसालगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | ८२.७ | १०० | १०० |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | १७ | ६० | ८० |
| ९ | प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.१ | ९८ | ९९ | ९९ | ९९ | ९९ |
| १० | राष्ट्रिय परिचय पत्र प्राप्त नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० |
| ११ | ५ वर्ष मूनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ५६ | १०० | १०० | ६०.१ | १०० | १०० |
| १२ | आधारभूत खाद्य सुरक्षाको अवस्थामा रहेका घरपरिवार | प्रतिशत | ४८.२ | ७० | १०० | ५६ | ८० | ९० |

*स्रोत: प्रथम पञ्चबर्षिय योजना (आ.व. २०७६/७७-२०८०/८१), गण्डकी प्रदेश पोखरा, तालिका १*

### २.३.७ प्रथम पञ्चवर्षीय योजनाको कुल लगानी प्रक्षेपण

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनुसार योजना अवधिको क्षेत्रगत कुल पूँजीगत लगानीको प्रक्षेपण देहायअनुसार रहेको छ (तालिका २)।

| १२ | दिगो उपभोग तथा उत्पादन | १५३०९७ | १.३७ | १६५००८९ | ६.३८ | १४९६९९२ | ९७७.८१ |
| १३ | जलवायु परिवर्तन विरुद्ध लड्ने | २१८३४४ | १.९५ | ६९८६५१ | २.७० | ४८०३०७ | २१९.९८ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १२३०९११ | ११.०२ | ६५०३३३ | २.५१ | (५८०५७८ | (४७.१७ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ०.०० | ५६३५८ | ०.२२ | ५६३५८ | १००.०० |
| | **जम्मा** | १११७३७८२ | १००.०० | २५८७२४०० | १००.०० | १४६९८६१८ | |

*स्रोत: आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य, प्रदेश सरकार, गण्डकी प्रदेश, अर्थमन्त्रालय, पोखरा नेपाल, अनुसूची ८ । प्रदेश सरकार, गण्डकी प्रदेश, नीति तथा योजना आयोग (२०७८), मध्यमकालीन खर्च संरचना, २०७८, तालिका २.६.२*

## २.९.४ पञ्चवर्षिय योजना, शिक्षा क्षेत्र विकास योजना र शिक्षा नीतिबीच सामान्जस्यता

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजना, शिक्षा क्षेत्र विकास योजना र शिक्षा नीतिले लिएका दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू तालिका ८ मा प्रस्तुत गरिएको छ । तीनवटै दस्तावेजमा उल्लेखित सोच, ध्येय, लक्ष्य र उद्देश्यहरूमा केहीहदसम्म समान र केही फरक रुपले तयार भएका छन् तथापि तीनवटै दस्तावेजको आसय गुणस्तरीय शिक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु रहेको छ । यसर्थ, गण्डकी प्रदेशले निर्माण गरेको पहिलो पञ्चबर्षीय योजनाको भावना र आसयलाई प्रदेश शिक्षा क्षेत्र विकास योजना र प्रदेश शिक्षा नीति, २०७८ ले अनुसरण गर्ने प्रयास गरेको छ ।

**तालिका ८ः गण्डकी प्रदेशको पञ्चबर्षीय योजना, शिक्षा विकास योजना र शिक्षा नीतिको तुलना**

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश शिक्षा क्षेत्र विकास योजना (२०७८-२०८७) | प्रदेश शिक्षा नीति, २०७८ |
|---|---|---|---|
| सोच | शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच | गुणस्तरीय शिक्षामा समान पहुँच | गुणस्तरीय मानव पूँजीको अभिबृद्धि, गण्डकी प्रदेशको समृद्धि |
| ध्येय | | | सिर्जनशील, उद्यमशील एवम् प्रतिस्पर्धी दक्ष जनशक्तिको माध्यमबाट समृद्ध र आत्मनिर्भर प्रदेशको निर्माण गर्ने |
| लक्ष्य | राष्ट्रिय एवम अन्तर ाष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने | राष्ट्रिय एवम अन्तर्राष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने | सबै तह र प्रकारको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, प्रविधिमैत्री, रोजगार मूलक, नवप्रवर्तनात्मक एवम् उत्पादनमुखी बनाई प्रदेशको आवश्यकता अनुरुप समाज र मुलुकप्रति उत्तरदायी जनशक्ति विकास गर्ने |

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश शिक्षा क्षेत्र विकास योजना (२०७८-२०८७) | प्रदेश शिक्षा नीति, २०७८ |
|---|---|---|---|
| उद्देश्य | १. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु ।<br>२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।<br>३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु । | १. सबै तहको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी बनाउनु ।<br>२. प्राविधिक तथा व्यवसायीक शिक्षा र सिप विकासमा समतामूलक पहुँच, सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्नु ।<br>३. उच्च शिक्षालाई बैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाई प्रदेशलाई उत्कृष्ट शैक्षिक गन्तब्यको रुपमा विकास गर्नु<br>४. शैक्षिक संस्थाहरूको सक्षमतामा सुधार गरी जवाफदेहिता र सुशासनको प्रत्याभूति दिनु । | १. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु ।<br>२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।<br>३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु । |

*स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चबर्षीय योजना, २०७६/७७-२०८०/८१, शिक्षा क्षेत्र विकास योजना, २०७८-२०८७ र शिक्षा नीति, २०७८ ।*

### २.९.५ पञ्चवर्षिय योजना र स्थास्थ्य नीतिबीच सामान्जस्यता

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजना र स्वास्थ्य नीति, २०७८ ले लिएका दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू तालिका ९ मा प्रस्तुत गरिएको छ । यी दुई दस्तावेजहरूमा उल्लेखित सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू अक्षरमा समानरुपमा मेल नखाएपनि आसयले सुशी नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ । यसर्थ, गण्डकी प्रदेशले निर्माण गरेको पहिलो पञ्चबर्षीय योजनाको भावना र आसयलाई प्रदेश स्वास्थ्य नीति, २०७८ ले गर्ने प्रयास गरेको छ ।

**तालिका ९: गण्डकी प्रदेशको पञ्चबर्षीय योजना र स्वास्थ्य नीतिको तुलना**

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश स्वास्थ्य नीति, २०७८ |
|---|---|---|
| सोच | स्वस्थ र सुखी नागरिक | समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक |
| ध्येय | | स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको समुचित उपयोग गरी संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । |
| लक्ष्य | गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने । | सामाजिक न्याय, सुशासन र जवाफदेहितामा आधारित स्वास्थ्य प्रणालीको विकासका माध्यमबाट स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र उपभोग सुनिश्चित गर्दै स्वास्थ्यलाई समग्र विकासको एक प्रमुख आधार स्तम्भको रुपमा स्थापित गर्ने । |
| उद्देश्य | १. निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु<br>२. आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि गर्नु ।<br>३. स्वास्थ्य सम्वन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।<br>४. स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु | १. संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हर सुनिश्चित गर्नका लागि सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच र उपभोगको अवसर सिर्जना गर्नु ।<br>२. आधुनिक, आयुर्वेद तथा बैकल्पिक चिकित्सा मार्फत सुणस्तरीय प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक तथा विशेषज्ञ र विशिष्टकृत स्वास्थ्य सेवालाई समतामूलक रुपमा विकास गर्नु ।<br>३. स्वास्थ्य सेवा प्रवाहमा सरकारी (संघीय सरकार र स्थानीय सरकार), गैरसरकारी, सामुदायिक र निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्नु ।<br>४. सुशासन, पारदर्शिता, उत्तरदायी, जनमैत्री, जवाफदेही स्वास्थ्य प्रणालीको विकास गर्नु ।<br>५. सामाजिक सुरक्षाको महत्वपूर्ण अंगको रुपमा विकास गर्न स्वास्थ्य सेवामा समयानुकूल लगाी बढाउदै लैजानु ।<br>६. महामारीजन्य रोग तथा विपद्को पूर्व तयारी, निदान, उपचार, व्यवस्थापन र नियमन्त्रण गर्नु । |

*स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चबर्षीय योजना, २०७६/७७-२०८०/८१ र प्रदेश स्वास्थ्य नीति, २०७८ ।*

## २.१० सफल अभ्यासहरू

दिगो विकास लक्ष्यहरूको प्रदेश तथा स्थानीय तहमा स्थानीयकरणको सम्बन्धभा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय प्रयास तथा सफल केही सान्दर्भिक अभ्यासहरूलाई देहायअसार प्रस्तुत गरिएको छ :

### २.१०.१ अन्तर्राष्ट्रिय अभ्यास

सन् २०१५ अक्टोबरमा वेलारुस सरकारले दिगो विकास लक्ष्यहरूका लागि UN70 Belarus Express आयोजना गरेको थियो । भ्रमणको दौरान एक्सप्रेस रेलले हजारौ भ्रमणकर्ताहरूलाई आकर्षण गरेको थियो भने प्रत्येक विसौनीमा संयुक्त राष्ट्रसंघ र दिगो विकास लक्ष्यको बारेमा नागरिकलाई जानकारी दिन थुप्रै कार्यहरू सञ्चालन गरेको थियो । रेलभित्र तथा वाहिर निर्देशित भ्रमण, प्रवचन, कार्यशाला, सिनेमा, नाटक, नाच, संवाद कार्यक्रमहरू सञ्चालन गरिएका थिए । यात्राको क्रममा प्रत्येक क्षेत्रका कार्यकारी अध्यक्षले दिगो विकास लक्ष्यहरू प्रतिद्धताको घोषणा गरेका थिए ।

स्पेन सरकारले सन् २०३० को एजेण्डा हासिल गर्न स्थानीय निकाय र नागरिक समाज संस्थाहरूको सहभागिताको महत्वमा जोड दिएको थियो । विश्वविद्यालय र विद्यालयहरूसँग दिगो विकास लक्ष्यहरूको सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्न नगरपालिका महासंघ, गैर सरकारी संस्थाहरूको गठबन्धनमा संस्थागत संयन्त्रको स्थापना गरिएको थियो । विभिन्न सरकारी निकायहरूमा दिगो विकास लक्ष्यहरू समावेश गरी नीतिगत एकरुपता प्रवर्द्धन गर्न विभिन्न उपायहरू सञ्चालन गरिएको थियो ।

सन् २०१८ युरोपियन युनियनको नीतिमा सुधार ल्याउन विशेषगरी स्थानीय निकायको सहभागिताका युरोपियन युनियनभित्र तथा वाहिरका २६ साझेदार तथा २० सहयोगी निकायहरू विशेष गरी स्थानीय निकाय तथा नागरिक समाज संस्थाहरू LADDER Project (Local Authorities as Drivers for Development Eduction and Raising Awareness) सञ्चालनमा ल्याइएको थियो । यसमा परियोजनामा दिगो विकास लक्ष्य सम्बन्धमा सचेतना अभिवृद्धि गर्न क्षमता सुदृढ गर्ने, सूचना तथा सचेतना अभिवृद्धि गर्ने, पारस्परिक सहयोगलाई विकास र अभिवृद्धि गर्ने र सिर्जनशील विधिको विकास गर्ने जस्ता कुराहरू समावेश गरिएको थियो ।

सन् २०१६ मा तत्कालीन संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनले सन् २०३० मा दिगो विकास लक्ष्य हासिल गर्ने प्रक्रियामा गति ल्याउन तथा प्रतिवद्धताको लागि १७ जना सुप्रसिद्ध विद्वान व्यक्तिहरूलाई नियुक्त गर्नु भएको थियो । दिगो विकास लक्ष्यका उपरोक्त १७ पैरवीकर्ताहरूले नागरिक समाज, प्राज्ञिक संस्था, संसद र निजी क्षेत्रका साझेदारहरूसँग धरातलीय यथार्थ विचार र विधिको विकास गरी दिगो विकास लक्ष्यहरूको कार्यान्वयनलाई प्रवर्द्धन गरेका थिए ।

दक्षिण अफ्रिकाको मानव बस्ती राष्ट्रिय मन्त्रालयले दिगो शहर तथा मानव वस्ती सम्बन्धी

दिगो विकास लक्ष्य ११ को दृष्टिकोणबाट एकीकृत मानव बस्ती सम्बन्धी नीतिगत, कानूनी तथा प्रक्रियागत ढाँचालाई समीक्षा गरिएको छ ।

नेदरल्याण्डका आधाभन्दा बढी नगरपालिकाहरू सहभागि भएर दिगो विकास लक्ष्यहरूको बारेमा जनचेनता अभिवृद्धि गर्ने, स्थानीय सरोकारवालाको सहभागिताको सन्दर्भमा सहजीकरण गर्ने, नगरपालिकाको आफ्ना नीतिहरूलाई दिगो विकास लक्ष्यहरूसँगको समायोजनको परीक्षण गर्ने, नेदरल्याण्ड भित्र र वाहिरका नगरपालिकाहरू बीच अनुभव आदानप्रदान गर्ने आदि जस्ता अभियान सञ्चालन गरेका थिए ।

उपराष्ट्रिय सरकारहरूले संचारकर्मीका लागि तालिम लगायतका गतिविधिहरू सञ्चालन गर्ने र सामाजिक सञ्जालका माध्यमहरू प्रचलित तथा नयाँ सञ्चारका अन्य माध्यमहरूमार्फत दिगो विकास लक्ष्यहरू बारेमा प्रचार प्रसार गर्नुपर्दछ । दिगो विकास लक्ष्यको बारेमा जानकारी गराउन तथा स्थानीय युवा वर्गमा यस बारेमा गहिरो बुझाइ ल्याउन शिक्षा एक उपयुक्त माध्यम हुन सक्दछ । शिक्षा प्रयासहरू अन्तर्गत औपचारिक र अनौपचारिक दुबै तहको शिक्षा हुन सक्दछ ।

### २.१०.२ **राष्ट्रिय अभ्यासहरू**

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्न राज्यको पुनसंरचना पश्चात दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३० ले मार्गनिर्देशन गरे अनुसार प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्यको स्थानीयकरणको विभिन्न प्रयास र अभ्यासहरू भएका छन् केही अभ्यास देहायअनुसार प्रस्तुत गरिएको छः

दिगो विकास लक्ष्य प्रतिबद्धतासँगै नेपालमा नयाँ संविधान जारी भई संघीय प्रणालीमा प्रवेश गरेको छ । संघीय शासन प्रणालीको कार्यान्वयन पश्चात नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनाबाट राज्य संचालन हुँदै आएको छ । संघीय शासन प्रणाली अनुसारको राज्य सञ्चालन पश्चात नेपाल सरकारले चौधौ योजनामा समावेश गरी दिगो विकास लक्ष्यहरूको विकासको प्रक्रियामा आन्तरिकीकरण शुरुवात गऱ्यो । सो पश्चात नेपालले संघीय संरचनामा आधारित भई दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावि मार्गचित्र: २०१६-२०३० तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको छ । यसका साथै डिसेम्बर २०१८ मा नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता लेखाजोखा, लागत तथा लगानी रणनीति सम्बन्धी प्रतिवेदन तयार गरिएको छ । यसैगरी दिगो विकास लक्ष्य सम्बन्धी प्रगति प्रतिवेदन तयार गरेको छ र चौधौं योजनाको अन्तसँगै दिगो विकास लक्ष्यलाई पूर्ण रुपमा आन्तरिकीकरण गरी भिजन

२१०० सहित पन्ध्रौ योजना तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । नेपाल सरकारले संघीयता कार्यान्वयन पश्चात तर्जुमा गरेको मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्यको प्राथमिकीकरण र सांकेतीकरणको अभ्यास गरिएको छ ।

संघीय शासन प्रणाली अनुसार दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न दिगो विकास लक्ष्यको उपराष्ट्रिय तहका सूचकहरू निर्धारण गरिएको छ । सो बमोजिम प्रदेश सरकारहरूले आ-आफ्ना प्रदेशको प्रथम योजनामा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने प्रयास गरेका छन् । दिगो विकास लक्ष्यलाई प्रदेश तथा स्थानीय तहको विकास प्रक्रियामा एकीकरण गर्न गण्डकी प्रदेश लगायत अन्य प्रदेशले दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन तयार गरेका छन् । प्रदेश नम्बर १, वागमती प्रदेश र कर्णाली प्रदेशले दिगो विकास लक्ष्यको स्थानीयकरणको मार्गचित्र तयार गरी सो अनुसार नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट तथा कार्यक्रम मार्फत लगानी र कार्यान्वयन गर्ने प्रयास गरिहेका छन् । प्रदेश सरकारहरूले पनि मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यको ख्याल गरी आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण र सांकेतीकरण गरी बजेट विनियोजन गर्दै आइरहेका छन् । गण्डकी प्रदेश सरकारको गत आर्थिक वर्ष २०७७/७८ र चालु आर्थिक वर्ष २०७८/७९ को दिगो विकास लक्ष्यको सांकेतीकरण र लक्ष्य अनुसार बजेट विनियोजनको विवरण देहायअनुसार तालिका १० र ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका १०: आ.व. २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रममा दिविल सांकतीकरण र बजेट बाँडफाँड**

| संकेत | दिगो विकास लक्ष्य | बजेट (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | १०६८०० | ०.३१ |
| ६ | दिगो तथा सफा पानी र सरसफाइ | २२०१३ | ०.०६ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २७१५९ | ०.०८ |
| ० | सांकेतीकरण नगरिएको | ३४६८६१८८ | ९९.५५ |
| | **जम्मा** | ३४८४२१६० | १०० |

*स्रोत: गण्डकी प्रदेशको आ.व. २०७७/७८ बार्षिक बजेट तथा कार्यक्रम*

*आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमले दिविलको लक्ष्यहरू १, ३, ४, ६, १२, १३, १६ र १७ का आधारमा बजेट विनियोजन गरेको छ भने बाँकी लक्ष्यहरूलाई निर्दिष्ट गरी बजेट विनियोजन गरेको छैन । सांकेतीकरण नगरी एकमुष्ठ ठूलो रकम विनियोजन गरिएको छ ।*

**तालिका ११ः आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको दिविल अनुसार सांकेतीकरण र बजेट बाँडफाँड**

| संकेत | दिगो विकास लक्ष्य | बजेट (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबीको अन्त्य | ८२०२९ | ०.३२ |
| ३ | स्वस्थ जीवन | १४१४८५८ | ५.४७ |
| ४ | गुणस्तरीय शिक्षा | ४०१५७ | ०.१६ |
| ६ | दिगो तथा सफा पानी र सरसफाइ | १९५७८४७ | ७.५६ |
| १२ | दिगो उपयोग र उत्पादन | १६५००८९ | ६.३८ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ६९८६५१ | २.७० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ६५०३३३ | २.५१ |
| १७ | दिगो विकासका लागि साझेदारी | ५६३५८ | ०.२२ |
| ० | सांकेतीकरण नगरिएको | १९३२२०७८ | ७४.६८ |
| | **जम्मा** | २५८७२४०० | १०० |

*स्रोतः गण्डकी प्रदेशको आ.व. २०७८/७९ बार्षिक बजेट तथा कार्यक्रम*

राष्ट्रिय योजना आयोगले तय गरेको दिगो विकास लक्ष्यको प्रदेश तथा स्थानीय तह (उपराष्ट्रिय तह) का सूचकअनुसार नगरपालिका तथा गाउँपालिकाहरूले पनि दिगो विकास लक्ष्यहरूको परिमाणात्मक लक्ष्य तथा सूचकहरू आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिरहेका छन् । उदाहरणको लागि सुदूर पश्चिम प्रदेशको कैलाली जिल्लास्थित धनगढी उप- महानगरपालिकाले दिगो विकास लक्ष्य कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको अभ्यास गरिरहेको छ। यसैगरी अन्य गाउँपालिका तथा नगरपालिकाले दिगो विकास लक्ष्यलाई योजना, बजेट तथा कार्यक्रममा समावेशी गरी कार्यान्वयन गर्ने र प्रगति अनुगमन गरी प्रतिवेदन गर्ने गरिएका छन् ।

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य  सम्वन्धी आधार तथ्याङ्क प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदनले यस प्रदेशमा दिगो विकास लक्ष्यका सूचकहरूको आधार तथ्याङ्कको वर्तमान अवस्थाको विश्लेषण गरेको छ। त्यसै गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र सुदृढीकरण गर्ने र दिगो विकास लक्ष्यका अनुगमन साधनहरूको पहिचान गरेको छ । यस प्रतिवेदनले योजना तथा बजेट निर्माणमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने तीनवटा आयामहरू (अर्थतन्त्र, समाज र वातावरण) र पाँचवटा समूहहरू (जनता, समृद्धि, पृथ्वी, शान्ति र साझेदारी) छुट्याएको छ ।

# परिच्छेद ३: दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र

## ३.१ पृष्ठभूमि

दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने पक्ष राष्ट्रको रुपमा नेपाल सरकारले हस्ताक्षर गरी प्रतिवद्धता जनाएको छ । सो बमोजिम नीति, योजना तथा कार्यक्रममा दिगो विकास लक्ष्यलाई एकीकृत गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनमा समन्वयको लागि संघीय तहमा राष्ट्रिय योजना आयोग मुख्य निकायको रुपमा रहेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६ - २०३० र दिगो विकास लक्ष्य सम्बन्धी अन्य अध्ययनले मुलकमा दिगो विकासको नतिजा वहुप्रभाव हासिल गर्न दिगो विकास लक्ष्यको स्थानीयकरणको रणनीति, विविध लगानीको संभावना र शासन प्रणालीमा सुधार तथा प्रभावकारी साझेदारी संयन्त्रको संभावनाको पहिचान गरेको छ । दिगो विकास लक्ष्य स्थानीयकरणलाई नेपाल सरकारले प्राथमिकतामा राखे जस्तै गण्डकी प्रदेशले पनि दिविललाई पालिकातहसम्म स्थानीयकरण गर्ने रणनीति बनाएको छ । दिविल लक्ष्य हासिल गर्न गण्डकी प्रदेशले पर्यटन क्षेत्रको विकासका लागि 'दिगो पर्यटन पुनरुत्थान परियोजना' कार्यान्वयनमा जोड् दिनु पर्दछ । यसैगरी सेवा प्रवाहको प्रभावकारिता, जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि, तथ्यांकको व्यवस्थापन, अनुभवको आदानप्रदान, दिगो उद्योग र कृषि पुनरुत्थान कार्यक्रमको सञ्चालन, पर्वतमालाको संरक्षण र वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानी बृद्धि गर्न जरुरी छ ।

जस अनुसार पहिलो भागमा नेपालको विकासको पुनरावलोकन, दोस्रो भागमा दिगो विकास लक्ष्य कार्यान्वयनका चरणहरू (पहिचान, नीतिगत/कार्यक्रम सम्वन्धी औजारहरू, लगानी र संस्थाहरू) र तेस्रो तथा अन्तिम भागमा प्रगति अनुगमनका लागि खाकाहरू समावेश गरिएको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्र नेपाल सरकारले तयार गरेको दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० लाई आधार मानि तयार गरिएको छ ।

## ३.२ दिगो विकास लक्ष्यको प्रादेशिक सान्दर्भिक सूचकहरू

नेपाल सरकारले परिभाषित गरेका दिगो विकास लक्ष्यका ४७९ वटा राष्ट्रिय सूचकहरू मध्ये गण्डकी प्रदेशमा १३९ वटा अर्थात २९ प्रतिशत सूचकहरूको मात्र खण्डीकृत आधाररेखा तथ्याङ्क उपलब्ध रहेको गण्डकी प्रदेशको दिगो विकास लक्ष्य सम्बन्धी आधाररेखा प्रतिवेदनले

देखाएको छ । आधाररेखा सूचना सहितको उक्त सूचकहरूको निश्चित समयावधीमा प्रतिवेदन गर्नु पर्नेछ। त्यसैगरी १२५ अर्थात २६ प्रतिशत सूचकहरू यस प्रदेशका लागि सान्दर्भिक छन् तर उक्त सूचकहरूको आधाररेखा तथ्याङ्क उपलब्ध रहेको छैन । जब नयाँ सर्भेक्षण तथा प्रशासनिक तथ्याङ्कद्वारा यस सम्बन्धी आधाररेखा सूचना उपलब्ध हुन्छ, तब यस सम्बन्धी सूचकहरूको प्रतिवेदन गरिन्छ । साथै २१५ वटा सूचकहरू राष्ट्रिय रुपमा महत्वपूर्ण रहेका छन् भने यस प्रदेशका लागि कम सान्दर्भिक रहेका छन्, जसको आधाररेखा सूचना पनि उपलब्ध रहेको छैन र यस सम्बन्धमा नियमित रुपमा प्रतिवेदन समेत गर्न सकिदैन ।

साथै, घरपरिवार र अन्य सर्वेक्षणहरू पनि नियमित रुपमा र पात्रो अनुरुप सञ्चालन नहुने हुदाँ थप समस्या हुने गरेको छ। तसर्थ तथ्याङ्कमा रहेको अभाव पूर्ति गर्न गण्डकी प्रदेशले आवश्यक पहल गर्नु पर्नेछ। किनकी दिगो विकास लक्ष्य हासिल भए नभएको कुरा थाहा पाउन भरपर्दो तथ्याङ्कको आवश्यकता हुन्छ। त्यसैकारण गण्डकी प्रदेशले गतिशील तथ्याङ्क व्यवस्थापन प्रणाली लागु गर्नु पर्नेछ । दिविलहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरणका लागि गण्डकी प्रदेशको उच्च प्राथमिकता  रहनेछ। गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य सूचकहरूको लागि तथ्याङ्कको उपलब्धता र आवश्यकता सम्बन्धी विवरण देहाअनुसार तालिका १२ मा प्रस्तुत गरिएको छ।

**तालिका १२: गण्डकी प्रदेशमा दिविल सूचकहरूका लागि तथ्याङ्क उपलबधता र अभाव**

| दिविलहरू | अन्तर्राष्ट्रिय रुपमा दिविल र परिमाणात्मक लक्ष्यका लागि पहिचान गरिएका सूचकहरूको संख्या | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले राष्ट्रियस्तरमाथप गरेका सूचकहरू | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले पहिचान गरेका कुल सूचकहरू | गण्डकी प्रदेशमा आधाररेखा सूचना भएका राष्ट्रिय सूचकहरू | गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका सूचकहरू | आधाररेखा सूचना नभएका राष्ट्रिय रुपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचकहरू | कुल सूचकहरू |
|---|---|---|---|---|---|---|---|
| १ | १४ | ४७ | २८ | १४ | ७ | ७ | २८ |
| २ | १३ | १७ | ३० | ८ | ७ | १५ | ३० |
| ३ | २७ | ३२ | ५९ | २१ | २५ | १३ | ५९ |
| ४ | ११ | ३५ | ४६ | १५ | ११ | २० | ४६ |
| ५ | १४ | २२ | ३६ | १६ | ७ | १३ | ३६ |
| ६ | ११ | १४ | २५ | १३ | ६ | ६ | २५ |
| ७ | ६ | ९ | १५ | ६ | ४ | ५ | १५ |
| ८ | १७ | १४ | ३१ | १८ | ४ | ९ | ३१ |

| दिविलहरू | अन्तर्राष्ट्रिय रुपमा दिविल र परिमाणात्मक लक्ष्यका लागि पहिचान गरिएका सूचकहरूको संख्या | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले राष्ट्रियस्तरमाथप गरेका सूचकहरू | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले पहिचान गरेका कुल सूचकहरू | गण्डकी प्रदेशमा आधाररेखा सूचना भएका राष्ट्रिय सूचकहरू | गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका सूचकहरू | आधाररेखा सूचना नभएका राष्ट्रिय रुपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचकहरू | कुल सूचकहरू |
|---|---|---|---|---|---|---|---|
| ९ | १२ | ८ | २० | ५ | ६ | ९ | २० |
| १० | ११ | १६ | २७ | ५ | १० | १२ | २७ |
| ११ | १५ | १५ | ३० | ५ | ६ | १९ | ३० |
| १२ | १३ | १० | २३ | १ | ५ | १७ | २३ |
| १३ | ८ | ११ | १९ | २ | ७ | १० | १९ |
| १४ | १० | ० | १०[डङ] | ० | ० | १० | १० |
| १५ | १४ | १७ | ३१ | ४ | ९ | १८ | ३१ |
| १६ | २३ | ८ | ३१ | ३ | ५ | २३ | ३१ |
| १७ | २५ | ३ | २८ | ३ | ६ | १९ | २८ |
| **कुल** | **२४४-१०=२३४** | **२४५** | ४८९-१० =४७९** | **१३९** | **१२५** | **२२५** | ४८९ |

*नोट : *१० सूचकहरू विभिन्न लक्ष्यहरूमा दोहोरिएका छन् । **नेपालका लागि असान्दर्भिक*

*स्रोतः प्रदेश नीति तथा योजना आयोग (२०७६), दिगो विकासका लक्ष्यहरू, गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन, तालिका १ ।*

दिविल सम्बन्धी प्रमुख तथ्याङ्क राष्ट्रिय जीविकोपार्जन सर्भेक्षण (२०११), राष्ट्रिय जनसंख्या र स्वास्थ्य सर्भेक्षण (२०१६) र राष्ट्रिय जनगणना (२०२२) बाट अनुमान गरिएको छ। अनुमानित २९ प्रतिशत तथ्याङ्क राष्ट्रिय जनसंख्या तथा स्वास्थ्य सर्भेक्षण, ३२ प्रतिशत तथ्याङ्क रीष्ट्रिय जीवनस्तर सर्भेक्षण र बाँकी विषयगत मन्त्रालयको प्रशासनिक तथ्याङ्क र गण्डकी प्रदेशको स्थिति पत्रबाट लिइएको छ। प्रदेशमा दिगो विकास लक्ष्यको उपलब्धी मापनको तथ्याङ्कको कमी रहेको छ । दिगो विकास लक्ष्यमा भएको प्रगति मापनको तथ्याङ्कको कमी पूरा गर्ने कार्यलाई प्रदेशको प्राथमिकता दिन आवश्यक छ ।

दिगो विकास लक्ष्यको सफलता मापनको लागि एक गतिशिल तथ्याङ्क व्यवस्थापन प्रणाली अपरिहार्य रहन्छ। जसले आर्थिक वृद्धि, दिगो विकास लक्ष्यमा भएको प्रगतिलाई प्रोत्साहन गर्ने र पारदर्शिता स्थापना गर्न निरन्तर पृष्ठपोषण प्रदान गर्दछ। गण्डकी प्रदेश सरकारले दिगो विकास लक्ष्य प्राप्तिमा भएको उपलब्धि अनुगमन तथा लेखाजोखा गर्न प्रदेश स्तरीय तथ्याङ्क प्रणालीको

विकास र सुधार गरी तथ्याङ्कको कमीलाई पूरा गर्ने निरन्तर प्रयास गर्नुपर्दछ ।

उपरोक्त तालिका १२ बमोजिम गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका १२५ वटा सूचकहरूको राष्ट्रिय जनगणना २०७८, जीवनस्तर सर्भेक्षण, नेपाल कृषि गणना, औद्योगिक सर्भेक्षण, जलवायु परिवर्तन प्रभाव मूल्याङ्कन प्रतिवेदन, प्रशासनिक तथ्याङ्क उपलब्धताको आधारमा आधारेखा तथा लक्ष्य तयार गरी मार्गचित्रमा अद्यावधिक गर्दै लग्नु पर्नेछ ।

### ३.३ दिगो विकास लक्ष्य कार्यान्वयन

दिगो विकासको आकांक्षालाई साकार पार्न गण्डकी प्रदेशले दिगो विकासका एजेण्डालाई अर्थ, समाज र वातावरण सहित तीन आयाममा मार्गनिर्देशित गरी नीतिमार्फत कार्यान्वयन गर्न प्रदेशको नेतृत्व गर्नेछ । यसका लागि विश्वव्यापी लक्ष्यका प्रत्येक क्षेत्रका सवालहरूमा अन्तरक्रिया र सहक्रिया (Synergy) लाई बढवा दिनु आवश्यक छ। विभिन्न प्राथमिकताको क्षेत्र र एक लक्ष्यमा भएको प्रगतिले अर्को लक्ष्य वा क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भन्ने आधारमा दिगो विकास लक्ष्य कार्यान्वयनको नतिजा मापन एकीकृत र मौलिक रुपले गर्नु पर्दछ। गण्डकी प्रदेशले एजेण्डा २०३० अनुरुप र राष्ट्रिय दीर्घकालीन सोचलाई परिपूरणका लागि '**समृद्ध प्रदेश, खुशी नागरिक**' को दीर्घकालीन सोच अगाडी सारेको छ । उक्त दीर्घकालीन सोच प्राप्त गर्न गण्डकी प्रदेशले दिगो विकासलाई निम्न आयाममा विभक्त गरी कार्यान्वयन खाका बनाएको छ।

#### ३.३.१ नागरिक र समाज (दिगो विकास लक्ष्य १, २, ३, ४ र ५)

यस अन्तरगत दिविल १ (गरिबीको अन्त्य), दिविल २ (शून्य भोकमरी), दिविल ३ (राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन), दिविल ४ (गुणस्तरीय शिक्षा) र दिविल ५ (लैङ्गिक समानता) लाई समेटिएको छ।  राष्ट्रिय गरिबीको रेखामुनीको गरिबीको हेडकाउण्ट दर १४.९१ बाट सन् २०२३ सम्ममा ७.४१ मा झार्ने र २०३० सम्ममा गरिबी उन्मुलन गर्नका लागि विद्यमान गरिबीको दरलाई बार्षिक १.५ का दरले घटाउनु पर्ने देखिन्छ। गरिबी न्यूनीकरणलाई सशक्तीकरण, शिक्षा, निरोगिता र अपेक्षित आयु बीचको सकारात्मक अन्तरक्रियाको रुपमा हेरिनुपर्दछ । यसका लागि प्रदेशको आय तथा उपभोगमा तल्लो २० प्रतिशत जनसंख्याको योगदान र रोजगारीका औपचारिक क्षेत्रहरूमा नागरिकको संलग्नता बृद्धि गर्न आवश्यक रहेको छ। श्रमशक्तिको पक्षमा उत्पादन र आय वृद्धिको प्रक्रियालाई पुनसंरचना गरी तल्लो २० प्रतिशतको हिस्साको वृद्धि औषत भन्दा बढी हुन आवश्यक रहेको छ। यद्यपि, गरिब घरपरिवारको वास्तविक पहिचान एक

प्रमुख चूनौतीको रुपमा रहेको छ। त्यसकारण गण्डकी प्रदेशले गरिबी न्यूनीकरणका लागि प्रथम पञ्चवर्षीय योजना, बार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत एकीकृत तथा वृहत रणनीति अबलम्बन गरेको छ । यस रणनीतिले गण्डकी प्रदेशमा गरिबीको आयामबारे बुझ्न र गरिबी निवारणलाई अपेक्षित उपलब्धिको रुपमा लिई विभिन्न क्षेत्रहरूबीचको अन्तरसम्बन्ध स्थापना गर्न यसले ठूलो अवसरको रुपमा कार्य गर्नेछ ।

यसका साथै जनसांख्यिक लाभबाट फाइदा लिन गण्डकी प्रदेशको नीति, योजना तथा कार्यक्रमले संरचनागत रुपान्तरण आर्थिक रुपले क्रियाशिल जनसंख्यालाई उत्पादनशील क्षेत्रमा एकीकृत गर्न जोड दिएको छ । प्रदेशको अर्थतन्त्रलाई पर्यटन, कृषि, ऊर्जा, उद्योग तथा सेवा क्षेत्रले योगदान गरिरहेको छ । पर्यटन क्षेत्रले अन्य उत्पादनशील तथा सेवा क्षेत्रहरू बीच अन्तरसम्बन्ध स्थापित गर्नेछ । कृषि क्षेत्रको मूल्य श्रृङखलाले पर्यटनको मूल्य श्रृङखलालाई सहयोग गर्नेछ भने स्थानीय पर्यटकीय क्षेत्रले कृषि उत्पादनको बजारीकरण सहयोग पुऱ्याउने छ। स्थानीय उत्पादनकर्तासँग सहकार्य गरी पर्यटन क्षेत्रको विकास गर्नु पर्दछ र जसले प्रदेशको उच्च आर्थिक बृद्धिमा सहयोग पुग्नेछ ।

गण्डकी प्रदेशमा ५ वर्ष मुनीका २८.९ प्रतिशत बालबालिका कुपोषित छन् । दिगो विकासको लक्ष्य पूरा गर्न बार्षिक औषत १.२ प्रतिशतले पुड्कोपन तथा ख्याउटेको न्यूनीकरण गर्नु पर्ने देखिन्छ । यस लक्ष्यलाई पूरा गर्न खाद्य आपूर्ती, सुक्ष्म पोषक तत्व उपभोग र झाडापखालाको नियन्त्रण एकीकृत अवधारणालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ । यसका लागि प्रदेश सरकारले जमिनको उत्पादकत्वलाई बढाउने र खाद्यान्नको मूल्य श्रृङ्खला सुचारु गर्नुपर्ने देखिन्छ । यसका लागि (क) जमीनमा कृषकको पहुँच, (ख) कृषिमा अतिरिक्त श्रमशक्तिलाई सेवा तथा उद्योग क्षेत्र परिचालन र (ग) कृषकहरूमा बजार सूचनाको उपलब्धता उपायहरूमा जोड दिन पर्दछ ।

सन् २०३० सम्ममा प्रजनन् स्वास्थ्यबाट हुने विरामी दरको विभिन्न आयामहरूको सामाना गर्दै विश्वव्यापी प्रजनन् स्वास्थ्य उपचार सेवालाई सुनिश्चित गरी ५ वर्ष मुनीका बालमुत्य दरलाई प्रति हजार २७ बाट १५ मा झार्ने र नवजात शिशु मृत्युदर प्रति हजार १५ बाट ३ मा झार्ने स्वास्थ्य क्षेत्रको चुनौती रहेको छ । महिलाको साक्षरता दर बृद्धि गर्ने र युवाहरूमा शतप्रतिशत साक्षरता दर पुऱ्याउने लक्ष्यले शिक्षा क्षेत्रमा पुनसंरचनाको संकेत गर्दछ ।

लैंङ्गिक समानता र सामाजिक समावेशीकरण तथा महिला सशक्तीकरण प्राप्ति यस क्षेत्रको अर्को चुनौती हो । यसका लागि आर्थिक क्षेत्रमा हस्तक्षेपका कार्यक्रम सहित सामाजिक क्षेत्रको पुनसंरचना आवश्यक देखिन्छ । बालिका र महिला विरुद्ध हुने हिंसा करिव १६ प्रतिशतको दरमा

छ र यसलाइ उन्मूलन गर्न आवश्यक छ । हाल प्रदेश सभामा एक तिहाई र स्थानीय तहमा ४१ प्रतिशतको हाराहारीमा महिलाको सहभागिता छ र यस्ता सार्वजनिक नीति निर्माण तह र व्यावसायिक कार्यालयहरूमा महिलाहरूको सहभागिता बढाउने कार्यलाई निरन्तरता दिइनेछ । बजारमा आधारित नीतिगत औजारमार्फत असमानता नियन्त्रण गर्नु पनि कठिन कार्य हुनेछ । तसर्थ गरिबमुखी आर्थिक वृद्धि नीति तथा कार्यक्रमहरूका साथै ठोस वितरणजन्य उपायहरू अवलम्बन गरिनेछन् । तथापि, कुल आयमा तल्लो ४० प्रतिशतको हिस्सा बढाउन कठिन छ । हाल, जनसङ्ख्याको तल्लो ४० प्रतिशतको कुल आयमा हिस्सा केवल ७.८ प्रतिशत रहेको छ, र यो क्षेत्रमा केही उल्लेखनीय उपलब्धि हासिल गर्ने हो भने कम्तीमा पनि २२ प्रतिशतले बढाएर कुल आयको ३० प्रतिशतमा ल्याउनुपर्छ । यो कार्यलाई प्रदेश सरकारले प्राथमिकता दिएर कार्यान्वयन गर्नेछ ।

खाद्य असुरक्षा र भोकमरीलाई सम्बोधन गर्ने दिगो समाधानका रूपमा गण्डकी प्रदेशले खाद्यान्नको उत्पादनमा वृद्धि गर्ने, कृषिजन्य उत्पादकत्व वृद्धिमा जोड दिंदै गरिबी न्यूनीकरणलाई द्रूत गति प्रदान गर्ने र खाद्यान्नको वितरणमा सुधार ल्याउने कार्य गर्नेछ । प्रदेशमा झण्डै दुई तिहाई जनता कृषिमा संलग्न छन्, त्यसैकारण कृषिजन्य उत्पादकत्वमा सामान्य सुधारले पनि गरिबीमा उल्लेखनीय गिरावट आउनसक्छ । यस सन्दर्भमा, कृषि क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण प्रक्रियाको थालनी गरिनेछ । यसले दिगो विकास लक्ष्यहरूले परिकल्पना गरेअनुरूप उल्लेखनीय मात्रामा कृषि उत्पादकत्वमा वृद्धि ल्याउनेछ । प्रदेशले भोकमरीका लागि मात्र नभई गरिबी न्यूनीकरण, रोजगार सिर्जना र आयमा रहेको असमानता कम गर्ने कार्यका लागि अन्य विविध आर्थिक कार्यहरू गर्नेछ ।

### ३.३.२ **समृद्धि र ग्रह (दिगो विकास लक्ष्य ६, ७, ८, १०, ११, १२, १३, १५)**

यस अन्तरगत दिविल ६ (स्वच्छ खानेपानी तथा सरसफाई), दिविल ७ (धान्न सक्ने तथा स्वच्छ उर्जा), दिविल १० (असमानतामा कमी), दिविल ११ (दिगो सहर तथा समुदाय), दिविल १२ (दिगो उपभोग तथा उत्पादन), दिविल १३ (जलवायु परिवर्तन) र दिविल १५ (जमिनमाथिको जीवन) लाई समेटिएको छ । गण्डकी प्रदेशले निर्माण गरेको दिविल आधार तथ्याङ्क प्रतिवेदन, २०७६ अनुसार यस प्रदेशले पर्यटन (दिविल १ र ८), कृषि (दिविल २ र १२), ऊर्जा (दिविल ७), उद्योग (दिविल ८ र १२), पूर्वाधार (दिविल ९), मानव संसाधन (दिविल ३, ५ र ६) र असल शासन तथा शासकीय सुधार (दिविल १६) गरी समृद्धिका सात वटा मुख्य संबाहकहरूको पहिचान गरेको छ । यी संबाहक क्षेत्रहरूले गण्डकी प्रदेशमा समृद्धि ल्याउनमा

महत्वपूर्ण भूमिका निर्वाह गर्ने छन् । प्रदेशले विकास नीतिहरूमार्फत पर्यटन र कृषि क्षेत्रलाई जोड्नेछ र मूल्य शृङ्खला सहकार्यका लागि पूर्वाधारको निर्माण गर्नेछ । उदाहरणका लागिः वालिङ, पर्वत र म्याग्दीमा हुने कृषिजन्य (दिविल २) क्रियाकलापहरूलाई पोखरा, जोमसोम र बन्दीपुरको आतिथ्य सेवा क्षेत्र (होटल) को आपूर्ति चक्रमा जोडिने छ। आर्थिक क्रियाकलापका लागि आवश्यक औद्योगिक ऊर्जाको माग ३ हजार मेगावाट विद्युत उत्पादनमार्फत र सबैलाई ऊर्जामा पहुँच सुनिश्चित गरेर (दिविल ७) पूरा गरिनेछ। पूर्वाधार विकासका लागि आवश्यक लगानी (दिविल ९) सार्वजनिक तथा निजी साझेदारीमार्फत पूर्ति गरिनेछ । साथै, कृषिजन्य उत्पादकत्व प्रवर्द्धनका लागि कौशलता र सीप विकास, प्रविधि र उद्यमशीलता आवश्यक हुन्छ। तालिम कार्यक्रमहरू आर्थिक विकासलाई टेवा पुग्ने तरिकाले विकसित गरिने छन्, जसमार्फत आर्थिक आवश्यकताअनुरूपको सीप र मर्यादित रोजगारीको आपूर्ति (दिविल ८) हुनेछ । कृषि क्षेत्रको यान्त्रिकीकरणका लागि नयाँ प्रविधिको प्रयोग गरी उत्पादन खर्चलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याईनेछ ।

समृद्धिका पाँच मुख्य सहयोगीका रुपमा गण्डकी प्रदेशले प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधताबीच एकता, साँस्कृतिक समृद्धि, सहअस्तित्व र पहिचान र जनसाङ्ख्यिक लाभलाई मानेकोछ । यस प्रदेशको पयर्टन क्षेत्रको विकासका लागि मुख्य आकर्षणका रुपमा पदमार्ग, ताल र ठूला हिमालहरू जस्ता प्राकृतिक सौन्दर्यलाई लिईएको छ । यसका अतिरिक्त, गण्डकी प्रदेशको झण्डै ४६ प्रतिशत भूभाग राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे वन आरक्ष र ढोरपाटन शिकार आरक्षलगायत संरक्षण क्षेत्रले ओगटेका छन । प्रदेश सामाजिक विविधताले पनि समृद्ध छ र यहाँको खानाको संस्कृतिलाई अतिरिक्त आर्कषणका रूपमा लिन सकिन्छ। श्रमिक वर्गका रूपमा मानिने १५ देखि ५९ वर्ष उमेरको जनसङ्ख्या करिव ५६.९ प्रतिशत रहेको छ। आर्थिक रुपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेरको जनसंख्या जसको अनुपात गण्डकी प्रदेशमा ५६.९ प्रतिशत छ) लाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर प्रदेशले जनसाङ्ख्यिक लाभको फाइदा लिनेछ । प्रदेश सरकारले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता हुनेछ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पृथ्वी लोकमार्गको चार लेनमा विस्तार, पोखरा महानगरपालिकामा चक्रपथ र पोखरादेखि त्रिवेणीसम्म द्रुतमार्गको निर्माण जस्ता ठूला आयोजनाहरूलाई गण्डकी प्रदेशले रूपान्तरणकारी आयोजनाहरूका रुपमा लिएको छ । यी आयोजनालेहरूले दिविल ९ मा गर्ने योगदानले विद्यमान यातायात पूर्वाधारलाई सुदृढ बनाउने

र दिविल ७ मा पर्ने गण्डकी औद्योगिक क्षेत्र जस्ता अन्य परियोजनाहरूका परिणामहरूलाई थप बल पुऱ्याउने काम गर्नेछन । पूर्वाधार, कृषि र उद्योगमा रहेका आयोजनाहरूका लागि आवश्यक ऊर्जा र शिक्षा (दिविल ७ र ४) को स्रोत तनहुं जलविद्युत, बुढीगण्डकी जलविद्युत, उत्तरगंगा जलविद्युत, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षालयजस्ता आयोजनाहरूवाट पूर्ति हुनेछन् ।

समग्रमा प्रदेश द्रुत गतिमा शहरीकरणतर्फ अघि बढिरहेको छ; जसमा हालको शहरी जनसङ्ख्या वृद्धि प्रति वर्ष ३.४ प्रतिशत रहेको छ । समृद्धि हासिल गर्न र शहरीकरण प्रक्रियामा गुणस्तर कायम गर्न चुनौतीहरू विद्यमान छन् । साथै, जनसङ्ख्याको ठूलो अंशमा अझैपनि आधुनिक सरसफाई र ढल निकासको व्यवस्था हुनसकेको छैन । उपयुक्त ढलनिकासको व्यवस्थामा पहुँचसहित सबै घरपरिवारहरूमा आधुनिक शौचालय निर्माणकार्यको विस्तार गर्ने चुनौती रहेको छ । शहरी क्षेत्रमा रूपान्तरण हुने स्थानीय समुदायहरूको आकाङ्क्षालाई दृष्टिगत गर्दा आधार भूत पूर्वाधारको सेवालाई सर्वव्यापी वा कम्तीमा पनि दोब्बर बनाउनका लागि ठूलो स्रोतको आवश्यकता पर्छ, र प्रदेशको एकल स्रोतले मात्र त्यो सम्भव छैन । त्यसैकारण, शहरी विकासमा निजी लगानीले प्रमुखता पाउनेछ । साथै, पूर्वाधारको विकास गर्दा अपाङ्गमैत्री बनाउनेतर्फ पनि पर्याप्त ध्यान दिईनेछ । सर्वसुलभ, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कार्यले गरिबी न्यूनीकरण, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, रोजगारी सिर्जना, औद्योगिकीकरण र जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

गण्डकी प्रदेशले ७५९ वडाहरूलाई स्थानीय तहका वृद्धि विन्दुका रूपमा, ८५ पालिका सदरमुकामहरूलाई नगरस्तरीय वृद्धि केन्दका रूपमा र ११ जिल्ला सदरमुकामहरूलाई जिल्लास्तरीय वृद्धि केन्द्रका रूपमा विकसित गर्नेछ र पोखरालाई प्रादेशिक राजधानी र प्रदेशस्तरीय वृद्धि केन्द्रका रूपमा विकास गर्नेछ । यी प्रयासहरूले प्रदेश भित्र सन्तुलित विकासको आधार तयार गरी त्यसलाई निरन्तरता दिन मद्दत गर्नेछ । यो नवीन लक्ष्यलाई हासिल गर्न यस प्रदेशले पूर्व-पश्चिम र उत्तर-दक्षिण यातायात मार्गहरू अनुरूप आठ वटा विकास अक्षरेखाहरूको विकास गर्नेछ । यसका साथै पोखरा महानगरपालिका वरिपरी स्याटेलाईट शहर जस्तैः शुक्लगण्डकी, भिमाद, पुतलीबजार, कुश्मा, मध्य नेपाल विकास गरिनेछ । पूर्वतयारी कार्यसहित विपद् जोखिम न्यूनीकरण क्रियाकलापहरूमा प्रदेशले बढी ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ । जोखिम समीक्षासम्बन्धी स्वतस्फूर्त क्रियाकलापहरू, र त्यसपछि हुने न्यूनीकरण क्रियाकलापहरूलाई उच्च प्राथमिकता प्रदान गरिनेछ । अतिरिक्त वित्तीय तथा मानवस्रोत आवश्यक हुने अनुमान

गर्न नसकिने विपद्‌हरूका लागि प्रदेशले आपतकालीन योजना बनाउनेछ । दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्दा विपद्‌हरूको सम्बोधन गरिनेछ र त्यसले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन विधिलाई अवरोध सिर्जना गर्नेछैन ।

यसैगरी, सहजै प्रभाव देखिने विपद्‌को तत्काल आगमनका अतिरिक्त, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा जलवायु परिवर्तनलाई ध्यान दिनु त्यत्तिकै महत्वपूर्ण हुन्छ। उदाहरणका लागि, जलवायु परिवर्तनका कारण सिर्जित सुख्खाले कृषि, जीविकोपार्जन, खानेपानीमा पहुँच, परिवारहरूको खाद्य सुरक्षा, महिला तथा बालबालिका, विशेषगरी सीमान्तकृत समुदायका र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको पोषणको अवस्थामाथि दीर्घकालीन प्रभाव पार्दछ। त्यसैकारण, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन र बजेट विनियोजन गर्दा जलवायु परिवर्तन र यसका प्रभावहरूबारे पर्याप्त योजना बनाइनेछ। यसका साथै, विपद्‌हरूको लागि आपतकालीन योजना पनि तयार छ र जसका लागि वित्तीय तथा मानव स्रोतहरूको आवश्यकता पनि पहिचान गरि सकिएका छन ।

### ३.३.३ **शान्ति, न्याय र सुशासन** (**दिविल १६**)

शान्ति, समृद्धि र खुशीको पूर्व शर्त हो, जसले समग्रमा मनोवैज्ञानिक र वित्तीय सुखको आधार निर्माण गर्छ। गण्डकी प्रदेशको हकमा शान्ति र मनोवैज्ञानिक सुख घरपरिवारको स्तरबाट सुरु हुनुपर्छ। किनकी अन्य प्रदेशहरूको तुलनामा यो प्रदेशमा लैङ्गिक हिंसा (सार्वजनिक भएको र नभएको) का घटनाहरू कमी छन् । प्रदेशले आफ्नो योजनामा शान्ति र असल शासनको मूल्यलाई गहिरो रूपमा प्रतिबिम्बित गरेको छ । जुन दिगो विकास लक्ष्यहरूका लागि विशेष महत्वको छ किनभने मानवअधिकार, समानता र समता, समावेशीकरण, ऐक्यवद्धता, बहुलता, जनता र आफू बस्ने वातावरणका लागि सम्मानका मूल्यमान्यता बिना असल शासन र शान्ति प्रत्याभूत गर्न सकिँदैन ।

संघीय शासन प्रणालीको स्थापना पश्चात न्यायमा पहुँच सुधार गर्ने ठूलो सम्भावना देखिन्छ किनभने संविधानले स्थानीय स्तरका विभिन्न विवादहरू निरुपण गर्न स्थानीय सरकारलाई अर्धन्यायिक अधिकार प्रदान गरेको छ सो अनुसार स्थानीय तहमा रहने न्यायिक समितिहरूले सीमा विवाद, पानीको वितरण, बाँकी ज्याला, घरभाडा, बालीमा नोक्सान र अन्य धेरै विषयसँग सम्बन्धित मुद्दाहरू हेर्ने, र समाधान गर्ने गर्छन् । पहुँचमा कठिनाई वा जटिल प्रक्रियाका कारण औपचारिक अदालतहरूबाट न्याय पाउन समस्या भएको अवस्थामा स्थानीय सरकारको हातमा रहेको न्यायले महिला, बालबालिका र वृद्धवृद्धा विरुद्ध हुने हिंसालाई कम गर्न सक्छ । स्थानीय

न्यायीक समिति र समुदायको नेतृत्वमा सञ्चालन भइरहेको मेलमिलाप कार्यक्रमबीचको सहकार्यले बृहत शान्ति निर्माणका प्रयासहरूमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

असल शासनले पारदर्शिता, जवाफदेहिता र सक्षमताको माग गर्छ । साथै, आयमा असमानता उच्च रहेको अवस्थामा आर्थिक वृद्धिले गरिबी न्यूनीकरण गर्न पर्याप्त योगदान गर्न सक्दैन । राज्यका नीति तथा कार्यक्रमहरूमाथि टाठाबाठाहरूको ठूलो भूमिका रहेका स्रोत र अवसरका साथै "आवाज"मा पनि गरिबको पहुँच कम हुन्छ र विकास प्रक्रियाबाट बहिष्कृत हुन पुग्दछन । त्यसैकारण दिगो विकास लक्ष्यहरूले न्याय र शान्तिमा पहुँच र असल शासनमा बढी चासो देखाएका छन् । असल शासन र न्याय समुदायहरूको संलग्नता विना प्रदेशले शान्ति, र मानव विकास तथा गरिबी न्यूनीकरणमा दिगो प्रगतिको आशा पनि गर्न सक्दैन । यस सन्दर्भमा गण्डकी प्रदेशले विद्युतीय शासन (e-governance) लाई लागू गरेर शासकिय प्रणालीलाइ सुदृढ गर्ने योजना बनाएको छ ।

### ३.३.४ बहुसरोकार साझेदारी (दिगो विकास लक्ष्य १७)

**संघीय सरकार र प्रदेश सरकार बीच साझेदारीः** प्रादेशिक योजनाको कार्यान्वयनलाई प्रोत्साहन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न सङ्घीय सहायता वृद्धि गर्नु पर्दछ । प्रतिबद्धता, स्रोत उपलब्धता र एजेण्डालाई अगाडि लैजाने तत्परताका बावजुद कार्यान्वयन क्षमताको सीमितताले दिगो विकास लक्ष्यहरूको प्राप्तिमा व्यवधान खडा नभएको सुनिश्चित गर्न संघीय सरकारसँगको सहकार्यलाई थप सुदृढ बनाउनु पर्दछ । तसर्थ, दिगो विकास लक्ष्य तर्जुमा र कार्यान्वयनमा समावेश भएको प्रादेशिक विकास रणनीतिमा सङ्घीय सरकारको सहयोगमा हुने प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम जस्तो क्षमता विकास कार्यक्रम एउटा महत्वपूर्ण अंशको रूपमा रहनु पर्दछ । यस कार्यक्रममार्फत संस्थागत, भौतिक साधन, सूचना प्रविधि र मानव संशाधनसम्बन्धी क्षमताको अभावलाई सम्बोधन गर्नु पर्दछ । विधि र प्रक्रियालाई सङ्घ र प्रदेशबीच सुव्यवस्थित गरिनु पर्दछ । सङ्घ र प्रदेशका प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमहरूले दिगो विकास लक्ष्यहरूलाई साकार पार्न एकअर्कालाई परिपूरण गर्ने काम गर्नु पर्दछ ।

**प्रदेश र स्थानीय सरकारबीच साझेदारीः** संघीय शासकीय स्वरूपअन्तर्गत दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय सरकार र प्रदेश सरकार बीच स्पष्ट सन्तुलन कायम गर्नु ज्यादै महत्वपूर्ण हुनेछ । यसका लागि प्रदेश सरकारले आवश्यक समन्वय र सहकार्य गर्नेछ । स्थानीय सरकारबाट पनि समन्वय र सहकार्यको अपेक्षा गरिन्छ ।

**सार्वजनिक, निजी र जनता (समुदायहरू) बीच साझेदारी:** दिविलहरू हासिल गर्न यस प्रदेशलाई वार्षिक रूपमा रु २०४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ। त्यसैकारण, गण्डकी प्रदेश सरकारले निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ। दिविलहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन गर्ने जिम्मेवारी सार्वजनिक, निजी र जनताबीचको त्रिपक्षीय साझेदारीमाथि रहनेछ। यहाँ विशेषगरी समुदायहरूका लागि साझेदारी भन्नाले स्रोतको साझेदारी मात्र नभई कार्यान्वयनको अनुगमन तथा खवरदारीलाई मानिएको छ। आर्थिक रूपमा सक्षम घरपरिवार हरूले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि प्रत्यक्ष वा परोक्षरुपमा आयआर्जन, स्वरोजगार र सीप विकासका क्षेत्रमा योगदान गर्न सक्दछन।

गैरसरकारी संस्था, सहकारी र सामुदायिक संघ संस्थाहरूले समुदाय स्तरमा स्रोत परिचालन गरी दिगो विकास लक्ष्यहरू कार्यान्वयनमा सहयोग गर्न सक्छन्। उनीहरूले समुदायको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूमा रोजगारी सिर्जना गरेर सहयोग गर्नु पर्दछ। समुदायले स्वामित्व ग्रहण गरेको परियोजनाको कार्यान्वयन पक्ष तुलनात्मक रुपमा सहज हुन्छ। निजी क्षेत्रले स्वदेशी बजारका साथै वैदेशिक लगानीमार्फत आर्थिक क्षेत्रको विकासमा सहयोग गर्न सक्दछन्। साथै, निजी क्षेत्रले व्यवसाय सञ्चालन गरेर दिगो विकास लक्ष्यहरूको प्राप्तिमा योगदान गर्न सक्छन्। निजी क्षेत्रले मूल्य सिर्जना गर्ने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरिबका लागि सहयोगी आर्थिक वृद्धिलाई द्रुतता दिन सक्छ। मूल्य थप हुने (Value addition) क्रियाकलापहरूमा गरिने लगानीले रोजगारी सिर्जना र उद्यम विकासलाई सहयोग पुग्दछ।

निजी क्षेत्रले पर्यटनसँग सम्बन्धित सामग्री र खाद्यजन्य वस्तुहरूको व्यापार व्यवसायमा लगानी गरी रोजगारी र जीविकोपार्जनका क्षेत्रमा योगदान गर्न सक्दछन। साथै, निजी-सार्वजनिक साझेदारीमार्फत पूर्वाधारमा लगानी गरेर सरकारसँग साझेदारी गर्नसक्छ। त्यसका अतिरिक्त उनीहरू प्रत्यक्ष रूपमा लघुवित्तसहितको वित्तीय सेवाहरूमा र बाह्य वित्तीय स्रोतको परिचालनमा संलग्न हुनसक्छन्। त्यसैले एकातर्फ निजी क्षेत्रले रोजगारी, जीविकोपार्जन र आधार भूत सेवासुविधाहरूको पहुँचमार्फत दिगो विकासलाई द्रुत गति प्रदान गर्न सहयोग गर्नसक्छन भने अर्कोतर्फ लगानी सुनिश्चित मार्फत सक्षमता हासिल गरी कार्यान्वयन प्रक्रियाको खर्च कम गर्न सक्दछन्।

### ३.४ गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको गन्तब्य तथा कोशे्ांगा

आधाररेखा तथ्याङ्क उपलब्ध रहेका दिगो विकास लक्ष्यको प्रमुख परिमाणत्मक लक्ष्य, सूचकहरूको राष्ट्रिय तथा गण्डकी प्रदेशको सन् २०२५ र २०30 गन्तब्य तथा कोशेढुंगा र अनुगमन तालिका खाँका सम्वन्धी विस्तृत विवरण तयार गरिएको छ । उक्त खाँका गण्डकी प्रदेशले तयार गरेको दिगो विकास लक्ष्यहरूको आधार तथ्याङ्क प्रतिवेदनमा आधारित भै तयार गरिएको छ । दिगो विकास लक्ष्यको स्थानीयकरण गरी लक्ष्यहरूको परिमाणात्मक सूचकहरूको गन्तब्य/कोशेढुङ्गा तयार गरिएको छ । यसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेश सरकारले तय गरेको दिगो विकास लक्ष्य अनुसारको अवसर र चुनौतीको विवरण अनुसूची ३ र दिगो विकास लक्ष्य अनुसार संभावित कार्यक्रमहरू अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

**दिगो विकास लक्ष्य १ः हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरूको गरिबीको अन्त्य गर्ने (End Poverty in All its forms everywhere)**

नेपालको औषत तथा अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा सबैभन्दा कम गरिबी रहेको छ । यस प्रदेशमा राष्ट्रिय गरिबी रेखाअनुरूपको गरिबीको दर १४.९१ रहेको छ । यस प्रदेशमा झण्डै ३७१,००० व्यक्ति राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन् । गरिबी रेखाको कुल गणना दरलाई कुनै व्यक्तिलाई बाँच्नका लागि आवश्यक न्यूनतम स्रोतको प्रतिनिधित्व गर्ने कुनै मापदण्ड (नेपाल श्रमशक्ति सर्वेक्षण, २०११ अनुसार वार्षिक रु. १९,२६१) भन्दा कम आय वा सम्पत्ति भएको जनसङ्ख्याको प्रतिशत भनेर बुझिन्छ । साथै गरिबीको रेखामुनि रहेका बालबालिकाहरू २८.३ प्रतिशत रहेका छन् । तथापि, प्रतिदिन १.९ अमेरिकी डलरमा मापन गरिएको गरिबीको दर भने ११.०९ प्रतिशत रहेको छ ।

दिगो विकास लक्ष्यहरूले गरिबीलाई सबै रूप र आयाममा पहिचान गरी त्यसलाई अन्त्य गर्ने प्रयास गर्दछन् । त्यसैले राष्ट्रिय मौद्रिक गरिबीलाई राष्ट्रिय बहुआयामिक गरिबी सूचकाङ्कसँग बुझ्न जरुरी छ। बहुआयामिक गरिबी सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति बञ्चितीकरणलाई प्रतिबिम्बित गर्छ। वहुआयामिक गरिबीको सूचकाङ्क ९.६ रहनुको अर्थ गण्डकी प्रदेशमा सबै सूचकहरूमा सबै व्यक्तिहरू बञ्चित हुने हो भने बहुआयामिक गरिबहरूले कुल बञ्चितीकरणको ९.६ प्रतिशतको सामना गर्छन् ।

बहुआयामिक गरिबी सूचकाङ्क प्रतिव्यक्ति दर र वञ्चितीकरणको उपज हो, जहाँ प्रति

व्यक्ति (हेड काउन्ट) सूचकाङ्क ९.६ रहेको छ । साथै, गण्डकी प्रदेश ११.६ प्रतिशत जनसङ्ख्यासहित नेपालको मध्यम आकारको प्रदेश हो ।

गरिबी न्यूनीकरण सामाजिक तथा आर्थिक वातावरणका विभिन्न पक्षहरूबीच हुने अन्तर्क्रियाको परिणाम हो । तसर्थ गरिबीको अन्त्य गर्न एकातर्फ शिक्षा, स्वास्थ्य र सेवा सुविधाहरूमा सबै नागरिकको पहुँच बृद्धि गर्ने र अर्कोतर्फ कृषिक्षेत्रमा रोजगारी बृद्धि गरी उत्पादन र उत्पाकतत्व बृद्धिमा जोड दिन जरुरी छ ।

**दिगो विकास लक्ष्य २: भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)**

गण्डकी प्रदेशमा प्रति व्यक्ति खाद्यान्न उत्पादन २३४ के.जी. रहेको छ भने राष्ट्रिय प्रतिव्यक्ति खाद्यान्न उत्पादन १९७ केजी रहेको छ । यद्यपि, साना किसानको औसत वार्षिक आम्दानी रु. ४४,७०९ को राष्ट्रिय औसत भन्दा बढी छ। करिव ४४.२१ प्रतिशत जनसङ्ख्या आफ्नो दुई तिहाई आम्दानी खाद्यान्नमा खर्च गर्छन् । खाद्यान्नमा कुल खर्चको अंश प्रतिबिम्वित गर्ने सूचकहरूले दिगो विकास र गरिबीबाट जनतालाई बाहिर ल्याउने प्रदेश सरकारको आकाङ्क्षालाई अर्थपूर्ण प्रभाव प्रदान गर्छन् र खाद्य सामग्री बहन गर्ने क्षमता बढाउँछ ।

मानिसहरूको प्रति व्यक्ति आय बढेपछि आयमा खाद्यान्न खर्चको अंश कम हुन जाने "एन्जेल्स ल" ले बताउँछ। सो सूचकले जनतालाई गरिबीबाट माथि उठाउने र खाद्य सामग्रीको बहन क्षमता बढाउने प्रदेश सरकारको आकाङ्क्षाका लागि अर्थपूर्ण पृष्ठपोषण गर्छ। खाद्यान्नको बहन क्षमतालाई खाद्यान्नको उत्पादकत्व र उपलब्धताले सुदृढ बनाउने गर्छ। खाद्यान्नको बहन क्षमता र उपलब्धता दुवै मिलेर जनताको स्वास्थ्य र समृद्धिलाई थप बल पुऱ्याउने काम गर्छ।

**दिगो विकास लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने (Ensure healthy lives and promote well-being for all at all ages)**

स्वास्थ्यमा दिविलहरूको तथ्याङ्कले गण्डकी प्रदेशमा प्रजनन् उमेरका करिव २४.२ प्रतिशत महिला अदृश्य भोकमरी र रक्तअल्पताबाट पीडित रहेको देखाउँछ जसका कारण जन्मिएका वच्चाहरूमा शारिरीक तथा मानसिक विकास कमजोर हुने जोखिम रहन्छ ।

पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर उच्च छ । मानव विकासको लागि चाहिने उमेर अनुसारको उचाइ नपुगेका पाँच वर्ष मुनिका बच्चाहरू २८.९ प्रतिशत, उचाई

अनुसार वजन नपुगेका ३.७ प्रतिशत र उमेर अनुसार वजन नपुगेका १४.९ प्रतिशत रहेका छन् जुन राष्ट्रिय औषतस्तर भन्दा कम हो । प्रजनन् उमेरका २४.२ प्रतिशत महिलाहरूमा रक्तअल्पता रहेको छ । प्रदेशमा महिलाहरूले मापदण्ड अनुसार प्रसवोत्तर सेवा नलिने प्रवृत्तिले कुपोषणको प्रवलतालाई बल पुऱ्याउने काम गरिरहेको देखिन्छ । उच्चस्तरको प्रसवोत्तर सेवा रहेको प्रदेशहरूमा कुपोषणको मात्रा कम रहेको पाइन्छ । गण्डकी प्रदेशमा पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर २८.९ प्रतिशत रहेको छ, जहाँ १४ प्रतिशत महिलाहरू मापदण्ड अनुसारको तीन पटक प्रसवोत्तर स्वास्थ्य सेवा लिने गर्छन् ।

मानव स्वास्थ्य गहिरो रूपमा बहुआयामिक अवधारणा हो । साथै, २०३० एजेण्डामा स्वास्थ्य परिमाणात्मक लक्ष्य र अन्य परिमाणात्मक लक्ष्यहरूबीच विविध अन्तर्क्रिया रहेको कुरामा बलियो वैज्ञानिक सहमति छ । जस्तैः स्वास्थ्यका परिणामहरू पहुँच योग्यता, धान्नसक्ने क्षमता र शिक्षाबाट बलियो रूपमा प्रभावित हुन्छन् । विगतको तुलनामा नेपालका मानिसहरू आज स्वस्थ जीवन बाँचिरहेका छन् । यद्यपि, उनीहरू अनावश्यक रूपमा अझै पनि निवारण गर्न सकिने रोगहरूबाट पीडित भइरहेका छन् र धेरैको अल्पआयुमै मृत्यु भइरहेको छ । दिविलहरूमा परिकल्पना गरिएको जस्तो स्वस्थ जीवनका लागि रोग र खराब स्वास्थ्यबाट टाढा रहन एकिकृत र दिगो प्रयासहरूद्वारा सर्वप्रथम निवारण गर्न सकिने रोगहरूको नियन्त्रण हुनुपर्छ ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणले गण्डकी प्रदेशमा १५ वर्ष माथिका करिव ३२.१ प्रतिशत पुरुष र ३८.१ प्रतिशत महिलाले उच्च रक्तचापको औषधि सेवन गरिरहेको देखाउँछ । उच्च रक्तचाप अस्वस्थकर खाना, विशेषगरी नुनिलो खाना र शारीरिक निष्क्रियतासँग सम्बन्धित छ । यसैगरी गण्डकी प्रदेशमा १५ देखि ४९ वर्ष उमेर समूहका १९.३ महिलाहरूले परिवार नियोजनको साधनको प्रयोग बारे आफै सुसूचित भएर निर्णय लिने गरेका छन् । यौन तथा प्रजनन् अधिकारमा पहुँच र प्रयोगले सरुवा रोगहरू अन्त्य गर्ने कार्यलाई बल पुऱ्याउँछ । झण्डै ५४ प्रतिशत घरपरिवारलाई स्वास्थ्य केन्द्रसम्म पुग्न ३० मिनेट समय लाग्ने गरेको छ, र ८.३५ प्रतिशत जनसङ्ख्याले घरपरिवारको आयको ठूलो हिस्सा स्वास्थ्यमा खर्च गर्ने गरेका छन् ।

यस प्रदेशमा चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच सेवा लिने महिलाहरूको प्रतिशत ५९ रहेको छ, जुन प्रदेशहरू मध्ये तेस्रो उच्च हो । प्रसवपूर्व स्वास्थ्य सेवाको उपयोग र नवजात शिशुको मृत्युदरबीच रहेको अन्तर्निहित सम्बन्ध आउँदो भागमा छलफल गरिएको प्रदेशहरूबीचको तुलनात्मक विश्लेषणवाट स्पष्ट हुन्छ । चार पटकसम्म प्रसवपूर्व स्वास्थ्य सेवाको उपभोग गर्ने महिलाहरूको प्रतिशत न्यून रहेको ठाउँमा नवजात मृत्युदर उच्च रहेको पाइन्छ । गण्डकी

प्रदेशमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुने प्रतिशत पनि सबैभन्दा उच्च (६८ प्रतिशत) रहेको छ । यहाँका ९४.७ प्रतिशत शिशुहरूले डिपीटी, हेपाटाइटीस बी र एचआइभी खोपको तीन मात्रा लिने गर्छन् । नवजात शिशुको मृत्युदर न्यून गर्ने उपायहरू सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छतामा पहुँचसहित आधारभूत स्वास्थ्य सेवा, खाद्यान्न र शिक्षामा पहुँचसँग सम्बन्धित छन् ।

**दिगो विकास लक्ष्य ४: समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all)**

शिक्षाको दिविल अन्य दिविलहरूसँग कुनै न कुनै रुपमा अन्तरसम्बन्धित छ । जस्तै: गरिबी, स्वास्थ्य, लैङ्गिक समानता, आर्थिक वृद्धिमा शिक्षाको प्रत्यक्ष प्रभाव पर्दछ। त्यसैगरी अन्य क्षेत्रमा हुने प्रगतिले शिक्षामाथि धेरै तरिकाले समानान्तर प्रभाव पार्नसक्छ ।

१५ देखि २४ वर्षका पुरुष र महिलाबीचको साक्षरता दर पुरुष र महिलाका लागि क्रमश: ९४.८ र ८६.३५ प्रतिशत रहेको छ । प्रदेशमा ४,६०७ वटा विद्यालयहरू छन् र प्राथमिक विद्यालयमा औसत भर्ना दर ९६.७ प्रतिशत रहेको छ, जसमा लैङ्गिक समानता प्राथमिक विद्यालयमा १.०३ नजिक रहेको छ । उच्चस्तरको औसत भर्ना दरले आधिकारिक विद्यालय जाने उमेरका जनसङ्ख्यालाई समेट्ने कार्य उच्च रहेको देखाउँछ । प्राथमिक तहमा कुल भर्ना दर १३२.१ रहेको छ (कुल भर्ना दरले उमेरका वाबजुद प्राथमिक शिक्षामा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्यालाई प्रतिनिधित्व गर्दछ, जसलाई आधिकारिक प्राथमिक विद्यालय उमेरका विद्यार्थीहरूको सङ्ख्याले भाग गरिन्छ) । प्राथमिक र आधार भूत दुवै तहमा कुल भर्ना दरको विश्लेषणले प्राथमिक तहमा बढी वा कम उमेरका बालबालिका धेरै रहेको देखाउँछ ।

लैङ्गिक समानता सूचकाङ्क प्राथमिक विद्यालय र निम्नमाध्यमिक विद्यालयमा क्रमश: १.०३ र १.०१ रहेको छ । सामाजिक तथा आर्थिक सूचकाङ्कका रूपमा रहेको लैङ्गिक समानता सूचकाङ्कले विकास पुरुष र महिलाहरूको शिक्षामा तुलनात्मक पहुँचलाई मापन गर्दछ । लैङ्गिक समानता सूचक १ बराबर हुनुको अर्थ महिला र पुरुषबीच समानता भएको सङ्केत हो । लैङ्गिक समानता सूचकाङ्क गण्डकी प्रदेशमा निम्न प्राथमिक तहमा १ भन्दा बढी रहेको छ, यसले छात्रको तुलनामा छात्रा पछाडि रहेको दर्शाउँछ ।

**दिगो विकास लक्ष्य ५ः लैंगिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने (Achieve gender equality and empower all women and girls)**

यस प्रदेशमा लैङ्गिक समानताको दृष्टिकोणमा यौन हिंसाको सामना गर्ने १५ देखि ४९ वर्षका महिलाहरूको प्रतिशत ४.९ र शारीरिक तथा यौन हिंसाको सामना गर्ने महिलाहरू प्रतिशत १६.५ रहेको छ। अचल सम्पत्तिमाथिको स्वामित्वले महिलाको सामाजिक तथा आर्थिक हैसियतमाथि ठूलो प्रभाव पार्छ, किनभने त्यसले आर्थिक स्वतन्त्रतालाई प्रभावित गर्नुका साथै मूल्य थप गर्ने र रोजगारी सिर्जना गर्ने क्रियाकलापहरूमा संलग्न हुने माध्यम उपलब्ध गराउँछ। साथै, व्यवसायको थालनी गर्न ऋण र अवसरको उपलब्धताको निर्धारण धेरै हदसम्म अचल सम्पत्तिको स्वामित्वले गर्दछ । गण्डकी प्रदेशमा सक्रिय बचत खाता भएका महिलाहरूको प्रतिशत ३९ रहेको छ र यो सङ्ख्या प्रदेशहरूको बीचमा दोस्रो ठूलो हो ।

महिलाहरूको भूस्वामित्वमा भएको प्रगतिले उनीहरूको आर्थिक क्रियाकलापमा र सशक्तीकरणमा प्रोत्साहित गरेको छ । लगभग २२ प्रतिशत महिलाहरूको जमिनमा स्वामित्व रहेको छ। सम्पत्तिको स्वामित्वका हकमा झण्डै १३ प्रतिशत महिलाहरूले घरपरिवारमा सम्पत्ति (घरजग्गा) माथि स्वामित्व रहेको देखिन्छ। श्रम शक्तिमा महिलाहरूको प्रभावकारी सहभागिताले अर्थतन्त्रमा उत्पादकत्वलाई बल प्रदान गर्दछ र मर्यादित श्रमको सिर्जनाको लक्ष्य ८ का लागि प्रत्यक्ष प्रभाव पार्दछ । साथै सम्पत्तिमाथिको स्वामित्वले सशक्तीकरण र वित्तीय सेवाहरूमा एकीकरणलाई अझ सुदृढ बनाउने काम गर्छ । राजनीतिक सहभागिताको हकमा गण्डकी प्रदेशमा करिव ३३.३३ प्रतिशत प्रदेश सभा सदस्यहरू महिला रहेका छन् भने स्थानीय तहमा ४१ प्रतिशत महिला जनप्रतिनिधिहरू रहेका छन् ।

लैङ्गिक असमानता मानवीय र सामाजिक मुद्दा हो, तथापि यसले विकास र अर्थतन्त्रमा प्रभावहीनता पनि नित्याउँछ। श्रम शक्तिको आपूर्ति देखि सशक्तीकरणसम्म लैङ्गिक समानता उत्पादकत्व बढाउन र आर्थिक वृद्धिलाई विस्तार गर्न अत्यावश्यक छ। अर्थतन्त्रमा महिलाविरुद्ध भेदभावले आर्थिक क्रियाकलाप र मर्यादित श्रमका अवसहरूलाई सङ्कुचित बनाउँछ । श्रम शक्तिमा महिला सहभागिताको अवस्थाले गण्डकी प्रदेशमा श्रमशक्तिमा पुरुषको तुलनामा महिलाको अनुपात ७४ प्रतिशत रहेको छ। जबकी राष्ट्रिय स्तरमा ६५.८ प्रतिशत रहेको छ। महिलाहरूले करिव २४.४८ प्रतिशत समय अवैतनिक घरायसी र हेरचाहजन्य श्रममा व्यतीत गर्छन् ।

**दिगो विकास लक्ष्य ६: सबैको निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने (Ensure availability and sustainable management of water and sanitation for all)**

यस प्रदेशमा करिव ५०.४३ प्रतिशत घरपरिवारको धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच रहेको छ भने ९१.७ प्रतिशत जनसङ्ख्यामा सुरक्षित रूपमा व्यवस्थापन गरिएको आधारभूत खानेपानीको पहुँच रहेको छ । यस प्रदेशमा ७३.७ प्रतिशत घरपरिवारको विकसित सरसफाइका सेवाहरूमा पहुँच छ । यसलाई धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच हुँदा घरपरिवारले एकल रूपमा प्रयोग गर्ने सरसफाइका सुविधाहरू निर्माण गर्न प्रोत्साहित हुन्छन् भन्ने अर्थमा व्याख्या गर्न सकिन्छ । यसले सरसफाइको सुविधामा बढ्दो पहुँच, संस्कार र चेतनाले गण्डकी प्रदेश संघीय खानेपानी तथा सरसफाइ मन्त्रालयको विवरण अनुसार खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको दावीलाई पनि पूर्णत पुष्टि गर्दछ ।

**दिगो विकास लक्ष्य ७: धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिर्श्चित गर्ने (Ensure access to affordable, reliable, sustainable and modern energy for all)**

जनसङ्ख्याको करिव ८२.५ प्रतिशतको कुनै न कुनै प्रकृतिको विद्युतमा पहुँच छ । जलविद्युतको जडित क्षमता यस प्रदेशमा तुलनात्मक रूपमा उच्च छ । नेपालको कुल जडित क्षमता (९०० मेगा वाट) मध्ये गण्डकी प्रदेशको योगदान ४८ प्रतिशत (४४८.५) रहेको छ । जलविद्युतमा योगदान गर्नेमा यो सबैभन्दा माथि रहे तापनि स्वच्छ इन्धन प्रविधिमा प्राथमिक निर्भरता भएको जनसङ्ख्याको अनुपात भने ४० प्रतिशत मात्र छ अर्थात यो प्रदेश देशको दोस्रो स्थानमा रहेको छ । खाना पकाउनका लागि प्राथमिक स्रोतका रूपमा ठोस इन्धनको प्रयोग गर्ने जनसङ्ख्या ६९.३ प्रतिशत रहेको छ । समग्रमा खाना पकाउनका लागि स्वच्छ इन्धन वा ठोस इन्धनको प्रयोग र विद्युतमा पहुँचलाई समान आधार मान्ने हो भने विद्युतमा उच्च पहुँच भएको प्रदेशमा खाना पकाउनका लागि प्राथमिक स्रोत प्रयोग गर्ने घरपरिवारहरू धेरै रहेको देखिन्छ ।

**दिगो विकास लक्ष्य ८: स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने (Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all)**

गण्डकी प्रदेशमा कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा लगभग १८.९ प्रतिशत रहेको छ, जबकी राष्ट्रियस्तरमा तल्लो ४० प्रतिशतको हिस्सा ६.९ प्रतिशत रहेको

छ। जिनी गुणाङ्क (कोफिसियन्ट) असमानताको मापन गर्ने एउटा माध्यम हो। यसलाई ० र १ बीचको मानको अनुपातको रूपमा परिभाषित गरिएको छ। जिनी गुणाङ्क शून्यको अर्थ उत्कृष्ट समानता हो। गण्डकी प्रदेशमा जिनी गुणाङ्कमा मापन गरिएको असमानता ०.३७ छ जुन राष्ट्रिय औसत भन्दा उच्च हो र प्रदेशहरूको तुलनामा यो दोस्रो उच्च हो।

गण्डकी प्रदेशमा उपभोगमा समानता भन्दा आम्दानीमा असमानताको दर बढी छ। पाल्मा सूचकाङ्क (Palma Ratio/Index) ले जनसङ्ख्याको सबैभन्दा धनी १० प्रतिशतको हिस्सा सबैभन्दा गरिब ४० प्रतिशतको हिस्सासँग भन्दा बढी रहेको स्पष्ट गर्छ। पाल्मा सूचकाङ्क १ नजिकै रहेको राम्रो मानिन्छ, जहाँ मध्यमवर्गको हिस्सा समयको अन्तरालसँगै बढ्न गएको बुझिन्छ। गण्डकी प्रदेशको पाल्मा सूचकाङ्क १.४१ छ र यसले आम्दानी र खर्चमा तल्लो र उपल्लो बर्ग बीच ठूलो असमानता रहेको बताउँछ।

गण्डकी प्रदेशमा किशोर (१९ वर्ष मुनिको) जनसङ्ख्याको उल्लेखनीय हिस्सा रहेको छ, जसमा पुरुष भन्दा महिलाहरू बढी रहेका छन्। गण्डकी प्रदेशको कुल जनसङ्ख्यामा १५ देखि २४ वर्षको अंश करिव २० प्रतिशत रहेको छ। रोजगारी र उद्यमशीलतामा युवा स्रोतको परिचालन कमजोर भएको देखिन्छ किनभने युवाहरूको अल्प-वेरोजगारी दर यस प्रदेशमा बढी देखिन्छ। प्रदेशमा नयाँ कामको सृजना कम हुनाले गर्दा युवाहरूको ठूलो हिस्सा विदेशिएको छ। आर्थिक वर्ष २०७३/०७४ मा प्रदेशको करिब १३ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या विदेशिएको अनुमान छ।

**दिगो विकास लक्ष्य ९: उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने (Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation)**

यस प्रदेशमा राष्ट्रिय र स्थानीय सडकहरूसहित सडकहरूको कुल लम्वाई झण्डै १० ९,७० किमी छ, जहाँ रणनीतिक सडक सञ्जालको कुल लम्बाई १,६६६ किमी र सडक घनत्व प्रति १०० वर्ग किलोमिटरमा ४८.३२/ किमी रहेको छ। सबै मौसममा सञ्चालन हुने सडकको २ किमी परिधिमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात ८५ प्रतिशत रहेको छ। लोकमार्ग सडकको सडक घनत्व प्रदेशको दक्षिणी भागमा बढी छ, जहाँ जनसङ्ख्याको वितरण पनि बढी छ।

यस प्रदेशमा खरको छाना भएको घर भएका घरपरिवारको सङ्ख्या १०.७७ प्रतिशत छ भने मोबाइल फोन बोक्ने २० देखि २४ वर्षका महिलाहरूको अनुपात लगभग ८४ प्रतिशत

रहेको छ, जहाँ झण्डै ३८ प्रतिशत महिलाहरू इन्टरनेटको प्रयोग गर्छन् । विप्रेषणले ल्याएको उपभोगको प्रवृत्तिमा परिवर्तनले महिलाहरूको हातमा मोबाइल फोन ल्याइदिएको भए तापनि मोबाइल फोनमा इन्टरनेटको प्रयोग भने न्यून छ । मोबाइल फोनको पहुँच बढ्दै जाँदा यसले मानिसलाई इन्टरटेनमा पहुँच बढाउने अवसरको सिर्जना गरेको छ । यसबाट जीवन सुधार्ने विविध प्रकारका सेवाहरूमा पहुँच पुर्‍याउने ठूलो अवसर प्राप्त भएको छ । साथै, यसबाट आम जनचेतनाका कार्यक्रमहरू प्रभावकारी हुने सम्भावना बढी हुन्छ ।

**दिगो विकास लक्ष्य १०: देशभित्र तथा देशहरूबीचको असमानता हटाउने (Reduce inequality within and among countries)**

बालविवाहको अनुपात दुवै वर्गमा राष्ट्रिय स्तर भन्दा कम रहेको छ, जुन (१८ वर्ष) अघि ३१.७ प्रतिशत र (१५ वर्ष अघि) ७.५ रहेको छ । यहाँ १५ वर्ष पुग्नु अगावै विवाहित वा सम्बन्धमा रहेका २० देखि २४ वर्षका महिलाहरूको अनुपात १८ वर्ष अघि विवाहित हुने महिलाको अनुपात कम छ । १८ वर्षमा बालविवाह गर्ने चलन गण्डकी प्रदेशमा अन्य सबै प्रदेशहरू भन्दा कम छ । यस प्रदेशमा जनसङ्ख्याको तल्लो ४० प्रतिशतको कुल आयमा हिस्सा केवल ७.८ प्रतिशत रहेको छ, र यो क्षेत्रमा केही उल्लेखनीय उपलब्धि हासिल गर्ने हो भने कम्तीमा पनि २२ प्रतिशतले बढाएर कुल आयको ३० प्रतिशतमा ल्याउनुपर्छ । यो कार्यलाइ प्रदेश सरकारले प्राथमिकता दिएर कार्यान्वयन गर्नुपर्नेछ ।

**दिगो विकास लक्ष्य ११: शहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील (Resilient) र दिगो बनाउने (Make cities and human settlements inclusive, safe, resilient and sustainable)**

यो प्रदेश द्रुत गतिमा शहरीकरणतर्फ अघि बढिरहेको छ; जसमा हालको शहरी जनसङ्ख्या वृद्धि प्रति वर्ष ३.४ प्रतिशत रहेको छ । यो वृद्धि राष्ट्रिय जनसङ्ख्या वृद्धिको तुलनामा झण्डै तेब्बर हो । प्रदेशमा १०.७७ प्रतिशत भन्दा बढी घरपरिवारहरू खरले छाएको घरमा बस्छन् भने धारामार्फत आपूर्ति गरिएको खानेपानीमा पहुँच हुनेको सङ्ख्या ३३ प्रतिशत भन्दा तल छ ।

यस प्रदेशले ७५९ वडाहरूलाई स्थानीय तहका वृद्धि विन्दुका रूपमा, ८५ स्थानीय सरकारको सदरमुकामहरूलाई नगरस्तरीय वृद्धि केन्दका रूपमा र ११ जिल्ला सदरमुकामहरूलाई जिल्लास्तरीय वृद्धि केन्द्रका रूपमा विकसित गर्नेछ र पोखरालाई प्रादेशिक राजधानी र प्रदेशस्तरीय वृद्धि केन्द्रका रूपमा विकास गर्नेछ । यी प्रयासहरूले प्रदेश भित्र सन्तुलित विकासको अनुगमन

गरी त्यसलाई निरन्तरता दिन मद्दत गर्नेछ। यो नवीन लक्ष्यलाई हासिल गर्न यसले पूर्व-पश्चिम र उत्तर-दक्षिण यातायात मार्गहरू अनुरूप आठ वटा विकास अक्षरेखाहरूको विकास गर्नेछ।

**दिगो विकास लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने (Ensure sustainable consumption and production patterns)**

श्रमिक वर्गका रूपमा मानिने १५ देखि ५९ उमेरको जनसङ्ख्या करिव ५६.९ प्रतिशत रहेको छ। उनीहरूलाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर प्रदेशले जनसाङ्ख्यिक लाभको फाइदा लिनेछ। प्रदेश सरकारले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता हुनेछ।

**दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने (Take urgent action to combat Climate change and its impacts)**

समग्र नेपालको अधिकतम तापक्रम वार्षिक ०.०५६ डिग्री सेल्सियसले वृद्धि भै रहेको छ र गण्डकी प्रदेशमा पनि सोही दरले वृद्धि भै रहेको छ (DHM, २०१७)। गण्डकी प्रदेशका हिमाली जिल्लाहरूमा तापक्रम वृद्धि अत्यधिक र मध्य पहाडी जिल्लाहरूमा मध्यम र तल्लो तटीय क्षेत्र तथा समथर भू-भागमा रहेका जिल्लाहरूमा केही कम देखिन्छ। जिल्लागत आधारमा अधिकतम औसत तापक्रम मनाङमा ०.१ देखि ०.३ डिग्री सेल्सियसले वृद्धि भइरहेको छ। मनाङ जिल्ला नेपालकै पनि सबैभन्दा बढी तापक्रम वृद्धि भइरहेको जिल्लामा पर्दछ।

जलवायु परिवर्तनको असर सम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७४ का अनुसार ८४.६ प्रतिशत घरपरिवारले वर्षा हुने समय पछाडि धकेलिएको साथै ८६ प्रतिशत घरपरिवारले खडेरी बढिरहेको बताएका छन्। त्यस्तै ७०.३ प्रतिशत घरपरिवारले अन्नबालीमा नयाँ रोग आएको र ८४.५ प्रतिशत घरपरिवारले पानीको मुहान सुक्दै गैरहेको बताएका छन्।

गण्डकी प्रदेशमा पहिरोबाट स्याङ्जामा १, पर्वतमा १, म्याग्दीमा १, नवलपुरमा २ र मुस्ताङमा १ गरी कुल ६ जनाको मृत्यु भएको थियो भने बाढीका कारण नवलपुरमा ८, कास्कीमा २ र लमजुङमा १ गरी कुल ११ जनाको मृत्यु भएको थियो (गृह मन्त्रालय, २०७४)। यस प्रदेशमा विपदका कारण मृत्यु भएका, हराएका तथा घाइते भएको संख्या प्रति एक लाख जनसंख्यामा ०.००१ जना रहेको छ (राष्ट्रिय योजना आयोग, २०७२)।

**दिगो विकास लक्ष्य १५: पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss)**

पदमार्ग, ताल र ठूला हिमालहरू जस्ता प्राकृतिक सौन्दर्य गण्डकी प्रदेशमा पयर्टनका लागि मुख्य आकर्षणका केन्द्र हुन् । यसका अतिरिक्त, गण्डकी प्रदेशको झण्डै ४६ प्रतिशत भूभाग राष्ट्रिय निकुञ्ज, अन्नपुर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन क्षेत्र र ढोरपाटन शिकार आरक्षलगायत संरक्षण क्षेत्रले ओगटेका छन् । प्रदेश सामाजिक विविधताले पनि समृद्ध छ र यहाँको खानाको संस्कृतिलाई अतिरिक्त आर्कषणका रूपमा लिन सकिन्छ ।

यस प्रदेशको कुल क्षेत्रफलको ३४.९ प्रतिशत भू-भाग विभिन्न प्रकारका वन जंगलले ढाकिएको छ, जुन समग्र राष्ट्रको ४०.४ प्रतिशत प्रतिशत भन्दा ५.५ प्रतिशतले कम हो । हिमाली जिल्लाहरूमा प्रतिकुल हावापानी र माटोको कारणले वन जंगलले ढाकेको क्षेत्र अत्यन्त न्यून छ । मनाङको १२ प्रतिशत र मुस्ताङको ८ प्रतिशत भागमा मात्र वन क्षेत्र रहेकोछ । यस प्रदेशका नवलपुर, लमजुङ, तनहुँ, पर्वत र बाग्लुङ जिल्लाहरूको कुल क्षेत्रफलको ५० प्रतिशत भन्दा बढी भाग वन जंगलले ढाकिएको छ । यसैगरी यस प्रदेशका ८५ गाउँपालिका तथा नगरपालिका मध्ये अत्यन्त न्यून भू-भागमा वन जंगल हुनेहरूमा मुस्ताङको ल्होमान्थाङ र बाह्रगाँउले मुक्तिक्षेत्र (३ प्रतिशत) र मनाङको नार्फु (४ प्रतिशत) पर्दछन् भने अत्याधिक क्षेत्रफल वन जंगलले ओगटेका गाउँपालिकाहरूमा बाग्लुङको ताराखोला (७८ प्रतिशत) लमजुङको क्होलासोथर र तनहुँको देवघाट (दुवै ७४ प्रतिशत) छन् ।

**दिगो विकास लक्ष्य १६: दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने (Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)**

शान्ति र मनोवैज्ञानिक सुख गण्डकी प्रदेशमा घरपरिवारको स्तरबाट सुरु हुनुपर्छ किनभने अन्य प्रदेशहरूको तुलनामा यो प्रदेशमा लैङ्गिक हिंसा (सार्वजनिक भएको र नभएको) का

घटनाहरू कमी छन् । यस प्रदेशले आफ्नो योजनामा शान्ति र असल शासनको मूल्यलाई गहिरो रूपमा प्रतिबिम्बित गरेको छ। दिगो विकास लक्ष्यहरूको लागि विशेष महत्वको छ किन भने मानवअधिकार, समानता र समता, समावेशीकरण, ऐक्यवद्धता र बहुलता जनता र आफू बस्ने वातावरणका लागि सम्मानका मूल्यमान्यता बिना असल शासन र शान्ति प्रत्याभूत गर्न सकिदैन ।

**दिगो विकास लक्ष्य १७: दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने (Strengthen the means of implementation and revitalize the Global Partnership for Sustainable Development)**

दिगो विकास लक्ष्यहरू हासिल गर्न यस प्रदेशलाई वार्षिक रूपमा रु. २०४ अर्ब स्रोतको आवश्यक पर्ने अनुमान गरिएको छ। सोको लागि गण्डकी प्रदेश सरकारले निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ। यसको अर्थ दिगो विकास लक्ष्यहरूको कार्यान्वयन र आर्थिक प्रायोजनको जिम्मेवारी सार्वजनिक, निजी र जनताबीचको त्रिपक्षीय साझेदारीमा निर्भर रहनेछ। यसैगरी सबै तहका सरकारहरूले दिगो विकास लक्ष्यलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासको केन्द्रमा राख्न राष्ट्रिय सहमतिका लागि कार्य गर्नुपर्दछ।

# परिच्छेद ४: दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत दिशा

## ४.१ पृष्ठभूमि

अन्तर्राष्ट्रिय विकास एजेण्डाको रुपमा संयुक्त राष्ट्रसंघको महासभाबाट पारित दिगो विकास लक्ष्यलाई संविधान र कानून अनुसार गर्न नेपाल सरकारले पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ । नेपाल सरकारले आवधिक योजना, राष्ट्रिय नीति र वार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकताहरूमा दिगो विकास लक्ष्यहरूलाई प्रतिबिम्बित गरी कार्यान्वयन गर्दै आएको छ ।

दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन नेपाल सरकारको मात्र जिम्मेवारी नभएर सबै पक्षको जिम्मेवारी हो । तसर्थ दिगो विकास लक्ष्य कार्यान्वयन तथा उपलब्धी हासिल गर्न संघ, प्रदेश र स्थानीय तहमा सरकारी, गैर सरकारी, निजी र सामुदायिक क्षेत्रको रणनीतिक साझेदारी आवश्यक हुन्छ । यसलाई मुर्तरुप दिन नेपाल सरकारले दिगो विकास लक्ष्यहरूको वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० तयार गरी कार्यान्वयन गरेको छ । यस मार्गचित्रले नेपालको विकासको स्थितिको विस्तृत जानकारी संग्रह गरेको छ र सन् २०१९ (चौधौ योजनाको अन्तिम वर्ष), सन् २०२२ र सन् २०२५ (तीब्र गतिको विकास गर्नका लागि अनुकुल विन्दु) जस्ता बीचका अवधिहरूका महत्वपूर्ण कोशेढुङ्गा लगायत सन् २०३० सम्मका लागि एउटा मार्गचित्र प्रस्तुत गरेको छ । यसले दिगो विकास लक्ष्य प्राप्त गर्नका निमित्त नेपालले विशेष रुपमा विचार गर्नुपर्ने महत्वपूर्ण सवालहरू र चुनौतीहरू माथि प्रकाश पारेको छ ।

नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार राज्य सञ्चालन, सेवा प्रवाह र विकास कार्यहरू समेत उपराष्ट्रिय तहका इकाईहरूमा हस्तान्तरण भएका छन् । सो अनुसार दिगो विकास लक्ष्यहरूको कार्यान्वयन तथा हासिल गर्ने जिम्मेवारी समेत संघ, प्रदेश र स्थानीय तहमा स्वत हस्तान्तरण भएका छन् । प्रदेश तथा स्थानीय तह नागरिकको नजिकको सरकार भएको हुँदा दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश र स्थानीय तहको जिम्मेवारी बढी हुने गर्दछ । यसका लागि दिगो विकास लक्ष्यको स्थानीयकरण अति महत्वपूर्ण छ ।

दिगो विकास लक्ष्यको स्थानीयकरणको मार्गचित्र भनेको प्रदेश तथा स्थानीय तहमा आन्तरिकीकरण गरी नीति तथा कार्यक्रम तर्जुमा, यसको कार्यान्वयन, अनुगमन र उपलब्धीहरूको आवधिक समीक्षाको खाका हो । साथै दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने योजना, रणनीति तथा कार्यदिशा सहितको अपेक्षित उपलब्धी हासिल गर्ने चरणहरू र कोशेढुङ्गाहरू समावेश भएको रणनैतिक योजना हो । दिगो विकास लक्ष्यहरू प्राप्त गर्न तथा सन् २०३० को एजेण्डा

हासिल गर्नका लागि नै दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु परेको हो । यसले प्रदेश तथा स्थानीय सरकारहरूलाई दिगो विकास लक्ष्यहरूको कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदनमा सहयोग गर्दछ । प्रदेश तथा स्थानीय तहको दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति निर्माण गर्न उपयुक्त वातावरण सिर्जनामा पनि सहयोग पुऱ्याउँदछ । दिगो विकास लक्ष्य मार्गचित्र निर्देशनात्मक भन्दा पनि यो दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने रणनैतिक मार्गचित्र हो ।

दिगो विकासको लक्ष्यको स्थानीयकरण प्रारुप तयार गर्दा निम्नानुसारका चार ओटा स्तम्भलाई सम्बोधन गर्न जरुरी हुन्छ ।

(१) प्राथमिकता पहिचान (Priority Identification)
(२) साधनहरू (Instruments)
(३) लगानी (Investment)
(४) संस्थागत संरचना (Institutions)

उपरोक्त चार स्तम्भहरूले दिगो विकास लक्ष्यको कार्यान्वयन (Implementation) लाई प्रत्यक्ष सहयोग पुऱ्याउँछ । यसका दिगो विकास लक्ष्यको स्थानीयकरणमा थप चार वटा रणनीतिहरू अबलम्बन गर्न पनि जरुरत पर्दछ, जुन देहायअनुसार रहेका छन्:

(१) जागरण अभिबृद्धि गर्ने (Awareness Raising),
(२) वकालत गर्ने (Advocacy),
(३) कार्यान्वयन गर्ने (Implementation),
(४) नतिजा अनुगमन गर्ने (Result Monitoring)

## ४.२ दिगो विकास लक्ष्य कार्यान्वयका चरणहरू

दिगो विकास लक्ष्य प्राप्त गर्न प्रदेश तथा स्थानीय तहहरूले कार्यान्वयनलाई प्राथमिकतामा राख्नु पर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयनका विभिन्न चरणहरू हुन्छन् । ती विभिन्न चरणहरूका बारेमा संक्षिप्त रुपमा तल ब्याख्या गरिएको छ ।

### ४.२.१ प्राथमिकता पहिचान (Priority Identification)

दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्यहरू हासिल गर्न आवश्यक स्रोत साधनहरू सिमित रहेका छन् । सिमित स्रोत साधनको परिचालन गरी दिगो विकास लक्ष्य

हासिल गर्न प्राथमिकताको पहिचान पहिलो चरण हो । यसको प्रस्थान बिन्दु संघ, प्रदेश र स्थानीय तहको आवधिक विकास योजनाहरू हुन् । यसले प्रदेश तथा स्थानीय सरकारहरूलाई प्राथमिकता पहिचान गरी लगानी गर्न मार्गदर्शन गर्दछ । नेपाल सरकारले प्रतिवद्धता जनाएका दिगो विकासका सबै लक्ष्यहरू महत्वपूर्ण, अविभाज्य र साझा भएपनि सोको प्राथमिकतालाई उपराष्ट्रिय तह (प्रदेश र स्थानीय तह) विशेषमा फरक हुन सक्ने भएकोले दिगो विकास लक्ष्यलाई सो अनुसार स्थानीयकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्यहरूलाई नेपालको संविधानले प्रदेशको अधिकार सूचीमा संलग्न गरे बमोजिम विषयगत क्षेत्रगत रुपमा समूहकृत गर्न सकिन्छ । दिगो विकास लक्ष्यभित्र संलग्न भएका परिमाणात्मक लक्ष्यहरू र सूचकहरूलाई संविधानको अधिकार सूची अनुसार प्राथमिकता र श्रेणीक्रम निर्धारण गर्न उपयुक्त देखिन्छ ।

गण्डकी प्रदेशले प्रथम पञ्चवर्षिय योजनामा प्रदेशको समृद्धिको लागि प्राथमिकताको क्षेत्रको रुपमा मुख्य ७ वटा सम्बाहकहरू क्रमशः १) पर्यटन, २) ऊर्जा, ३) कृषि, ४) उद्योग, ५) पूर्वाधार, ६) मानव संशाधन विकास र ७) सुशासन पहिचान गरी सो अनुसारको नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। उत्पादन तथा औद्योगिकीकरण वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, सामाजिक संरक्षण सुदृढ गर्ने र सुशासन प्रवर्द्धन गर्ने, विपद जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता गण्डकी प्रदेशमा उच्च प्राथमिकतामा पर्दछन् । यद्यपि दिगो विकास लक्ष्यहरू एक आपसमा अन्तरसम्बन्धित नभएका आफैमा सिमित लक्ष्यहरू होइनन् र एउटा लक्ष्यको उपलब्धि अर्को लक्ष्यको उपलब्धिमा सहयोग हुन सक्दछन् । उदाहरणको लागि गरिबी निवारण, भोकमरी घटाउने तथा लैंगिक विभेद न्यूनीकरण गर्ने विषयहरू शिक्षा तथा स्वास्थ्यमा हासिल हुने सकारात्मक परिणाम र वातावरणीय दवाव माथि निर्भर गर्दछन् । दिगो विकास लक्ष्यहरूको विषयगत समूहीकरण, प्राथमिकता र श्रेणीक्रम निर्धारण गर्दा दिगो विकासको लक्ष्यको लागि स्रोत परिचालन, समन्वय, साझेदारी, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धमा प्रदेश तथा स्थानीय तहमा सरकार, गैर सरकारी तथा निजी क्षेत्रमा अभिमुखीकरण, छलफल तथा सञ्चार माध्यमबाट सचेतना अभिबृद्धि गर्ने रणनीति अबलम्बन गर्नुपर्दछ ।

प्राथमिकता स्रोतसाधन तथा लगानीको उपलब्धताबाट समेत निर्देशित हुने गर्दछन् । यसको निर्धारण आवश्यकताको मूल्याङ्कन तथा स्रोतको सुनिश्चितता पश्चात गरिन्छ । दिगो विकास लक्ष्यको निम्नानुसार प्राथमिकताको पहिचान गरी लक्ष्यहरूको श्रेणीक्रम निर्धारण आवश्यक पर्दछः

(क) नयाँ कानूनी वा संगठनात्मक व्यवस्था आवश्यक नपर्ने,

(ख) विकास उपलब्धिका रुपमा वढी प्रतिफल प्रदान गर्ने,

(ग) उच्च प्राथमिकता प्राप्त लक्ष्यहरूबाट प्रतिफल प्राप्त गर्न पहिले नै हासिल नभैकन सम्भव नहुने लक्ष्य तथा परिमाणात्मक लक्ष्यको रूपमा क्रम निर्धारण गर्नुपर्दछ ।

दिगो विकासका परिमाणात्मक लक्ष्य, सूचक तथा सहयोगी कार्यक्रमलाई प्रदेश तथा स्थानीय नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम एकीकृत तथा आन्तरिकीकरण गर्नुपर्दछ । नीति, योजना तथा कार्यक्रममा एकीकृत भएपश्चात मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रमका दिगो विकास लक्ष्यहरूको कोडिङ गर्नु पर्दछ । प्रदेश तहमा प्रदेश नीति तथा योजना आयोग र स्थानीय तहमा योजना महाशाखा/शाखाबाट बार्षिक बजेटको दिगो विकास लक्ष्यको दृष्टिकोटबाट परीक्षण गर्ने र आवधिक रूपमा नतिजाको अनुगमन गरी प्राप्त उपलब्धिको समीक्षा गर्नुपर्दछ । स्वार्थ बाझिन नदिन दिगो विकास लक्ष्यको परीक्षण गर्ने कार्य कार्यान्वयन गर्ने निकायबाट गरिनु हुदैन ।

नतिजा (प्रतिफल, असर र प्रभाव) को अनुगमन तथा मापनको लागि नतिजा खाका तयार गर्नुपर्दछ । आवधिक योजना र विषयगत क्षेत्र रणनीतिक योजनाको नतिजा खाका उपलब्ध भएता पनि वार्षिक बजेट तथा कार्यक्रममा नतिजा खाका समावेश हुने गरेको छैन । मध्यमकालीन खर्च संरचनामा समावेश नतिजा खाकालाई यसको लागि प्रयोग गर्न सकिन्छ । दिगो विकास लक्ष्यहरूको प्राथमिकता पहिचान तथा निर्धारण गर्दा वित्तीय पक्षसँगै व्यवस्थापकीय, संस्थागत र यीसँग सम्बन्धित सीप, दक्षता र क्षमता सम्बन्धी सीमाहरूलाई पनि ध्यान दिनुपर्दछ । यसका लागि स्थिति विश्लेषण, लेखाजोखा तथा सूचनाको आधारमा हरेक आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने प्रणालीलाई संस्थागत गर्नुपर्दछ । दिगो विकास लक्ष्यहरूको महत्वकांक्षी कार्यान्वयनको लागि तथ्यमा आधारित नीति निर्माणको संस्कृति बढाउन आवश्यक हुन्छ । दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको अवस्था र हासिल भएका प्रगति सम्बन्धी आवश्यक सूचनाहरू उपलब्ध गराउन दिगो विकास लक्ष्य (SDG) Dashboard वा व्यवस्थापन सूचना प्रणाली (Management Information System) को विकास गर्नुपर्दछ ।

विकासका चुनौतीहरूको प्राथमिकीकरण गर्दा उर्ध्वगामी र महत्वकांक्षी लक्ष्यहरू तथा उच्चतम उपलब्धिहरू हासिल गर्ने अभिलाषा पनि हुन्छ । यसो गर्दा स्थानीयस्तरका जोखिमहरूलाई कम आकलन गर्ने र वास्ता नगर्ने पनि गरिन्छ । गण्डकी प्रदेशमा भूकम्प, बाढी पहिरो, महामारी जस्ता विपद्हरूको जोखिम रहेको छ । २०७२ सालको विनाशकारी भूकम्प र कोभिड १९ जस्तो महामारीले सामाजिक आर्थिक विकासको गतिलाई रोक्नुका साथै विकासका उपलब्धिहरूलाई समेत उल्ट्याउने तथा नोक्सानी गर्ने गर्दछन् । यसर्थ दिगो विकास लक्ष्यहरूको आवश्यकता

मूल्याङ्कन गर्दा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि पर्याप्त आयोजना तथा कार्यक्रमको पहिचान गर्नुपर्दछ । यसैगरी प्राकृतिक स्रोत, कृषि, खाद्य सुरक्षा, जीविकोपार्जन र पूर्वाधार संरचनाको दिगो सञ्चालनमा जलवायु परिवर्तनको प्रत्यक्ष असर देखिएको छ । दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी आवश्यकता पहिचान गर्दा जलवायु परिवर्तन अनुकुलनका कार्यहरूलाई ध्यान दिनुपर्दछ । हुनत दिगो विकासका लक्ष्यहरू आफैमा विपद् जोखिमलाई कम गर्ने तथा जलवायु परिवर्तनसँग अनुकुलन हुने गरी तयार गरिएका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार एकीकृत योजना, चुस्त निर्णय प्रक्रिया र बजेट सुनिश्चितता सहित तयारी अवस्थामा रहनुपर्दछ । नीति, ऐन नियम, योजना तथा बजेटमा हुने पूर्व सहमतिले विपद् जोखिम व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्दछ, अन्यथा विपद्बाट बढी क्षति/नोक्सानी हुन सक्दछ । जोखिमको आकलन, विपद पूर्वतयारी तथा विपद् व्यवस्थापनका लागि प्रकोप तथा जोखिमहरूको बारेमा ज्ञान हुन जरुरी छ । जोखिमहरूको संभावनालाई कम गर्न संरक्षण र संरक्षणले समेत जोखिमहरूको निवारण गर्न सक्दैन भने विमा योजनाको समेत आवश्यकता पर्दछ ।

धेरैजसो विपद्का घटनाहरू पूर्व सूचना विना घट्छन् र तिनीहरूको पूर्वानुमान गर्न पनि कठिन हुन्छ । तर जलवायु परिवर्तन जस्ता विस्तारै बढ्दै जाने र लामो क्षितिज भएका विपद्हरूलाई न्यूनीकरण गर्ने आयोजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरी जलवायुजन्य विपद्हरूको असर कम गर्न सकिन्छ । उदाहरणको लागि जलवायु परिवर्तनका कारण बढ्न सक्ने सुख्खा तथा खडेरीको कृषि, खाद्य सुरक्षा, जनजीविका, पानीको उपलब्धता र महिला तथा बालबालिकाको पोषणको नकारात्मक असर दीर्घकालसम्म रहन सक्दछ । गण्डकी प्रदेशमा भूकम्प, महामारी जस्ता पूर्वानुमान गर्न नसकिने थप आर्थिक स्रोत, भौतिक साधन तथा मानव संशाधनको आवश्यकता पर्ने विपदहरूको जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि सुरक्षित आवास तथा बस्ती विकास लगायतका योजना तथा कार्यक्रम बनाउनु पर्ने देखिन्छ ।

समग्रमा, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा समावेश भएका ७ ओटा प्राथमिकता विषय क्षेत्रहरू जस्तै (१) पर्यटन, (२) ऊर्जा, (३) कृषि, (४) उद्योग, (५) पूर्वाधार, (६) मानव संशाधन विकास, र (७) सुशासनमा नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लगानी बढाउँदै लैजान सके दिगो विकास लक्ष्यहरूको कार्यान्वयन प्रभावकारी हुन सक्दछ ।

### ४.२.२ नीति/कार्यक्रम सम्बन्धी साधनहरू (Instruments)

दिगो विकासका मुख्य लक्ष्य र परिमाणात्मक लक्ष्यहरूको पहिचान र प्राथमिकीकरण पश्चात यसका लागि निर्माण गर्नुपर्ने नीति/रणनीतिहरू, हस्तक्षेपकारी कार्यहरू र नीतिगत औजारहरू (नीति, कानून तथा निर्देशिकाहरू) को स्वरुपहरू निश्चय गर्नुपर्ने हुन्छ । यी साधनहरूमा पूँजीगत लगानी, मानवस्रोत तथा नीतिगत सुधार बीच सहक्रियाहरू र सङगतीहरू समावेश गर्नुपर्दछ। यस कार्यमा प्रदेश सरकार, स्थानीय सरकार, निजी तथा नागरिक समाजको भूमिका स्पष्ट गर्नुपर्दछ। सहयोग र साझेदारीको निमित्त प्रोत्साहनको व्यवस्था गर्नुपर्दछ।

नीतिगत र कार्यगत हस्तक्षेपका प्रकृति र क्षेत्रहरू फरक फरक हुन्छन् । अव गण्डकी प्रदेशमा कोभिड पश्चातको पुर्नउत्थान, पुनर्लाभ, उद्यमशीलता विकास तथा रोजगारीमा प्राथमिकता तथा लगानीमा जोड दिनुपर्ने देखिन्छ । गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको प्रारम्भिक अवधिमा कृषि विकास, सिंचाई, सडक तथा बजारका पूर्वाधार विकासमा ध्यान गएको अपेक्षा गरिएको छ ।

गण्डकी प्रदेशमा हाल आर्थिक रुपले क्रियाशिल जनसंख्याको अनुपात उल्लेख्य रहेको हुँदा यसबाट जनसांख्यिक लाभ लिन सकिने अवस्था रहेको छ । औषत आयुको वृद्धिसँगै आगामी दिनहरूमा पाको उमेरका जनसंख्याको अनुपात बढ्दै जाने र विश्वव्यापी रुपमा स्वास्थ्य विमा योजना लागू हुँदै जाने कारण स्वास्थ्य तथा पोषण जस्ता क्षेत्रमा लगानी बृद्धि हुँदै जानेछ । स्वच्छ ऊर्जाको खपत तथा मागको वृद्धिसँगै विद्युत र ऊर्जा क्षेत्रमा पनि लगानी बृद्धि हुनेछ । दिगो विकास लक्ष्यको पछिल्लो अवधिमा उच्च ड्याम आधारित वहुउद्देश्यीय जलविद्युत तथा जलश्रोत सम्बन्धी आयोजनाहरू सञ्चालन हुनेछन् । पर्यटन, कृषि, वन, उद्योग, यातायात, प्राविधिक शिक्षा, मानव संशाधन, जनस्वास्थ्य, लैंङ्गिक तथा सामाजिक, वातावरण र जलवायु परिवर्तन जस्ता क्षेत्रहरूलाई निरन्तर रुपमा लगानी गर्नुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्यहरू सरकारका मात्र जिम्मेवारीका क्षेत्र होइनन्। यी लक्ष्यहरू देशव्यापी चासोका विषयहरू हुन् । तसर्थ, यसका लागि तीनै तहका सरकारी, गैर सरकारी, निजी र सामुदायिक क्षेत्रहरू बीचको रणनीतिक साझेदारी हुन जरुरी छ । दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि प्रदेश सभा तथा राजनीतिक दलहरूभित्र पनि यससम्बन्धमा छलफल र सहमति हुन जरुरी छ ।

सहस्राब्दी विकास लक्ष्यहरूको अवधिमा भन्दा हालको अवधिमा निजी क्षेत्रको भूमिका उल्लेखनीय रुपमा बढेको छ । निजी क्षेत्रसँग विश्वसनीय साझेदारीका लागि नीति निर्माण, कार्यान्वयन तथा अनुगमनमा सहभागिता हुने संयन्त्रको व्यवस्था गर्नुपर्दछ । दिगो विकास

लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनका लागि नागरिक समाजको अर्थपूर्ण सहभागिता आवश्यक पर्दछ । विगतमा सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्न नागरिक समाजको महत्वपूर्ण सहयोग रहेको थियो र त्यसलाई दिगो विकास लक्ष्यको सन्दर्भमा पनि निरन्तरता दिनु आवश्यक छ । अझ दिगो विकास लक्ष्यलाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गर्न र योजना तथा बजेट तर्जुमामा पृष्ठपोषण प्रदान गर्न नागरिक समाज समेतको वहुसरोकारवाला संरचनाहरूको आवश्कता रहन्छ ।

दिगो विकास लक्ष्यहरूको बारेमा नवीन तरिकाले प्रचारप्रसार गर्न सञ्चार माध्यमहरू सहयात्रीको रुपमा रहनुपर्दछ किनकी उनीहरूमा सामान्य नागरिकको ध्यान आकृष्ट गर्न सक्ने सिर्जनशीलता हुन्छ र जसले दिगो विकास लक्ष्यका लागि लगानी गर्ने राजनीतिक पूँजी निर्माण गर्न धेरै हदसम्म सहयोग गर्दछ । नेपालको संविधानले सहकारी क्षेत्रको भूमिकालाई विशेष महत्व दिएको र सहकारी क्षेत्रले प्रदेश तथा स्थानीय तहमा सरकारी र नीजि क्षेत्रको क्रियाकलापहरूको पुरकको रुपमा काम गर्ने अपेक्षा रहेको छ । ट्रेड युनियन तथा युवा संगठन जस्ता सामाजिक संघ/संस्थाहरूलाई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संलग्न गराउन आवश्यक छ ।

यसलाई मध्यनजर गरी गण्डकी प्रदेशको दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजना कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठन हुने प्रदेशस्तरीय दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समितिमा उद्योग, वाणिज्य तथा चेम्बर अफ कमर्श, सहकारी संघ, गैसस तथा पत्रकार महासंघ, विश्वविद्यालय प्रतिनिधित्वको व्यवस्था गरेको छ ।

नेपालमा कार्यरत १९ ओटा संयुक्त राष्ट्र संघीय निकायहरू मध्ये १३ वटा निकायहरू दिगो विकास लक्ष्यहरूको कार्यान्वयन र अनुगमनमा प्रत्यक्ष रुपमा संलग्न रहेका छन् । यी निकायहरूको भूमिका दिगो विकास लक्ष्यहरूको बारेमा सचेतना जगाउन, प्राविधिक सहायता प्रदान गर्न र सबै तहका सरकारहरूको योजना, बजेट तथा कार्यक्रमका प्रक्रियाहरूमा दिगो विकास लक्ष्यहरूलाई एकीकरण गर्न आवश्यक पर्ने क्षमता विकासका लागि सहयोग गर्न महत्वपूर्ण हुनेछ । दिगो विकास लक्ष्यहरूको अनुगमन तथा मूल्याङ्कनको सुदृढीकरणमा यस्ता निकायहरूको सहकार्यले दिगो विकासका सबालहरूको विश्वसनीयता र अन्तर्राष्ट्रिय स्वीकार्यतालाई बढाउँछ । दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि आवश्यक स्रोत परिचालन तथा कार्यान्वयनमा विकास साझेदारहरूको वहुपक्षीय तथा द्विपक्षीय साझेदारी महत्वपूर्ण हुन्छ । विकास साझेदारहरू बीचको सहायता सम्बन्धमा गरिने समन्वय विकास प्रभावकारिताका निमित्त महत्वपूर्ण हुन्छ ।

दिगो विकास लक्ष्यहरूको अनुगमन तथा मूल्याङ्कन सरकारी, निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूको सामुहिक प्रयासद्धारा गरिनुपर्दछ । प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्यहरू हासिल गर्ने दिशामा सही बाटोमा छन् छैनन भनेर विश्लेषण गर्नका लागि क्षमता अभिवृद्धि सहितको एक बलियो र सशक्त संस्थागत र कार्यगत संयन्त्र आवश्यक छ। दिगो विकास लक्ष्यहरूको नतिजा अनुगमन तथा प्रगति मापनका लागि एक सशक्त सूचना प्रविधिमा आधारित तथ्याङ्क प्रणाली आवश्यक हुन्छ । किनकी दिगो विकास लक्ष्यहरूको आवश्यकता उपलब्धिबीचमा ठूलो खाडल रहेको देखाउँछ । तसर्थ प्रदेश स्तरमा नयाँ सर्भेक्षणहरू गर्न, नवीन प्रविधिहरूबाट नियमित रुपमा तथ्याङ्कीय गणना तथा सर्भेक्षण गर्न प्रदेशस्तरीय तथ्याङ्क व्यवस्थापन सम्बन्धी निकायहरूको क्षमता विकास गर्न जरुरी छ । उपरोक्त पृष्ठभूमिमा दिगो विकासका विभिन्न लक्ष्यहरूका लागि के कस्ता खास नीतिगत औजारहरू आवश्यक हुन्छन् र राष्ट्रिय योजना आयोगबाट दिगो विकास लक्ष्यहरूको आवश्यकता मूल्याङ्कन, लागत अनुमान र वित्तीय व्यवस्थापन (२०१७) बारेमा गरिएको केही दृष्टान्तहरू देहायअनुसार रहेका छन् ।

**गरिबी निवारण** संभवत यो पुस्ताकै सबभन्दा महत्वपूर्ण चुनौतीका रुपमा रहेको छ । यस सम्बन्धमा उपलब्ध दस्तावेज, अध्ययन प्रतिवेदनका आधारमा गरिबी न्यूनीकरणका लागि गर्नुपर्ने नीतिगत हस्तक्षेपहरू (क) लक्षित वर्गको लागि विभिन्न व्यवसाय तथा आयमूलक क्रियाकलापहरू सञ्चालन गर्ने र समेट्न नसकिएका वर्ग तथा क्षेत्रलाई लक्षित गरी सेवा विस्तार गर्ने, (ख) रोजगारी सिर्जना गर्ने लघु, घरेलु, साना तथा मझौला उद्यमहरूका लागि सहुलियतपूर्ण लघु ऋण उपलब्ध गराउने, (ग) स्थान विशेषका पूर्वाधार निर्माण गर्ने, (घ) सामाजिक सुरक्षा कार्यक्रमलाई फराकिलो पार्ने र विस्तार गर्ने, आदि समावेश हुनुपर्दछ ।

**कृषि विकास**को क्षेत्रमा गर्नुपर्ने नीतिगत हस्तक्षेपहरू: (क) पछाडिपरेका वर्ग तथा सुविधाबाट वञ्चित वर्ग तथा समूहरूका लागि खाद्य सुरक्षा तथा पोषणमा सुधार गर्ने, (ख) कृषि प्रसार प्रणालीको विस्तार र सुदृढ गर्ने, (ग) वर्षैभरी उपलब्ध हुने सिंचाई सुविधामा विस्तार गर्ने, (घ) मल, बीउ, कृषि प्रविधि तथा सामग्री सहज रूपमा उपलब्ध गराउने, (ङ) ग्रामीण सडक तथा कृषि पर्यटनको विकास गर्ने, च) कृषिको व्यवसायीकरण तथा विविधिकरण गर्ने आदि रहेका छन् ।

**शिक्षा**मा परिकल्पना गरिएका नीतिगत हस्तक्षेपहरू यस प्रकार छन् : (क) पूर्वप्राथमिक, आधारभूत र माद्यामिक शिक्षाको गुणस्तर र व्यवस्थापकीय सुधार, (ख) साक्षरता र जीवनपर्यन्त सिकाई, (ग) शिक्षकहरूको पेशागत विकास तथा व्यावसायीकरण, घ) विद्यालयको भौतिक विकास र विपद जोखिम न्यूनीकरण, (ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा, (च) उच्च शिक्षा

तथा अनुसन्धान, (छ) दिवा खाना तथा सहुलियत अनुदान लक्षित सुदृढ पोषण कार्यक्रम (ज) खेलकुल प्रवर्द्धन तथा युवा सिर्जनशीलता ।

**पिउनेपानी तथा सरसफाई**मा नीतिगत सुधारका लागि प्रस्तावित कार्यक्रम देहायअनुसार रहेका छन्: क) सुरक्षित तथा सर्वसुलभ खानेपानी समतामूलक पहुँच र सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छता, ख) पानीको गुणस्तर र फोहोरपानी प्रशोधन र पुनःप्रयोग, ग) पानीको मितव्ययी प्रयोग, घ) जलस्रोत व्यवस्थापनमा सुधार र पारिस्थितिकीय प्रणालीको संरक्षण ।

**विद्युत तथा स्वच्छ ऊर्जा** क्षेत्रमा प्रस्तावित नीतिगत हस्तक्षेपहरूमा क) ठूला तथा मझौला जलविद्युत आयोजना तथा लघु जलविद्युत अफग्रिड र ग्रिडमा जोडिएका सौर्यऊर्जा प्रणालीहरू मार्फत ऊर्जा उत्पादन, ख) प्रसारण तथा वितरण प्रणाली, ग) ऊर्जा दक्षतामा सुधार, र घ) ऊर्जाको गुणस्तर र निरन्तरताको लागि संगठन तथा व्यवस्थापन जस्ता कार्यक्रमहरू रहेका छन् ।

**समावेशी वृद्धि र उत्पादनशील रोजगारी**सँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूमा (क) कृषि, पर्यटन, उद्योग र निर्माण जस्ता श्रममूलक क्षेत्रमा रोजगारी सिर्जना, (ख) साना तथा मझौला उद्यमहरूको प्रवर्द्धन र वित्तीय सेवाहरूमा साना व्यवसायीहरूको पहुँच, (ग) सीप विकास तथा प्रविधि हस्तान्तरण, (घ) रोजगारी सूचना प्रणाली, (ङ) बालश्रम उन्मूलन, (च) कार्यस्थलमा हुने चोटपटकबाट सुरक्षा र श्रम कानूनहरू लागू गर्ने आदि प्रमुख रहेका छन् ।

**पर्यटन अन्तर्गत** गरिने नीतिगत हस्तक्षेपहरूमा पर्यटकीय सेवा र सुविधाहरूको विकास र बजारीकरण, होटेल तथा कोठाहरूको निर्माण, पर्यटन प्रवर्द्धन र पर्यटनमा आगमन वृद्धि रहेका छन् । **भौतिक पूर्वाधार** अन्तर्गतका नीतिगत हस्तक्षेपहरूमा नयाँ सडक, पुल, रेलमार्ग, हवाई मार्ग निर्माण र रणनीतिक तथा स्थानीय सडक सञ्जालको मर्मतसंभार तथा स्तरोन्नति र नयाँ निर्माण आदि रहेका छन् । उद्योग क्षेत्रमा गरिने लगानी  प्रादेशिक कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदानलाई बढाउने लक्ष्यको आधारमा हुनुपर्दछ ।

**सहरी विकास तथा आवास** क्षेत्रमा गरिने नीतिगत हस्तक्षेपहरू (क) सुरक्षित, फराकिला तथा सुविधायुक्त सहरी सडकको निर्माण, (ख) पक्की सडक, सडकपेटी, साइकल लेन, कार पार्किङ जस्ता स्थानको निर्माण, (ग) वर्षाको पानी र ढल निकास तथा व्यवस्थापन, (घ) गरीबको लागि घर र गरीबहरू बसोबास गर्ने बस्तीहरूको स्तरोन्नति, (ङ) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पश्चात्को पुनर्निर्माण र पुनर्लाभ, (च) पाइप प्रणालीबाट पिउनेपानीको आपूर्ति र विद्युत जडान जस्ता सहरी सेवा तथा सुविधाहरूको निर्माण र व्यवस्थापन आदि हुन सक्दछन् ।

**जलवायु परिवर्तन**सँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूमा (क) उत्थानशील र अनुकूलन

क्षमता विकास गर्ने, (ख) उत्सर्जन घटाउने, (ग) जलवायु परिवर्तनसँग सम्बन्धित तथ्याङ्क तथा अनुगमन प्रणालीको सुदृढीकरण गर्ने, (घ) पूर्वाधारका लागि जलवायु प्रतिरोधी प्रविधि रहेका छन् । **वन र पारिस्थिकीय प्रणाली** सम्बन्धी नीतिगत हस्तक्षेपहरूमा (क) वन, तालतलैया, सिमसार क्षेत्र, वन्यजन्तु तथा जैविक विविधता र जमिनको संरक्षण, (ख) प्रदेश र स्थानीय नीति, योजना, बजेट र कार्यक्रम तर्जुमा प्रक्रियामा पारिस्थिकीय र जैविक विविधता सम्बन्धी मूल्यमान्यताहरूको एकीकरण र( ग) जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन आदि रहेका छन् ।

**संस्थागत विकास र शासकीय सुधार**का क्षेत्रमा गर्नुपर्ने नीतिगत व्यवस्था र कार्यक्रमहरू (क) न्यायमा पहुँच, (ख) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता र न्यूनीकरण, (ग) सार्वजनिक सेवामा सुधार, (घ) नीति, योजना तथा बजेत तर्जुमा, कार्यान्वयन सम्बन्धमा क्षमता विकास, (ङ) नागरिक तथा मतदाता शिक्षा, (च) दिगो विकास लक्ष्यहरूको अनुगमन तथा मूल्याङ्कन र प्रगति मापन र प्रतिवेदनका लागि तथ्याङ्क प्रणालीको विकास आदि रहेका छन् ।

दिगो विकास धेरै जसो गुणात्मक प्रकृतिको भएकाले यस्ता लक्ष्यहरूको लागि आवश्यक पर्ने लगानीको आकलन गर्न सकिदैन र यसलाई नीति, कानून तथा प्रशासनिक कार्यहरूबाट हासिल गर्नुपर्दछ । त्यसै गरी असमानता, वहिष्करण, अन्याय र असुरक्षा जस्ता सवालहरूलाई निरुपण गर्न निर्देशित नीतिहरू र संस्थाहरू मार्फत सम्बोधन गरिनुपर्दछ ।

### ४.२.३ लगानी (Investment)

नेपाल सरकारले राष्ट्रियस्तरमा सम्पूर्ण दिगो विकास लक्ष्यहरूको अवधि (२०१६-२०३०) मा बर्षेनी कुल गार्हस्थ्य उत्पादनको ४२ प्रतिशत देखि ५४ प्रतिशतसम्म लगानी गर्नु पर्ने अनुमान गरिएको छ। प्रतिवर्ष औसतमा करिब रु. १७ खर्ब ७० अर्ब लगानीको आवश्यकता पर्ने अनुमान गरिएको छ। यसरी दिगो विकासको पुरै अवधिमा कुल गार्हस्थ्य उत्पादनको करिब ४९ प्रतिशत लगानी आवश्यक हुने देखिन्छ। यति ठूलो लगानी सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सरकारी र निजी स्रोतहरूको परिचालन गर्न आवश्यक हुन्छ। निजी क्षेत्रले उद्योग, ऊर्जा, भौतिक पूर्वाधार, आवास तथा बस्ती विकास, सहरी पूर्वाधार र पर्यटन विकासका क्षेत्रमा बढी लगानी गर्ने अपेक्षा सरकारले लिएको छ। यसरी पर्यटन, औद्योगिक तथा यातायात पूर्वाधारमा आवश्यक पर्ने कुल लगानीमा निजी क्षेत्रको योगदान करिब ६० प्रतिशतको हाराहारीमा हुनु पर्ने अनुमान गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक पर्ने कुल लगानीमा सरकारी क्षेत्रको योगदान करिब ५५ प्रतिशतको हुने अनुमान गरिएको छ। सरकारी

निकायहरूको लगानी गरीबी न्यूनीकरण, कृषि, स्वास्थ्य, शिक्षा, लैङ्गिक समावेशीकरण, खानेपानी र सरसफाई, यातायात पूर्वाधार, जलवायु अनुकूलन र शासकीय क्षेत्रमा गर्ने अनुमान गरिएको छ। तरपनि केही रकम पर्यटक विकास, ऊर्जा, उद्योग र सहरी पूर्वाधार (वस्ती विकास) मा हुने अनुमान छ। त्यसैगरी दिगो विकास लक्ष्यका लागि सरकारी क्षेत्रबाट हुने कुल लगानीको ६२ प्रतिशत स्वदेशी वित्तीय स्रोत (राजस्व र आन्तरिक ऋण) बाट ब्यहोरिने, आधिकारिक विकास सहायताबाट २० प्रतिशत र बाँकी १८ प्रतिशत बैदेशिक सहयोगबाट ब्यहोर्ने अनुमान गरिएको छ।

दिगो विकास लक्ष्यहरू अन्तरसम्बन्धित, महत्वकांक्षी र कार्यान्वयनमा सम्झौता गर्न नमिल्ने किसिमका रहेका छन्। प्रदेशस्तरमा यी लक्ष्यहरूको आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न सहयोग गर्नु गण्डकी प्रदेशको प्रमुख दायित्व हो। तथापी प्रदेश सरकार निर्माण भएको करिब ५ वर्षको अवधिसम्ममा पनि प्रदेश सरकारसँग यी लक्ष्यहरू कार्यान्वयन गर्न चाहिने पर्याप्त स्रोत परिचालन गर्न सकेको छैन। दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको लागि आवश्यक सीप, स्रोत तथा साधनको परिचालन नहुँदासम्म यी लक्ष्यहरू हासिल हुन नसक्ने हुँदा यस उन्मुख भएका नीति, योजना र कार्यक्रमको तर्जुमा, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा प्रगतिको लेखाजोखा हुन आवश्यक छ।

गण्डकी प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (आ.व. २०७८/७९ - २०८०/८१) मा कुल १७ वटा दिगो विकास लक्ष्यहरूमध्ये सामुद्रिक स्रोतको उपयोग (लक्ष्य १४) र दिगो विकासका लागि साझेदारी (लक्ष्य १७) का लागि वजेट विनियोजन गरिएको छैन भने बाँकी १५ वटा लक्ष्यहरू प्राप्त गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। कुल विनियोजित बजेट मध्ये सबैभन्दा वढी उद्योग, नवीन खोज र पूर्वाधार (लक्ष्य ९) का लागि ३१.९७ प्रतिशत, शून्य भोकमरी (लक्ष्य २) का लागि १५.७८ प्रतिशत, स्वस्थ जीवन (लक्ष्य ३) का लागि ९.४६ प्रतिशत, दिगो शहर र वस्तीहरू (लक्ष्य ११) का लागि ८.३७ प्रतिशत, गुणस्तरीय र जीवनपर्यन्त शिक्षा (लक्ष्य ४) का लागि ६.११ प्रतिशत र सबैका लागि स्वच्छ पानी र सरसफाई (लक्ष्य ६) का लागि ५.७० प्रतिशत वजेट विनियोजन गरिएको छ। अन्य लक्ष्यहरू प्राप्त गर्नका लागि पनि प्रदेश सरकारले निश्चित प्रतिशत वजेट विनियोजन गरेको छ।

दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यका साथ गण्डकी प्रदेशले कार्यान्वयनमा ल्याएको पञ्चबर्षीय योजनाले कुल रु. १०१२ अर्ब लगानीको आवश्यकता पर्ने अनुमान गरेको छ। पाँच वर्षको अवधिमा विभिन्न क्षेत्रगत लगानीका लागि आवश्यक पर्ने कुल रकममध्ये रु. ३६० अर्ब (३५.६५ प्रतिशत) सार्वजनिक क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ भने रु. ५८८ अर्ब

(५८.७९ प्रतिशत) निजी क्षेत्रबाट रु.४५ अर्ब (४.३६ प्रतिशत) सहकारी क्षेत्रबाट र रु. १९ अर्ब (१.९२ प्रतिशत) सामुदायिक क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ। कुल लगानीमध्ये कृषि क्षेत्रका लागि ८.५४ प्रतिशत, गैर कृषि (उद्योग समेत) क्षेत्रका लागि ४४.२३ प्रतिशत र गैरकृषि (सेवा क्षेत्र) का लागि ४७.२३ प्रतिशत लगानी हुने अनुमान गरिएको छ (तालिका १३)। यस तथ्यबाट के अनुमान गर्न सकिन्छ भने गण्डकी प्रदेशले तय गरेको लक्ष्य प्राप्त गर्नका लागि सार्वजनिक क्षेत्रका अलवा निजी क्षेत्र, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण हुने हुँदा यी क्षेत्रहरूको लगानी सुनिश्चित गर्न प्रदेश सरकारले यसका लागि आवश्यक पर्ने सम्पूर्ण वातावरणहरू सहजरुपमा सिर्जना गर्न अपरिहार्य छ।

**तालिका १३: कुल लगाानीमा विभिन्न क्षेत्रको योगदानको अनुमान (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)**

(रकम रु. दश लाखमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | स्रोत अनुसार लगानी रकम | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा | प्रतिशत |
| १ | कृषि (कृषि तथा वन र मत्स्यपालन) | ३२८१६ | ४०६८३ | ४३३१ | ८६२९ | ८६४५९ | ८.५४ |
| २ | गैरकृषि-उद्योग (खानी तथा भूगर्भ, विद्युत, ग्याँस तथा पानी, निर्माण) | १५२७१२ | २८२४८८ | १२५३४ | ०.०० | ४४७७३४ | ४४.२३ |
| ३ | गैरकृषि-सेवा (शिक्षा, स्वास्थ्य, होटल, रेष्टुरा, थोक तथा खुद्रा व्यापार, सामान्य प्रशासन, रक्षा र अन्य) | १७५३०३ | २६४७४८ | २७२२० | १०७७७ | ४७८०४८ | ४७.२३ |
| | **जम्मा रकम** | ३६०८३१ | ५८७९१९ | ४४०८५ | १९४०६ | १०१२२४१ | १०० |
| | **प्रतिशत** | ३५.६५ | ५८.०८ | ४.३६ | १.९२ | १०० | |

*स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चबर्षिय योजना, तालिका ५*

गण्डकी प्रदेशले दिगो विकास लक्ष्यहरू हासिल गर्न ठूलो धनराशीको लगानी गर्न आवश्यक छ। यो स्तरको लगानीको लागि सार्वजनिक, निजी, गैर सरकारी तथा सामुदायिक क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारबाट लगानी हुने स्रोतहरूको पूर्ण परिचालन आवश्यक हुन्छ। लगानीकर्ता समूहहरू मध्ये घरपरिवारलाई सबैभन्दा कम लगानी गर्न सक्ने समूहको रुपमा गणना गर्ने गरिएको छ। घरपरिवारको सीमान्त उपभोग र खर्च गर्ने प्रवृत्तिलाई फरक

फरक अनुमानको आधारमा लेखाजोखा गर्दा दिगो विकास लक्ष्यहरूको निमित्त आवश्यक कुल लगानी मध्ये ५ प्रतिशत जति मात्र स्रोत लगानी गर्न सक्ने देखिन्छ ।

निजी क्षेत्रले बढी मात्रामा उद्योग, ऊर्जा, आवास, पर्यटन, सहरी पूर्वाधार क्षेत्रमा बढी लगानी गर्ने अनुमान गरिएको छ । निजी क्षेत्रले पर्यटन, औद्योगिक तथा यातायात पूर्वाधार र सुविधामा आवश्यक पर्ने कुल लगानीको ६० प्रतिशत योगदान गर्ने अनुमान छ। सरकारी क्षेत्रले दिगो विकास लक्ष्यहरूका लागि आवश्यक पर्ने कुल लगानी मध्ये ५५ प्रतिशत लगानी वहन गर्ने अनुमान गरिएको छ। सरकारी क्षेत्रको लगानी सबभन्दा पहिले गरिबी निवारण र त्यसपछि कृषि, स्वास्थ्य, शिक्षा, लैंगिक समनता तथा सामाजिक न्याय, यातायात पूर्वाधार र सुशासनका क्षेत्रमा गरिनेछ। सरकारी लगानी सबैभन्दा कम पर्यटन क्षेत्रमा, त्यसपछि ऊर्जा, उद्योग र सहरी पूर्वाधार विशेष गरी आवास तथा बस्ती विकासमा हुने अनुमान गरिएको छ ।

निजी क्षेत्रमा वित्तीय स्रोतको कमी सबैभन्दा बढी यातायात, उद्योग, ऊर्जा र सहरी पूर्वाधार तथा सुविधामा हुने अनुमान छ। निजी क्षेत्रका वित्तीय स्रोतहरूमा स्वदेशी बचत मार्फत सिर्जना गरिएका इक्युटि, प्रत्यक्ष विदेशी लगानीबाट परिचालन गरिएको विदेश इक्युटि, स्वदेशी तथा विदेशी बैंकहरूले प्रदान गर्ने ऋणहरू र सार्वजनिक निजी साझेदारीहरूको माध्यमबाट सरकारी क्षेत्रसँगको साझेदारीमा सिर्जित स्रोतहरू पर्दछन् । विपन्न क्षेत्रमा गरिनुपर्ने पाँच प्रतिशत अनिवार्य लगानी सहित वैंकिङ क्षेत्रको ५० प्रतिशत ऋण दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा प्रवाह हुने अनुमान छ। निजी क्षेत्रको लगानी अन्तरलाई दिगो विकास लक्ष्यहरू भन्दा बाहिर गरिएको लगानीलाई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा लगाएर, ठूलो मात्रामा इक्युटि परिचालन गरेर, वैंकबाट गरिने लगानी र विदेशी प्रत्यक्ष लगानी विशेष गरेर उद्योग तथा भौतिक पूर्वाधारहरूमा लगानी आकर्षिक गरेर पुरा गर्नुपर्दछ। गण्डकी प्रदेशमा सहकारी क्षेत्रबाट दिगो विकास लक्ष्यका निमित्त वर्षेनी करिब रु. ४४ अर्ब लगानी हुने अनुमान गरिएको छ। सामुदायिक संघ संस्था (गैर सरकारी संस्थासमेत) बाट विगतको लगानीको आधारमा वर्षेनी करिब रु. १९ अर्ब लगानी हुने अनुमान गरिएको छ । दिगो विकास लक्ष्यहरू हासिल गर्नको निमित्त राजस्व परिचालन नीतिले देहायबमोजिम २ वटा महत्वपूर्ण उद्देश्यहरूलाई सघाउनु पर्दछ:

(१) करको प्रगतिशील दर तर दक्ष प्रणाली मार्फत बढी राजस्व परिचालन गर्ने

(२) दिगो विकास लक्ष्यहरूमा बढी स्रोत साधन परिचालन गर्न निजी तथा गैर सरकारी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

प्रदेशले दिगो विकास लक्ष्यहरूलाई आवश्यक बजेट व्यवस्था गर्न नयाँ स्रोतहरूको सिर्जना गर्न अग्रसर हुनुपर्दछ । प्रदेश सरकारले प्रगतिशिल करको दर र दक्ष प्रणाली अबलम्बन गरी दायरा बढाएर राजस्व परिचालनमा प्रयास गर्नुपर्दछ। संघीय सरकारबाट हस्तान्तरण हुने रकम प्रदेशको मुख्य वित्तीय स्रोतको रहनेछ । सार्वजनिक निजी साझेदारीलाई एक अवधारणाको रुपमा प्रादेशिक पूर्वाधारमा लगानी गर्न व्यवहारिक रुपमा प्रयास गर्नु आवश्यक छ। सार्वजनिक निजी साझेदारी सम्बन्धी कानूनी व्यवस्थाले स्थानीय तहमा पूर्वाधार निर्माण गर्न वा सामाजिक परियोजनाहरू सञ्चालन गर्न निजी क्षेत्रले बढी सहभागिता जुटाउन सक्दछ। उदाहरणका लागि एकीकृत जग्गा विकास कार्यक्रमले समुदायहरूसँगको साझेदारी गरी पूर्वाधारहरूको प्रवर्द्धन गर्न सक्दछ । यस्तो व्यवस्थाले समुदायका सदस्यको जमीन/सम्पत्तीको मुल्य बढ्ने भएकोले यस्ता कार्यतर्फ उनीहरू उत्प्रेरित हुन सक्दछन् ।

संघीय शासन प्रणाली बमोजिम स्थापना भएका प्रदेश सरकार तथा स्थानीय सरकारहरू विकास कार्यहरूमा तिब्र रुपमा अघि बढ्नुपर्ने देखिन्छ । दिगो विकास लक्ष्यहरू कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय स्तरमा स्रोत साधन बढाउनु पर्दछ । संघीय सरकारबाट हस्तान्तरण हुने रकम नै प्रदेश सरकार र धेरैजसो स्थानीय सरकारको मुख्य स्रोतको रुपमा रही रहनेछ । पूर्वाधार सम्बन्धी दीर्घकालीन आयोजनामा लचकता वृद्धि गर्न आन्तरिक ऋणको आवश्यकता पर्दछ । स्थानीय सरकारले ऋण लिनका लागि २ ओटा बाटाहरू छन्ः (१) नगरपालिकाको लागि नगर विकास कोष, (२) नगरपालिका तथा गाउँपालिकाको लागि बैंक तथा वित्तीय संस्थाहरू । स्थानीय लगानीको आवश्यकता स्थानीय सरकारको आय भन्दा बढी हुने भएकाले ऋण लिनु पर्ने हुन्छ । यसर्थ स्थानीय सरकारहरूलाई आन्तरिक र वाह्य दुबै स्रोतहरूबाट ऋण लिन सक्ने व्यवस्थाका लागि आवश्यक कानूनी प्रवन्धहरू तत्काल मिलाउनु पर्ने देखिन्छ । यसैगरी प्रदेश सरकारलाई विकास आयोजना सञ्चालन गर्न ऋण परिचालन गर्न समेत कानूनी व्यवस्था तत्काल गर्नु आवश्यक छ ।

सरकारले बजेटलाई गरिबमुखी कार्यक्रममा केन्द्रित हुने गरी वित्तीय दायरा बढाउन सक्दछ । यद्यपि स्रोत साधनहरू एक क्षेत्रबाट अर्को क्षेत्रमा लगाउन राजनीतिक इच्छाशक्ति र प्रशासनिक सहयोगको बलियो समिश्रण आवश्यक पर्दछ । दिगो विकास लक्ष्यहरूका लागि आर्थिक क्षेत्रबाट सामाजिक क्षेत्रमा स्रोत लैजान कठिन छ किनभने दिगो विकास लक्ष्यको हकमा दुबै उत्तिकै महत्वपूर्ण छन् । खर्चको दक्षता बढाउने कार्यलाई दिगो विकास लक्ष्यहरूको लागि वित्तीय स्रोत बढाउने मुख्य साधनको रुपमा शिफारिश समेत गरिन्छ ।

आर्थिक स्रोतका अतिरिक्त प्रदेश तहमा अवरोधको रुपमा रहेको अर्को सबाल भनेको

संस्थागत क्षमतामा कमी हो । यसले राजनीतिक इच्छाशक्ति र आर्थिक स्रोतको व्यवस्था हुँदाहुँदै पनि गुणस्तरीय सेवाको प्रवाहलाई कमजोर पारिरहेको हुन्छ । प्रादेशिक नीति, योजना तथा बजेट निर्माण प्रक्रियामा क्षमता विकास कार्यक्रमहरूलाई मूलप्रवाहीकरण नगरी दिगो विकास लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत तथा उचित प्राथमिकता समेत नमिल्न सक्छ । सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनको सन्दर्भमा गरिएको क्षमता मूल्याङ्कन अभ्यासले संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र धेरै विधि/औजारहरू, ज्ञान र अनुभव प्रदान गरेको छ जसलाई दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित क्षमता विकासका लागि प्रयोग गर्न सकिन्छ । संस्थागत विकास र भौतिक क्षमतामा रहेका खाडलहरूलाई पुर्न छिटो प्रतिफल दिने क्षेत्रहरूमा दक्ष तथा योग्य जनशक्ति विकास गरिनु आवश्यक छ ।

### ४.२.४ **संस्थाहरू/निकायहरू (Institutions)**

